

त्रिभुवन विश्वविद्यालय मानविकी तथा समाजशास्त्र संकायअन्तर्गत पत्रकारिता तथा आमसञ्चार विषयमा स्नातकोत्तर तह द्वितीय वर्षको दशौं पत्रको प्रयोजनका निम्ति प्रस्तुत शोधपत्र

# माओवादी द्वन्द्वकालमा समाचार संकलनका चुनौती


शोधकर्ता
कोमलप्रसाद पौडेल



क्रमाङ्क : २८
त्रिवि रजिस्ट्रेसन नं. ३५३५५-९०



त्रिभुवन विश्वविद्यालय
मानविकी तथा समाजशास्त्र संकाय
पत्रकारिता तथा आमसञ्चार केन्द्रीय विभाग
रत्नराज्यलक्ष्मी क्याम्पस
प्रदर्शनीमार्ग, काठमाडौं

त्रिभुवन विश्वविद्यालय मानविकी तथा समाजशास्त्र संकायअन्तर्गत पत्रकारिता तथा आमसञ्चार विषयमा स्नातकोत्तर तह द्वितीय वर्षको दशौं पत्रको प्रयोजनका निम्ति प्रस्तुत शोधपत्र

# माओवादी द्वन्द्वकालमा समाचार संकलनका चुनौती


शोधकर्ता

**कोमलप्रसाद पौडेल**

क्रमाङ्क : २८

त्रिवि रजिस्ट्रेसन नं. ३५३५५-९०

त्रिभुवन विश्वविद्यालय

मानविकी तथा समाजशास्त्र संकाय

पत्रकारिता तथा आमसञ्चार केन्द्रीय विभाग

**रत्नराज्यलक्ष्मी क्याम्पस**

प्रदर्शनीमार्ग, काठमाडौं ।

# मेरो भनाइ

नेपाली पत्रकारिता क्षेत्रले बामे सर्न थालेको एक शताब्दी नाघेको छ । यसबीचमा नेपाली प्रेसले थुप्रै उतारचढावको सामना गर्नुपरेको छ । कहिले एकतन्त्रीय जहानिया राणा शासन त कहिले एकदलीय निर्दलीय शासन अनि त्यसपछिको माओवादी हिंसा यी सबै नेपाली प्रेसका लागि प्रत्युत्पादक भए । सरकारका लागि पहरेदार, समाजका लागि दर्पण अनि जनताका लागि न्यायाधीश हो पत्रकारिता । यसलाई बुद्धिजीवीको पेशा भनेर पनि भनिन्छ । यसकारण पनि यो पेशा समाजप्रति बढी उत्तरदायी हुनु जरुरी छ ।

निश्चय नै राजधानीमा बसेर गरिने पत्रकारिताभन्दा मोफसलमा गरिने पत्रकारिता जटिल र कष्ठप्रद छ। यो क्षेत्रले नेपालमा आन्तरिक युद्धको बेला त झनै द्वन्द्वरत पक्षबाट अनेक खाले समस्या बेहोर्नुपरेको छ। २०५२ फागुन १ गतेबाट माओवादीले शुरु गरेको हिंसात्मक द्वन्द्वकै कारण मानसिक र शारीरिक समस्या मात्र होइन, पेशा नै छाड्नुपर्ने अवस्थासमेत आएको छ। पत्रकारितामा स्नातकोत्तर अध्ययनको क्रममा मैले नेपालको पत्रकारिताको यही समसामयिक पक्षलाई लिएर अध्ययन गर्ने अवसर पाएँ । नेपाली पत्रकारले द्वन्द्वक्षेत्रमा बसेर धेरै कठिनाइका बाबजुद पेशालाई निरन्तरता दिने प्रयास गरिरहेको वर्तमान अवस्थालाई केलाउने जमर्को यो अध्ययनमा गरिएको छ। अध्ययनको क्षेत्र भने राजधानीबाहिरका जिल्ला रहेका छन् ।

अध्ययनलाई निचोडमा पुऱ्याउन त्रिभुवन विश्वविद्यालयको पत्रकारिता तथा आमसञ्चार केन्द्रीय विभागको अहम् भूमिका छ । शोधपत्र निर्देशक प्रबलराज पोखरेलले अत्यन्त व्यस्तताका बाबजुद अध्ययनका क्रममा दिनुभएका अमूल्य सुझाव, सल्लाह र मार्गदर्शनले निर्धारित समयमा सोधकार्य सक्ने बल दिएको छ । यसका लागि उहाँप्रति हार्दिक आभार प्रकट गर्दछु । श्रद्धेय गुरुहरु लालदेउसा राई, बद्री पौडेल, चिरञ्जीवी खनालको उचित मार्गदर्शनले शोधपत्रलाई अझ बलियो बनाउन सहयोग गरेको छ । शोधपत्रको साजसज्जामा सहयोग गर्ने नेपाल समाचारपत्रका सहकर्मी मित्र जयराम सुवेदी र शुद्धाशुद्धि हेरेर लेखनलाई परिमार्जित गरिदिनुहुने मित्र शिवप्रसाद नेपालको सहयोगलाई पनि भुल्न सक्दिनँ । अझ अध्ययन र तथ्याङ्क संकलनका क्रममा सहयोग गर्ने नेपाल समाचारपत्रका जिल्ला संवाददाताहरुको योगदान निकै महत्वपूर्ण छ। यसमा नेपालगञ्जका संवाददाता शंकर खनाल तथा सम थापा, धनकुटाका सिद्धराज राई, पाल्पाका कविराज नेपाल, भैरहवाका कुलमणि ज्ञवाली, कैलाली-टीकापुरका एकीन्द्र तिमिल्सिना, डोटीका विमल विष्ट र ाठमाडौंका ऋषिकेश दाहाल र दिनेश गौतमलाई विशेष धन्यवाद छ । साथै तथ्याङ्क उपलब्ध गराउने सबै संघ/संस्था, पत्रकार मित्र एवम् अन्य महानुभावप्रति पनि आभार व्यक्त गर्दछु ।

**कोमलप्रसाद पौडेल**
स्नातकोत्तर तह दोस्रो वर्ष
**रत्नराज्यलक्ष्मी क्याम्पस**
प्रदर्शनी मार्ग, काठमाडौं ।

अध्याय - एक पृष्ठ

# परिचय


१. अध्ययनको पृष्ठभूमि १

१.१ द्वन्द्वको परिभाषा र व्याख्या ३

१.२ समस्याको पहिचान ५

१.३ अध्ययनको सान्दर्भिकता ८

१.४ परिकल्पना ८

१.५ अध्ययनको सीमा ९

१.अध्ययनको उद्देश्य ९

१.७ शोधपत्रको स्वरूप १०


अध्याय - दुई

# साहित्य समीक्षा

**(Literature Review)**


**२.१ द्वन्द्वको सैद्धान्तिक पक्षको व्याख्या** १३

२.१.१ व्याख्यात्मक अध्ययन (interpretative) विधि १३

२.१.२ भावनात्मक अध्ययन (abstractive) विधि १३

२.१.३ सुझावात्मक अध्ययन (prescriptive) विधि १४

**२.२ द्वन्द्व रूपान्तरण र शान्तिप्रक्रिया** १४

**२.३ द्वन्द्वसम्बन्धी साहित्य चर्चा** १७

**२.४ हिंसात्मक द्वन्द्व र नेपाली पत्रकारिता** १९

२.४.१ ०४८ पछि भएका दमन १९

२.४.२ पत्रकारमाथि दमन तथा हिंसाका शृङ्खला २०

२.४.३ दरबार हत्याकाण्डपछि प्रेसको अवस्था २०

२.४.४ सङ्कटकालपछि चुलिएको सङ्कट २१

२.४.५ नेपाली प्रेसका लागि कालो वर्ष २०५९ २२

२.४.६ सङ्कटको एक वर्ष (२०६१ माघ १९ पछि) २६

२.४.७ माओवादीको भूमिगत पत्रकारिता २८

**२.५ अन्तर्राष्ट्रिय क्षेत्रको अवस्था** २९

**२.६ परिवर्तनमा सञ्चार** ३१

२.६.१ द्वन्द्व व्यवस्थापनका लागि मध्यस्थताको भूमिकामा पत्रकारिता ३१

२.६.२ शान्ति पत्रकारिता ३५

**२.७ द्वन्द्व रिपार्टिङका नियम** ३८

**२.८ सुरक्षित पत्रकारिताका लागि अन्तर्राष्ट्रिय आचारसंहिता** ३९

**२.९ द्वन्द्वक्षेत्रमा समाचार संकलनको वर्तमान अवस्था** ४१

२.९.१ मोफसलमा काम गर्ने परिस्थिति ४१

२.९.२ द्वन्द्वको राजनीति ४२

२.९.३ कमजोर आर्थिक अवस्था ४३

२.९.४ पेशागत असुरक्षा ४४

२.९.५ उपकरण र प्रविधिको अभाव ४६

२.९.६ पेशागत दक्षतामा कमी ४६

**२.१० द्वन्द्वरत पक्ष र पत्रकारबीच असमझदारीका कारण** ४७

**२.११ शान्तिका लागि भएका प्रयास** ४८

अध्याय - तीन

# अनुसन्धान पद्धति

**(Research Methodology)**


**३.१ अध्ययन क्षेत्र** ५४

**३.२ अध्ययन विधि** ५४

३.२.१ प्रश्नावली ५४

३.२.२ घटना अध्ययन ५५

३.२.३ पुस्तकालय विधि ५५

**३.३ तथ्याङ्कको प्रकृति** ५५

**३.४ तथ्याङ्क सङ्कलन** ५६

३.४.१ प्राथमिक स्रोत ५६

३.४.२ द्वितीयक स्रोत ५७

**३.५ तथ्याङ्कको प्रस्तुतीकरण** ५७


अध्याय - चार

# तथ्यांक विश्लेषण

**(Data Analysis)**


४.१ सर्वेक्षणको किसिम ५८

४.२ सहभागीको विवरण ६०

४.३ पत्रकारको आम्दानी ६१

४.४ जीवन बिमा ६२

४.५ माध्यमको उपलब्धता ६३

४.६ समाचार पठाउने माध्यम ६४

४.७ समाचारले पाउने स्थान ६५

४.८ माओवादीप्रतिको सोच ६६

४.९ पीडाका कारक तत्व ६७
४.१० विस्थापित पत्रकार ६८
४.११ महासंघको भूमिका ६९
४.१२ माइन र हातहतियारसम्बन्धी ज्ञान ७०
४.१३ द्वन्द्वरत पक्षबाट धम्की ७१
४.१४ धम्क्याउने प्रक्रिया ७२
४.१५ स्रोत खोल्न दबाब ७३
४.१६ समाचारमा सहयोग ७४
    ४.१६.१ सुरक्षाफौज ७५
    ४.१६.२ विद्रोही ७५
४.१७ पत्रकारलाई दुःख दिने कारण ७६
**घटना अध्ययन - १** ७७
    माओवादीकालमा द्वन्द्वमा दैलेखको पत्रकारिता ७७
**घटना अध्ययन - २** ८१
    अछाम जिल्लाबाट विस्थापित पत्रकारको अवस्था ८१
**अध्ययनको सारांस** ८३
**सुझाव** ८६
**शोधका आगामी क्षेत्र** ८६
**अनुसूचिहरु** ८७

अध्याय - एक

# परिचय

## (Introduction)

### १.१ अध्ययनको पृष्ठभूमि

कुनै पनि समाज रूपान्तरणमा त्यहाँका बुद्धिजीवीवर्गको महत्वपूर्ण योगदान रहेको हुन्छ। पत्रकारिता पनि बुद्धिजीवीहरूकै पेशा मानिने भएकाले पत्रकार जगत्ले पनि सामाजिक रूपान्तरणमा अग्रणी भूमिका खेल्न सक्छ भन्ने कुरा संसारभरि स्वीकार गरिँदै आएको कुरा हो। पत्रकारिता सेवा र जनकल्याणको भावनाले प्रेरित नैतिक व्यवसाय हो। यो समाजमा व्याप्त खराबीविरुद्ध लड्ने तथा न्यायपूर्ण, समतामूलक समाज स्थापना गर्न सघाउने आदर्शमय पेशा हो। पत्रकारिता जगत् आफैंमा निष्पक्ष, स्वतन्त्र र आवाजविहीनहरूको आवाज हो। त्यसैले यो क्षेत्र नैतिकवान्, बढी जिम्मेवार र जवाफदेही हुनुपर्दछ। पत्रकारिता समाचार संकलन र सम्प्रेषण गर्ने माध्यम मात्र नभई सर्वपक्षीय, सत्य-तथ्य एवम् सन्तुलित समाचार प्रवाह गर्ने विश्वासिलो क्षेत्र पनि हो। पत्रकारिता सरकारका लागि पहरेदार, समाजका लागि दर्पण र जनताका लागि न्यायाधीश हो। सरकारका नीति तथा कार्यक्रम र कामको मूल्याङ्कन र अवलोकन गर्ने काम पनि प्रेसकै हो।

सञ्चारमाध्यम विभिन्न खाले विभेदविरुद्ध वकालत गर्नमा निकै प्रभावकारी हुन्छन्। भेनेजुएला र क्यामरुनमा जातीय विभेदविरुद्ध रेडियो 'स्लट' र कार्यक्रमहरू वितरण गरिनु तथा बोलिभियामा राष्ट्रिय सञ्चारमाध्यमहरूको राष्ट्रिय संघसस्थाहरूसँग रणनैतिक सहकार्य हुनु पनि सञ्चारको महत्व र आवश्यकताकै प्रमाण हुन्। युगाण्डामा त त्यहाँको राष्ट्रिय मानवअधिकार आयोगले सञ्चारलाई साझेदारीकै रूपमा सुचीकृत गरेको छ।[१]

---

[१] The Sixth International Conference for National Human Rights Institutions; Copenhegen and Lund; 10-13 April 2002; page 29-30; the Danish Center for Human Rights and the Swedish Ombudsman Against Ethnic Discrimination.

गलत सूचना सम्प्रेषण हुन गएमा त्यसले भयङ्कर दुष्परिणाम ल्याउन पनि सक्छ भन्ने कुरालाई पत्रकारले सोचेर कलम चलाउनुपर्छ। यस हिसाबले पनि पत्रकारहरू संवेदनशील भएर अघि बढ्नु जरुरी हुन्छ। निश्चय नै राजधानीमा बसेर गरिने पत्रकारिताभन्दा मोफसलमा गरिने पत्रकारिता जटिल र कष्टप्रद हुन्छ। यो क्षेत्रले नेपालमा आन्तरिक युद्धको बेला त झनै द्वन्द्वरत पक्षबाट थुप्रै खाले समस्या बेहोर्नुपरेको छ। द्वन्द्वकै कारण मानसिक र शारीरिक समस्या मात्र होइन, पेशा अपनाउनसमेत कठिन हुने अवस्था छ। आन्तरिक द्वन्द्वकै कारण कतिपय जिल्लामा भौतिक संरचना ध्वस्त भएकाले समाचार पठाउने माध्यम गुमेको अवस्था छ। हुलाकको अवस्था सुधिएको छैन भने धेरै स्थानमा दूरसञ्चार सेवा अवरुद्ध छन्। प्रमुख जिल्ला अधिकारीको कोठाबाट फ्याक्स गरेर समाचार पठाउनुपर्ने बाध्यताले पनि समाचार लेखनमा कति बाधा परेको छ, सबैले अनुमान लगाउन सक्ने कुरा हो।[२] कतिपय अवस्थामा सुरक्षा निकायलाई 'रुज्' गराएर मात्र समाचार पठाउनुपर्ने बाध्यता जिल्लाहरूमा छ।

सङ्कटको घडीमा पनि पत्रकारको जनतालाई सुसूचित गराउनुपर्ने दायित्व एकातिर छ भने अर्कोतर्फ द्वन्द्वरत पक्षको आक्रमणको तारो हुनबाट जोगिनु पनि कम चुनौतीपूर्ण छैन। कहिलेकाहीँ सुराकीको आरोपमा पत्रकारको ज्यानै जाने अवस्था पनि आउने गरेको छ। यस सन्दर्भमा नेपाली प्रेस र सशस्त्र द्वन्द्वलाई केलाउँदा दुई पक्षमा ध्यान दिनुपर्ने हुन्छ। पहिलो नेपाली प्रेस र दोस्रो सशस्त्र द्वन्द्व। यी दुईमध्ये पहिलो मुलुकको आवश्यकता हो भने दोस्रो यथार्थ।[३] नेपाली प्रेसले सशस्त्र द्वन्द्वलाई समाचारको महत्वपूर्ण विषय बनाएको छ भने यो द्वन्द्वबाट नेपाली प्रेस नराम्ररी प्रभावित पनि भएको छ। नेपाली प्रेसले सशस्त्र द्वन्द्वलाई विकाउ वस्तुको रूपमा उपयोग गरेको छ भने पत्रकारले द्वन्द्वको शिकार पनि हुनुपरेको छ। यसैगरी कतिपय अवस्थामा द्वन्द्वका पक्षधरहरूले पत्रकारलाई स्वागत, सत्कार र प्रसंसा गरेका छन् भने ती विरुद्ध नेपाली पत्रकारहरूले सञ्चारमाध्यमदेखि सडक संघर्ष चलाएका पनि छन्।

नेपालमा आन्तरिक युद्ध शुरू भएको दश वर्ष नाघ्यो। यसबीच झण्डै दुई दर्जन पत्रकारले युद्धरत पक्षबाट गिरफ्तार वा अपहण भई ज्यान गुमाइसकेका छन् भने धेरैले द्वन्द्वरत पक्षहरूबाट शारीरिक तथा मानसिक यातना पाइसकेका छन्।[४] सङ्कटकालको पहिलो र दोस्रो अवधिमा धेरै पत्रकार सुरक्षा निकायको शंका र यातनाको शिकार हुन पुगे। केहीले विस्थापितको

---

[२] मिडिया सर्भिसेज इन्टरनेसनल (एमएसआई); सशस्त्र द्वन्द्वमा नेपाली पत्रकारहरूको अनुभव; भदौ २०६२

[३] ढुंगेल, विनोद; सशस्त्र द्वन्द्व र नेपाली प्रेस : तीतो यथार्थ र अनिवार्य आवश्यकता, नेपाल पत्रकार महासंघद्वारा कार्यशालमा प्रस्तुत कार्यपत्र।

[४] मानवअधिकार तथा प्रजातान्त्रिक अध्ययन केन्द्र (सेहुर्डेस); प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको स्थिति नेपाल प्रतिवेदन; २००५

पीडासमेत बेहोर्नुपऱ्यो । केहीले बेरोजगारीको मार खप्नुपऱ्यो । यसबीचमा दुई पटक थोपरिएको सङ्कटकालले सर्वसाधारण त मारमा परेनै कलम चलाएर खाने श्रमजीवी पत्रकारले पनि यसअघि कहिल्यै बेहोर्नु नपरेको सङ्कटसँग जुध्नुपऱ्यो । यसबीच नेपाली संचार क्षेत्रलाई संकुचित पार्ने राज्यले भरमग्दुर प्रयत्न गऱ्यो । शाही कदमपछिको नेपाल सबैभन्दा बढी प्रेस स्वतन्त्रता हनन् हुने राष्ट्रहरूको सूचिमा पर्न गयो ।[५]

द्वन्द्वको मैदानमा बन्दुक बोकेका सिपाहीहरूको आँखाले शत्रुलाई खोजिरहेको हुन्छ भने कलम र क्यामरा बोकेका पत्रकारहरूको आँखाले समाचार खोजिरहेको हुन्छ । पहिलोले हरेक अपरिचित व्यक्ति र गतिविधिलाई शंका गर्छ भने दोस्रोले हरेक व्यक्ति र गतिविधिबाट समाचार पाउन खोज्छ । दुवैलाई एक अर्काको उद्देश्य थाहा हुँदैन र चासो पनि नहुन सक्छ । यो कुरा दुवैबाट बुझ्ने कोशिस भएमा कतिपय दुर्घटनाबाट जोगिन सकिन्छ ।

जिल्लामा काम गरिरहेका पत्रकारहरूको बारेमा माओवादी र सुरक्षा निकाय दुवैलाई थाहा हुन्छ । क-कसले कुन मिडियाका लागि समाचार पठाउँछन् त्यो पनि उनीहरूलाई थाहा हुन्छ । दुवै पक्षले पत्रकारलाई उपयोग गरेर विपक्षको योजना र गतिविधि जान्न चाहन्छन् । साथै को पत्रकार कुन पक्षसँग नजिक छ, त्यसको चियोचर्चा गरिरहेका हुन्छन् । द्वन्द्वरतमध्ये कुनै एक पक्षलाई पनि शंका लाग्यो भने पत्रकारमाथि सुराकीको आरोप लाग्न सक्छ । तर पत्रकारले यो आरोपको सफाइ दिने उपयुक्त अवसर पाउँदैन ।[६]

नेपालको सन्दर्भमा राज्य-माओवादी द्वन्द्व सबैभन्दा ठूलो समस्याको रूपमा देखापरेको छ । २०५१ फगुन १ गतेबाट 'जनयुद्ध' प्रारम्भ भएयता झण्डै १५ हजारको ज्यान गुमिसकेको छ । यसरी मर्नेमा सशस्त्र समूहबाहेक सर्वसाधारण, बालबालिका र सञ्चारकर्मी पनि रहेका छन् ।[७] आर्थिक र सामाजिक क्षेत्रमा द्वन्द्वले ठूलो असर पारेको छ । औद्योगिक क्षेत्र धराशयी हुन पुगेको छ भने विकास निर्माण ठप्प प्राय : छन् । यसको प्रत्यक्ष असर सञ्चार जगत्ले भोगिरहेको छ ।

द्वन्द्वलाई मात्र हेर्ने हो भने आर्थिक, राजनीतिक, सामाजिक सबै पक्षसँग जोडेर हेर्न सकिन्छ । विशेषगरी नेपालमा सञ्चालन भइरहेको माओवादी गतिविधि र त्यसले सञ्चारकर्मीमा पारेको प्रभावको विषयमा अध्ययन केन्द्रित गरिएको छ ।

[५] रिपोर्टर्स विद्आउट बोडर्स; वर्ल्डवाइड प्रेस फ्रिडम इन्डेक्स २००५; फ्रान्स; अक्टोवर २००५

[६] विष्ट; हेमबहादुर (सम्पादक); पत्रकारको अधिकार र जिम्मेवारी; हाते किताब पृष्ठ ३९; सञ्चार स्रोत केन्द्र; २००५

[७] इन्सेक; नेपाल मानवअधिकार वर्षपुस्तक २०६२

## १.२ द्वन्द्वको परिभाषा र व्याख्या

द्वन्द्व भन्ने शब्द सुन्ने बित्तिकै हाम्रो मन लडाइँ, झगडा, काटमार र हत्या आतङ्कको चित्रले भरिन्छ। यी कुरा द्वन्द्वका स्वरूप नै हुन । यस्ता शब्दको प्रयोग व्यक्ति, स्थान र परिस्थितिअनुसार भिन्नरूपमा प्रयोग भएको पाइन्छ । द्वन्द्ववेत्ताहरूले द्वन्द्वलाई विभिन्न तरिकाले परिभाषा गरेका छन् । फ्रुज र स्टाफोर्डले 'द्वन्द्व भनेको व्यक्तिहरू वा समूहहरूको बीचमा हुने सांस्कृतिक, सामाजिक, राजनीतिक र आर्थिक स्वार्थ, दृष्टिकोण वा बुझाइमा देखिएको भिन्नताका कारण सिर्जित अवस्था हो' भनेका छन् । कार्ल मार्क्सले द्वन्द्वकै आधारमा वर्ग संघर्षको विश्वव्यापी समाजवादी राजनीतिक सिद्धान्त प्रतिपादनसमेत गरेका थिए । यस सन्दर्भमा उनले भनेका छन्- 'द्वन्द्व भनेको समाजका शक्ति र उत्पादनको स्रोतमाथि नियन्त्रण गरेका सम्पन्न, स्रोत र शक्ति कम भएका विपन्न वर्गबीचको उक्त स्रोत र शक्ति आफ्नो पक्षमा पार्ने मानसिकताबाट सिर्जित अवस्था हो' । यसै अवधारणालाई अझ बढी व्याख्या गर्दै डयान्ड्रफले भनेका छन्- 'द्वन्द्व काल मार्क्सले व्याख्या गरेको जस्तो शक्ति र स्रोत हुने र नहुने वर्गबीचको संघर्षमा मात्र सीमित रहँदैन, अरु विभिन्न सरोकार समूहहरू (interest groups) को शक्ति संघर्षमा समेत पुग्दछन्' । त्यसैगरी म्याक्स ओयवरले आफ्नो सामाजिक कार्य सिद्धान्त (Social Action Theory) मा द्वन्द्व समाजको अपरिहार्य सामाजिक प्रक्रियाको रूपमा रहेको हुन्छ । मनोविज्ञानविद्हरूको विचारमा द्वन्द्व चरम नैराश्यताबाट सिर्जना हुन्छ । राजनीतिशास्त्रमा द्वन्द्वलाई भ्रष्टाचार, नेतृत्वको विफलता, खराब राजनीतिक प्रणाली, अति केन्द्रीकृत शासन प्रणालीको सेरोफेरोमा परिभाषित गरेको पाइन्छ । जब राजनीतिक प्रणालीले समाज परिवर्तनको आवश्यकतालाई सम्बोधन गर्न सक्दैन त्यतिबेला समाजमा द्वन्द्व मुखरित हुने धारणा राजनीतिशास्त्रीहरूको छ । द्वन्द्वको परिणाम सधैं नकारात्मक नै हुन्छ भन्ने होइन । द्वन्द्वले विद्यमान राजनीतिक, सामाजिक, सांस्कृतिक कुरीति, विकृति, विसंगति तथा अव्यवस्थालाई परिवर्तन गरी, न्यायमूलक, समुन्नत सुसंस्कृत समाजको निर्माण गर्न सहायकसमेत हुने भएकोले द्वन्द्वलाई नकारात्मक रूपमा मात्रै लिनु हुँदैन ।[८]

द्वन्द्व धेरै अर्थ दिने शब्द हो, जुन अति नै तरल मानिन्छ। यो शब्द प्रतिस्पर्धासँग पनि मेल खान्छ। असहमतिसँग पनि मेल खान्छ। तर्कबाट पनि द्वन्द्वको अवस्था उत्पन्न हुनसक्छ। द्वन्द्व शब्द स-साना झगडासँग पनि जोडिन्छ। वाद विवादसँग पनि जोडिन्छ। संघर्ष र युद्धको व्याख्या गर्दा पनि यो शब्दको प्रयोग गर्ने हुन्छ। यसलाई विद्रोह, अराजक अवस्था, र आन्दोलनहरूसँग पनि जोडिएको पाइन्छ। नेपाली शब्दकोषहरूमा द्वन्द्वलाई दुई जनाबीचको

---

[८] पोखरेल; प्रवलराज; द्वन्द्वसम्बन्धी सुचनाको महत्व; राजधानी राष्ट्रिय दैनिक

युद्धको रूपमा लिइएको छ। द्वन्द्वलाई हिंसाको पर्यायका रूपमा लिने गरेका छन्। द्वन्द्व स्वयम्मै खराब कुरा होइन तर यसको उचित व्यवस्थापन हुन नसक्दा यसले ल्याउने परिणति खराब हुन सक्छन। द्वन्द्वलाई राम्ररी बुझेर प्रभावकारी तरिकाले समाल्ने प्रयास गरियो भने द्वन्द्व सकारात्मक र सिर्जनशील बन्न सक्छ। यसो भयो भने यो विनाशको विषय नभएर परिवर्तन र उन्नतिको बाटो बन्न सक्छ। आजकल दैनिक प्रयोगमा आउने द्वन्द्व शब्दले हिंसासँग निकट सम्बन्ध राख्छ।[९]

द्वन्द्वको शुरूआत मानव उत्पत्तिदेखि नै भएको पाइन्छ। आफू सबैभन्दा शक्तिशाली वा प्रभावशाली रहने महत्वाकांक्षाले द्वन्द्व उत्पन्न गराइरहेको हुन्छ। केही व्यक्तिको यस्तै महत्वाकांक्षाका कारण धेरैले समस्या झेल्नुपर्ने हुन सक्छ। दुई पक्षबीचको विमतिलाई सकारात्मक रूपमा लैजान सकेमा त्यसले छिट्टै परिवर्तन ल्याउँछ भने नसके हिंसात्मक रूप लिन पुग्छ। द्वन्द्वको अवस्था र त्यससम्बन्धी समाचारहरूको लेखन, सम्प्रेषण र विश्लेषणमा रुचि राख्ने सबैले बुझ्नुपर्ने महत्वपूर्ण कुरा के हो भने द्वन्द्वको अभिव्यक्ति हिंसात्मक रूपमा नै हुन्छ वा हुनुपर्छ भन्ने जरुरी छैन। अहिंसात्मक ढंगले व्यक्त गरिएका असहमतिहरू पनि द्वन्द्वकै परिभाषाभित्र पर्छन्। द्वन्द्व सञ्चार विशेषज्ञ जोहान ग्याल्टुङले द्वन्द्वलाई संरचनात्मक हिंसाको रूपमा व्याख्या गरेका छन्। उनको भनाइमा द्वन्द्व जीवन जगत्को सन्देश हो।

द्वन्द्वलाई धेरै किसिमबाट वर्गीकरण गरिएको पाइन्छ। जस्तो वातावरणीय प्राकृतिक स्रोतसम्बन्धी द्वन्द्व, राजनीतिक द्वन्द्व, आर्थिक-सामाजिक द्वन्द्व, धार्मिक र पृथकतावादी द्वन्द्व, संगठनभित्र देखिने द्वन्द्व, आतङ्कवादसँग सम्बन्धित द्वन्द्व, विकाससँग सम्बन्धित द्वन्द्व आदि।

## १.३. समस्याको पहिचान

२०५२ साल फागुन १ गते माओवादी जनयुद्ध शुरू भएदेखिको पछिल्लो समयमा सञ्चारकर्मीहरू राज्य र माओवादी पक्षबाट बारम्बार पीडित हुँदै आएका छन्। १० वर्षयता १५ हजारजति जीवनको क्षति भइसकेको विभिन्न तथ्याङ्कमा पाइन्छ। त्यसैभित्र परेका छन्- द्वन्द्वको भुमरीमा मारिएका वा हत्या गरिएका पत्रकारहरू पनि। पत्रकार पनि यही माटोका प्राणी भएकाले अरु नागरिकले भोगेका भुक्तमान उनीहरूले पनि खेप्नुलाई स्वभाविक रूपमा लिनुपर्छ भन्ने

[९] Not all conflict is violent . Conflict is normal when there is change . Some people want change, but others disagree . If their disagreement or their conflict is managed peacefully, it can be a positive process . But when conflict is not managed properly, it becomes violent . In violent conflict, people fear for their safety and survival . When we say conflict, we are usually referring to violent conflict . - *Howard; Ross: Conflict Sensitive Journalism- 2003*

भावना पनि यदाकदा व्यक्त भएको पाइन्छ । तर समाजको ऐना, नागरिक समाजको प्रवक्ता राज्यको चौथो अङ्ग, जनताको संसद्को संज्ञाले समेत विभूषित गरेको सन्दर्भमा पत्रकारिताप्रति बढी अपेक्षा राखेको पाइन्छ ।

खासगरी २०५८ साल मंसिर ११ गते र २०६२ माघ १९ गते सङ्कटकाल लागू भएपछि धेरै पत्रकार द्वन्द्वको शिकार हुन पुगे । यो अवधिमा संविधानले दिएको अधिकारमाथि अवरोध मात्र भएन, पत्रकारको हत्या, गिरफ्तारी र दमनलगायतका कार्य भए । यो बेला नेपाली प्रेसले सूचना सम्प्रेषणका लागि ठूलो संघर्ष गर्नुपऱ्यो । सङ्कटकालको कठिन परिधिभित्र बसेर पनि पाठकहरूलाई सूचना, जानकारी, शिक्षा दिने समाचार तथा लेखहरू लेख्ने आँट पत्रकारहरूले गरिरहेको देखियो । यही कारणले ६ जना सञ्चारकर्मीले राज्यको हातबाट मारिनुपऱ्यो । २ जनालाई विद्रोही माओवादीका कार्यकर्ताले हत्या गरे ।[१०] सङ्कटकालको अवधिमा नेपाली पत्रकारहरूले भोग्नुपरेको गिरफ्तारी, बेपत्ता पारिएको अवस्था, कुटपिट, समाचारको स्रोतसम्म पुग्न थुनछेक, धम्की अपहरणलगायतको वर्णन निकै कहाली लाग्दो छ । २०६१ माघ १९ को शाही कदमलगत्तै टेलिफोन इन्टरनेट, रेडियो, टेलिभिजन, पत्रपत्रिका बन्द गरी देशलाई सूचना सञ्चार प्रसारणबाट टाढा राखियो । यसबीच करिब ४७ बटा एफएम रेडियोहरूको प्रसारण विथोलिन पुग्यो भने करिब १ हजार पत्रकारले रोजगारी गुमाउनुपर्ने अवस्था सृजना भयो ।[११] सङ्कटकालका निहुँमा नागरिक हक-अधिकार सरकारले निलम्बन गर्दा मिडियाका मालिकहरूको समूहले त्यसको विरोधमा आफूलाई उभ्याएनन्, बरु समर्थन गर्ने निर्णय गरे । यसले मूलधारे वा निजी स्वामित्वका मिडिया प्रजातन्त्रको पहरेदार बन्छन् भन्ने तर्कलाई पुष्टि गर्दैन ।[१२] सञ्चार क्रान्तिको प्रमुख थलो राजधानी भएपनि देशको कुनाकाप्चामा समाचार संकलन गर्न संवाददाताहरूले ठूलै जोखिम मोलेर पनि आफ्नो पेशालाई कायम राखे ।

माओवादीले सशस्त्र जनयुद्ध शुरु गरेपछि नेपालको राजनीतिक धरातलमा पटक-पटक अस्थिरताको वातावरण पैदा हुने क्रम बढेर गयो । २०५२ सालबाट बढ्दै गएको यो अस्थिरताको पटाक्षेप माओवादीले विभिन्न ठाउँका सैन्य आधार इलाका (पहिलोपटक स्याङ्जा र दाङमा सेनाको ब्यारेकमाथि आक्रमण २०५८, मंसिर ८ गते), प्रहरीचौकीहरू, प्रशासनिक कार्यालयहरूमा आक्रमण गरेपछि भएको हो ।[१३]

---

[१०] Federation of Nepalese Journalist; Nepali Press During State of Emergency, April 2003.

[११] इन्सेक; नेपाल मानवअधिकार वर्षपुस्तक, पृष्ठ ४२, २०६३ ।

[१२] मार्टिन चौतारी र सामाजिक विकास तथा अनुसन्धान केन्द; मिडिया उत्पादन र अन्तरवस्तु, पृष्ठ ११; २०६० ।

[१३] रेग्मी, निमेष; छापामा सेन्सरसीप र असर; शोधपत्र, २०६२ ।

पत्रकारिता क्षेत्रलाई राज्य र विद्रोही दुवै पक्षले शाब्दिक सम्मान गरेका र यसप्रति सरोकार राखेको पाइन्छ । नेकपा (माओवादी)का नामबाट सशस्त्र संघर्षको औपचारिक घोषणा गर्नुभन्दा १० दिनअघि तत्कालीन जनमोर्चा नेपालका अध्यक्ष डा. बाबुराम भट्टराईले प्रधानमन्त्री शेरबहादुर देउवालाई दिनुभएको ४० सूत्रीय ज्ञापनपत्रमा पनि वाक् तथा प्रकाशन स्वतन्त्रताको पूर्ण ग्यारेन्टी हुनुपर्ने, सरकारी सञ्चारमाध्यम पूर्णरूपले स्वायत्त हुनुपर्ने माग गरिएको थियो ।[१४] तत्कालीन माओवादी समस्या समाधान उच्चस्तरीय सुझाव समितिको प्रतिवेदन (देउवा प्रतिवेदन, २०५७) को निष्कर्षमा माओवादीको प्रभाव भएको ठाउँमा फरक विचार राख्नेलाई कुनै स्थान नभएको उल्लेख गरियो । यद्यपि राज्यले के गर्नुपर्ने हो उल्लेख गरिएन । सरकार-माओवादी वार्ता शुरू भएपछि २०५८ साल भदौ २८ गते माओवादीका वार्ता टोली संयोजक कृष्णबहादुर महराले पार्टीका तर्फबाट २३ सूत्रीय विषयवस्तु सार्वजनिक गर्दै सञ्चारप्रति विशेष चासो प्रकट गर्नुभयो । 'जनसरोकारका तत्कालीन विषयवस्तुहरू' भित्र १६ नं.बुँदामा भनियो- 'जनताको अभिव्यक्ति स्वतन्त्रलाई सुनिश्चित गरिनुपर्छ तथ्यपूर्ण समाचार सम्प्रेषण गर्ने पत्रपत्रिकाको प्रयत्नलाई अभिप्रेरित गरिनुपर्छ ।' तर व्यवहार त्यो अनुकूल हुन सकेन । पत्रकारलाई अनावश्यक दुःख दिने काम माओवादीबाट जारी रह्यो । सिन्धुपाल्चोकका पत्रकार ज्ञानेन्द्र खड्का र दैलेखका पत्रकार डेकेन्द्र थापाको हत्या गर्न पनि उनीहरू पछि परेनन् ।

माओवादी जनयुद्ध जसरी फैलँदै गयो, मोफसलको पत्रकारिता त्यसरी नै प्रभावित हुने क्रम बढ्यो । पत्रकारहरू हिंसाको दोहोरो मारमा पर्नथाले । त्यसको प्रभाव सम्पादकीयमा पर्न थाल्यो । सही सूचना दिन कठिन भयो । संस्थागत रूपमा पनि पत्रकार सुरक्षित छैनन् । युद्धस्थलमा समाचार संकलन गर्दा नत उनीहरूको जीवन, दुर्घटना र स्वास्थ्यको बिमाको व्यवस्था छ न स्थायी जागिर हुन्छ । यद्यपि पत्रकारले दुःख झेल्दै समाचार संकलन जारी राखेका छन् । यसप्रकारको अभ्यास नेपालमा यसअघि कहिल्यै भएको थिएन । यो अध्ययनले नेपाली पत्रकारिताका अनुत्तरित निम्नानुसारका प्रश्नहरूको उत्तर खोज्नेछ-

१. द्वन्द्वका कारण पत्रकारिता क्षेत्रमा परेको प्रभाव खोज्ने ।
२. उनीहरूले भोगिरहेका समग्र समस्याको पहिचान गर्ने ।

[१४] इन्सेक; नेपाल मानवअधिकार वर्षपुस्तक, २००६ ।

## १.४.अध्ययनको सान्दर्भिकता

प्रेसले आगामी दिनमा पनि माथि उल्लिखित समस्याहरू भोग्न नपर्ला भन्न सकिन्न। प्रेस स्वतन्त्रताको रक्षाका लागि पनि यस्ता समस्याको सम्बोधन हुन आवश्यक देखिन्छ। त्यस आधारमा पनि यो अध्ययन महत्वपूर्ण रहेको छ। देश हाल युद्धविरामको अवस्थामा छ। द्वन्द्वरत पक्षलाई सञ्चार क्षेत्रका समस्या बुझाउने यो अवसर पनि हो। यो अध्ययनले त्यतातिर पनि एउटा मार्गचित्र प्रस्तुत गर्ने भएकाले अध्ययन सान्दर्भिक हुनेछ। श्रमजीवि पत्रकार ऐन र पत्रकारका अधिकारबारे अझै पनि स्पष्टता छैन। त्यसको असर सम्पादकीयमा प्रत्यक्ष वा परोक्ष रूपमा परिरहेको हुन्छ। अझ द्वन्द्वग्रस्त क्षेत्रमा काम गर्ने पत्रकारसमक्ष त्यसको प्रभाव अधिक हुनेगर्छ। आर्थिक रूपमा कमजोर रहनु, पेशागत सुरक्षाको अभाव रहनु र संस्थागत सुरक्षा नरहनुजस्ता समस्या सम्पादकीय विभागबाट टाढा रहने विषय देखिए पनि तीनको प्रभाव सोझै सम्पादकीय शाखासम्म परेको हुन्छ। सम्पादकीय शाखा कमजोर हुनासाथ त्यसको अन्तरसम्बन्धले पत्रिकाका अन्य पक्षमा नकारात्मक प्रभाव पारेको हुन्छ। यस आधारमा पनि सम्पादकीय पक्ष सबल बनाउन आवश्यक छ। त्यसका लागि यो अध्ययनले केही मार्गदर्शन गर्ने विश्वास छ। नेपालको आन्तरिक द्वन्द्व राजनीतिक रूपान्तरणको मोडमा हुनु र मुलुकमा आमूल परिवर्तनका सम्भावना कोरिएको अवस्थामा भएको यो अध्ययन स्वाभाविक रूपमा सान्दर्भिक हुन सक्ने देखिन्छ।

## १.५ परिकल्पना

अर्काको समाचार लेख्दै हिँड्नेहरू समाचारका पात्र बनिरहँदा पनि राज्यबाट कुनै सुनुवाइ भएन। पत्रकार विस्थापित भएका घटनाले अखवारका पाना भरिइरहे। उनीहरूले द्वन्द्वरत पक्षबाट विभिन्न खाले धम्कीको सामना गरिरहनुपरेको छ। जेल नेल भोग्नुपरेको छ। साथै उनीहरूले चर्को आर्थिक मारसमेत खेप्नुपरेको छ। त्यस आधारमा केही परिकल्पना गरिएको थियो-

- द्वन्द्वग्रस्त क्षेत्रका पत्रकार द्वन्द्वरत पक्षको दोहोरो मारमा परेका छन्।
- उनीहरूको आर्थिक अवस्था राम्रो छैन।
- सञ्चार गृहहरूबाट उनीहरूप्रति गर्नुपर्ने सकारात्मक व्यवहार हुन सकेको छैन।
- पत्रकार द्वन्द्वरत पक्षबाट हुने शारीरिक तथा मानसिक यातनाबाट पीडित छन्।

## १.६ अध्ययनको दायरा र सीमाहरू

यो अध्ययन त्रिविवि पत्रकारिता विभागको स्नातकोत्तर तह अन्तर्गत हुन लागेका हो। नेपालका द्वन्द्वगस्त्र क्षेत्रमा गरिने पत्रकारिताको अवस्थालाई केलाउनु यसको प्रमुख उद्देश्य हो। त्यसै कारण पनि पत्रकारिताबाहेक द्वन्द्वका अन्य सकारात्मक वा नकारात्मक पक्षमा अध्ययन हुने छैन। यस अध्ययनबाट त्रासमा बसेका अन्य क्षेत्रका मानिसको कुरा नआउन पनि सक्छ। यसले द्वन्द्वग्रस्त्र क्षेत्रको समग्र अवस्थाबारे राम्रो निष्कर्ष नदिन पनि सक्छ। तर बिहानले दिनको संकेत गरेजस्तै पाँचै विकास क्षेत्रको अध्ययनको आधारमा देशको समग्र अवस्थाबारे केही निष्कर्ष निकाल्नु नाजायज हुने छैन। यस अध्ययनमा पाँचवटै विकासक्षेत्रलाई समेट्दै ४५ जिल्लाको पत्रकारिताको अवस्था केलाउने प्रयास गरेको छ। अध्ययनले ७५ वटै जिल्लालाई समेट्न नसके पनि त्यसको मनग्गे प्रतिनिधित्व भएको अध्येताको विश्वास छ।

यस अध्ययनको प्राथमिक स्रोतव्यक्तिका रूपमा विभिन्न सञ्चारमाध्यममा कार्यरत ४५ जिल्लाका सय जना पत्रकार रहेका छन्। सर्वेक्षणका सहभागीबाट सही र यथार्थ उत्तर आओस् भनेर आवश्यक सबै उपाय अवलम्बन गरिएको छ। तर एकाध प्रश्नहरू निजात्मक प्रवृत्ति र ज्ञानसँग सम्बन्धित भएकाले त्यस्तो प्रश्नमा उत्तरदाताले मनोवैज्ञानिक हिनताबोधका कारण यथार्थ उत्तर नदिएका हुन सक्छन्। त्यस्ता प्रश्नका सम्बन्धमा सम्बद्ध क्षेत्रका विज्ञसँग छड्के जाँच (Cross verification) गर्ने प्रक्रिया अपनाइएको छ।

## १.७. अध्ययनका उद्देश्य

- माओवादी द्वन्द्वकालमा नेपाली पत्रकारहरूको अवस्था पहिल्याउने।
- द्वन्द्वका कारण पत्रकारितामा परेको प्रभाव खोज्ने।
- मोफसलमा काम गर्ने पत्रकारका समस्या पहिचान गर्ने

## १.८ शोधपत्रको स्वरूप

यस शोधपत्रको अध्ययनलाई व्यवस्थित गराउनका लागि निम्न पाँच अध्यायमा विभाजन गरिएको छ ।

**अध्याय एक**

यस अध्यायमा शोधपत्रको परिचय रहनेछ । जसअन्तर्गत द्वन्द्वको परिभाषा, समस्याको पहिचान, अध्ययनको सान्दर्भिकता, अध्ययनको दायरा र अध्ययनको उद्देश्य पर्दछन् ।

**अध्याय दुई**

यस अध्यायमा अनुसन्धान पद्धति (Research Methodology) अन्तर्गतका विषयहरू पर्दछन् । जस्तो अध्ययनको क्षेत्र, अध्ययन विधि, तथ्याङ्क संकलन आदि ।

**अध्याय तीन**

यस अध्यायमा सम्बन्धित विषयको पूर्वकार्य समीक्षा/साहित्य समीक्षा (Literature Review) पर्दछन् । द्वन्द्वको सैद्धान्तिक व्याख्या गर्ने विधि, द्वन्द्व रूपान्तरणको प्रक्रिया, द्वन्द्वसम्बन्धी पुस्तकहरूको समीक्षा, हिंसात्मक द्वन्द्व र नेपाली पत्रकारिताको बारेमा समग्र विश्लेषण यस अध्यायमा गरिएको छ ।


**अध्याय चार**

यस अध्यायमा वर्तमान द्वन्द्वको अवस्थामा नेपाली प्रेसको अवस्था, द्वन्द्व क्षेत्रमा समाचार संकलनको अवस्था, घटना अध्ययनलगायत वर्तमान अवस्थाको सविस्तार वर्णन गरिएको छ ।

**अध्याय पाँच**


यो यस शोधकार्यको अन्तिम तर महत्वपूर्ण अध्याय हो । यसमा सर्वेक्षणको क्रममा संकलन गरिएका प्राथमिक तथ्याङ्कहरूको विश्लेषण गरिएको छ । ती विश्लेषणको नतिजालाई चार्ट र डायग्राममा देखाइएको छ । निष्कर्ष, सुझाव तथा सम्बन्धित विषयसँग मिल्दोजुल्दो सामग्रीलाई अनुसूचीमा पनि राखिएको छ ।

# द्वन्द्व रुपान्तरण सम्बन्धी अवधारणा




स्रोत : *बालबालिका र शान्ति* (गौरी प्रधान)

## द्वन्द्वको स्वरूप र प्रक्रियाहरू ?




स्रोत : *बालबालिका र शान्ति* (गौरी प्रधान)

अध्याय - दुई

# साहित्य समीक्षा

**(Literature Review)**

## २.१ द्वन्द्वको सैद्धान्तिक पक्षको व्याख्या

वैचारिक मान्यताका आधारमा द्वन्द्वलाई मुख्यतया दुई तरिकाबाट व्याख्या गर्ने गरिएको पाइन्छ । ती दुई बुझाइमा पहिलो- द्वन्द्व हानिकारक हुन्छ, यसले समाजमा विग्रह ल्याउँछ । यसकारण द्वन्द्वलाई दबाउनुपर्छ । दोस्रो बुझाइ हो- द्वन्द्व खराब मात्र हुँदैन, यसले समाज परिवर्तनमा ठूलो भूमिका खेल्दछ । केवल द्वन्द्वको हिंसात्मक रुप मात्र खराब हो । सही व्यवस्थापन गर्न सकेको खण्डमा द्वन्द्व अवसर हो । यसरी हेर्दा तीन वटा प्रमुख विधि द्वन्द्वको व्याख्यामा बढी प्रयोग भएको पाइन्छ ।[१५]

### २.१.१ व्याख्यात्मक अध्ययन (interpretative) विधि

खासगरी द्वन्द्व भनेको समाजको अभिन्न अङ्ग हो  र यसले समाज परिवर्तनमा महत्वपूर्ण भूमिका खेल्छ भन्ने सैद्धान्तिक मान्यतामा विश्वास राख्ने द्वन्द्वविद्, समाजशास्त्री, राजनीतिशास्त्री र सञ्चारविद्ले द्वन्द्वको सैद्धान्तिक पक्ष केलाउन व्याख्यात्मक तरिकाको उपयोग गर्दछन् । यस तरिकाबाट द्वन्द्वको अध्ययन गर्दा द्वन्द्व चलिरहेको अवस्थामा त्यस समाजको संरचना कस्तो थियो, सामाजिक प्रक्रिया कसरी चलिरहेको थियो, समाजमा द्वन्द्वको प्रभाव र असर के कस्ता थिए र समाजमा तिनीहरूको अन्तरसम्बन्ध कस्तो थियो भन्ने कुरामा बढी जोड दिइन्छ ।

### २.१.२ भावनात्मक अध्ययन (abstractive) विधि

यो विश्लेषण विधि समाजको एउटा आदर्श र औचित्यपूर्ण मानिसले के-कस्तो काम गर्नुपर्दछ र के-के गर्नु हुँदैन भन्ने आदर्शमा केन्द्रित रहन्छ । यसको प्रयोग बढी मात्रामा द्वन्द्वको मनोवैज्ञानिक पक्ष केलाउनका लागि मनोविज्ञानविद्हरूले गर्दछन् र यसैका आधारमा द्वन्द्वका मनोवैज्ञानिक सिद्धान्तहरूसमेत प्रतिपादन गर्दछन् ।

---

[१५] उप्रेती; विष्णुराज, द्वन्द्व व्यवस्थापनका सिद्धान्त र विधिहरू : एक परिचय, पृष्ठ १०; २०६१

### २.१.३ सुझावात्मक अध्ययन **(prescriptive)** विधि

यो अध्ययन विधि द्वन्द्व समाधान गर्न के गर्नुपर्दछ भन्ने सल्लाह र सुझावको लागि बढी प्रयोग हुन्छ । यो समाजका सदस्यहरूले समाज परिवर्तन र द्वन्द्व व्यवस्थापनको लागि के-कस्ता उचित अवसरहरूको उपयोग गर्नुपर्दछ, कस्तो विचार राख्नुपर्दछ, निर्णय प्रक्रिया र अवधारणा कस्तो हुनुपर्दछ, कुन-कुन तरिकाको प्रयोग कस्तो अवस्थामा बढी उपयोगी हुन्छ भन्ने विषयहरूमा केन्द्रित रहन्छ । द्वन्द्व व्यवस्थापनविद्हरू सम्झौताकर्ताहरू, मध्यस्थकर्ताहरू, समाज परिवर्तनका अगुवाहरूले यस विधिको बढी प्रयोग गर्दछन् ।

कुन विधि कस्तो अवस्थामा बढी आवश्यक हुन्छ भन्ने निर्णय अध्ययन-विश्लेषणकर्तामा, विश्लेषणको उद्देश्यमा र तत्कालीन परिस्थितिमा भर पर्दछ । तर परिस्थिति अनुकूल भएमा चाहिँ द्वन्द्वको समग्र सैद्धान्तिक पक्षहरूको विश्लेषण गर्न छुट्टाछुट्टै भन्दा पनि यी तीनै तरिकाको संयुक्त प्रयोग गर्नु उचित हुन्छ ।

## २.२ द्वन्द्व रूपान्तरण र शान्ति प्रक्रिया

द्वन्द्व रूपान्तरण भन्नाले द्वन्द्वको विभिन्न चरित्र (characteristics), फैलावट (escalation) र असर (effects) लाई सकारात्मक रूपमा बदल्न द्वन्द्वका आधारभूत कारणहरूलाई सम्बोधन गर्नका लागि गरिने सबै गतिविधिलाई बुझिन्छ । त्यसैले द्वन्द्व रूपान्तरणभित्र उद्देश्य, प्रवृत्ति, प्रक्रिया, गतिविधि र परिणामहरूसमेत समेटिएका हुन्छन् । द्वन्द्व रूपान्तरण, द्वन्द्व व्यवस्थापन र द्वन्द्व समाधानभन्दा यस अर्थमा भिन्न छ कि द्वन्द्व रूपान्तरणको उद्देश्य द्वन्द्वका संरचनागत, मनोगत र प्रवृत्तिगत कारणलाई सम्बोधन गर्नु रहेको हुन्छ भने द्वन्द्व व्यवस्थापनको उद्देश्य द्वन्द्व भड्किनबाट रोकी द्वन्द्वको अन्त्य गर्न गरिने गतिविधि जस्तै, द्वन्द्वको तत्कालीन नियन्त्रण (controlling), द्वन्द्वको सवालमा संलग्नता (handling) मिलाउने, काबुमा राख्ने (containment) र व्यवस्थापनमा केन्द्रित रहेको हुन्छ । द्वन्द्व समाधान भन्नाले चलिरहेको द्वन्द्व अन्त्य गर्न राजनीतिक स्तरमा एउटा सहमतिमा पुग्नु हो । तर यसले द्वन्द्वका आधारभूत कारणहरूलाई सम्बोधन गर्दछ नै भन्ने छैन ।

सशस्त्र द्वन्द्व चलिरहेका देशहरूमा धेरै प्रयोग हुने अर्को शब्द हो, शान्ति स्थापना । शान्ति स्थापना भन्नाले हिंसाको अन्त्य गरी शान्ति कायम गर्नको लागि सञ्चालन गरिने सम्पूर्ण गतिविधिलाई बुझ्नु पर्दछ । यो दीर्घकालीन र लगातार चलिरहने प्रक्रिया हो जसले द्वन्द्वरत पक्षहरूबीचको सम्बन्ध सुधार्नुका साथै मनोवृत्तिमा सकारात्मक परिवर्तन ल्याउन मद्दत गर्दछ । शान्ति स्थापनाअन्तर्गत आर्थिक विकासका गतिविधि, सामाजिक न्यायसम्बन्धी क्रियाकलाप, मेलमिलाप र अशक्तहरूको सशक्तीकरणका साथै मानवीय सहायतासम्बन्धी कार्यसमेत पर्दछन् ।

सशस्त्र द्वन्द्व भएका देशहरूमा बढी चल्ने अर्को शब्द शान्ति निर्माण (peace making) हो । यो एउटा प्रक्रिया हो । यसमा द्वन्द्व भड्किएको अवस्थामा राजनीतिक सम्झौताको माध्यमबाट हिंसात्मक द्वन्द्व अन्त्यको शुरुआत गरिन्छ । यस्तै शान्ति कायम (peace keeping) अर्को चलन चल्तीको शब्द हो । यस अन्तर्गत हिंसा भड्किन नदिनका लागि युद्धरत पक्षहरूका लडाकूलाई तेस्रो सैन्य शक्तिको शान्तिपूर्ण प्रयोगद्वारा (peace keeping force) अलग राखिन्छ र यस प्रक्रियाको नागरिक समाज वा अन्तर्राष्ट्रिय जगत्ले लगातार अनुगमन गरिरहेका हुन्छन् । धेरैजसो अवस्थामा यस्तो शान्ति कायम गर्ने प्रक्रियामा मानवीय सहायताको कार्यक्रम पनि साथसाथै सञ्चालन गरिएको हुन्छ । यस प्रक्रियामा कूटनीतिक र सैन्य शक्तिको समेत प्रयोग गरिएको हुन्छ ।

शान्ति कायम गर्ने हो भने त्यस देशका नागरिकको आधारभूत अधिकारको रक्षा गर्ने, जनताको प्रजातान्त्रिक सहभागिताको सुनिश्चित गर्ने, सामाजिक न्यायको अवधारणालाई व्यवहारमा कार्यान्वयन र शक्तिको बाँडफाँड सही रूपमा गर्नुपर्ने हुन्छ । स्क्याण्डेनेभियन देशहरू (नर्वे, स्वीडेन, डेनमार्क र फिनल्यान्ड) मा तुलनात्मक शान्ति कायम हुनुका प्रमुख कारणहरू उनीहरूले माथिका शान्तिका शर्तहरू इमानदारीतापूर्वक पालन गर्नु नै हो ।

यदि सिर्जनात्मकरूपले द्वन्द्वको रूपान्तरण गरी शान्ति कायम गर्ने उद्देश्य राख्ने हो भने सहनशील संस्कृतिको अभ्यास, कानुनको शासन, राजनीतिक संस्कृतिले आधुनिक संवैधानिक राज्यको अवधारणालाई आत्मसात् गर्नुपर्ने हुन्छ । डायटर सेनघासले समाजमा द्वन्द्व रूपान्तरण गरी शान्ति स्थापना गर्न तपसिलका अवधारणाहरूको गहिरो अन्तर्सम्बन्ध रहने बताएका छन् :-

- कानुनको शासन (rule of law)
- शक्तिको एकाधिकार (monopoliy of force)
- अन्तर्सम्बन्ध र प्रभाव नियन्त्रण (inter– dependence and effect control)
- सामाजिक न्याय र समता (social justice of equity)
- रचनात्मक द्वन्द्व व्यवस्थापन (constructive conflict management)
- प्रजातान्त्रिक सहभागिता (democratic participation)

द्वन्द्व रूपान्तरण र शान्ति स्थापनाका सवालमा विभिन्न पक्षको संलग्नता हुने हुँदा यस्ता संलग्नताको रणनीति परिभाषित गर्न *पहिलोको संलग्नता* (track one), दोस्रो पक्षको संलग्नता (track two) र *तेस्रो पक्षको संलग्नता* (track three) को प्रयोग भएको पाइन्छ । पहिलो पक्ष वा समूहमा कूटनीतिक र सरकारीस्तरबाट औपचारिक रूपमा गरिने गतिविधि (जस्तै, सम्झौता,

औपचारिक रूपमा तथ्य पत्ता लगाउन गठन गरिएका टोली, नाकाबन्दी र सैन्य परिचालन) पर्दछन् भने दोस्रो कोटिको द्वन्द्व व्यवस्थापनको रणनीतिमा अनौपचारिक र गैरसरकारी स्वरूपका बल प्रयोग नहुने गतिविधि जस्तै, सहजीकरण, मध्यस्थता, गोलमेच सम्मेलन, समस्या समाधानका लागि गरिने गोष्ठी आदि पर्दछन् र यस्तो कार्यमा विभिन्न स्वतन्त्र व्यक्तिहरू, प्राज्ञिक व्यक्तिहरू, राष्ट्रिय र अन्तर्राष्ट्रिय गैरसरकारी संस्था आदि पर्दछन् ।

तेस्रो कोटिको द्वन्द्व रूपान्तरणको रणनीतिमा खासगरी प्रक्रियागत गतिविधि जस्तै, क्षमता विकास, सशक्तीकरण, गाउँस्तरीय सामुदायिक तालिम र विकास गतिविधि, ग्रामीणस्तरमा मानवअधिकार सचेतना आदि पर्दछन् । यस समूहमा संलग्न हुने प्रमुख पात्रहरूमा गाउँस्तरका सामुदायिक संघ-संगठनहरू, मानवअधिकारवादी संघ संस्थाहरू, विकास कार्यकर्ता पर्दछन् । यी सबै रणनीतिले द्वन्द्व रूपान्तरणको प्रक्रियामा स्थानीय र राष्ट्रिय स्तरमा शान्तिको लागि आवश्यक पर्ने सामाजिक सद्भाव र संरचनाको विकास गर्दछन् । त्यसकारण द्वन्द्व रूपान्तरण लगातार चलिरहने, बहुआयामिक , गतिशील प्रक्रिया हो । जसमा विभिन्न क्षेत्र र तहका व्यक्तिहरू विभिन्न भूमिका र जिम्मेवारीका साथ लगातार संलग्न भइरहेका हुन्छन् ।

संसारमा कायम भएका सशस्त्र संघर्ष वा युद्धका परस्पर विरोधी पक्षबीचको शान्ति सम्झौताको सन्दर्भमा आजभोलि तेस्रो पक्षको संलग्नता लोकप्रिय हुँदै गएको छ । धेरै देशहरूमा यसखाले अवधारणाको व्यावहारिक पक्ष पनि क्रमशः सफल र प्रभावकारी बन्दै गइरहेको छ । श्रीलंका, आयरल्याण्ड, सियरालियोन, कम्बोडिया, इथियोपिया, सोमालिया, इजिप्ट-इजरायल शान्ति सम्झौताको सन्दर्भमा विभिन्न थरिका तेस्रो पक्षको संलग्नता रहेको थियो । तर दक्षिण अफ्रिकाको शान्ति प्रक्रिया भने फरक थियो र त्यहाँ तेस्रो पक्षको प्रत्यक्ष संलग्नता थिएन । तेस्रो पक्षको संलग्नताको पहिलो र आधारभूत कुरा भनेको त्यो सबैको निम्ति स्वीकार्य हुनु हो । माथि उल्लिखित पहिलो अवधारणाअनुसार संलग्न तेस्रो पक्षले शान्ति सम्झौताको दौरान आवश्यकताअनुसार आफ्नो शक्ति र प्रभाव पनि प्रयोग गर्दछ । यो खासगरी प्रभावशाली राष्ट्र संघले गर्ने गरेको हस्तक्षेपको दौरान हुने गर्दछ । तर दोस्रो अवधारणा अनुसार संलग्न तेस्रो पक्षले आफ्नो शक्ति र अधिकार प्रयोग गर्दैन । बरु उसले आफ्नो बुद्धि, विवेक, सीप, कार्यकुशलता र कूटनीतिलाई प्रयोग गरी त्यसलाई सफल बनाएको हुन्छ । श्रीलंकामा हाल सम्पन्न भइरहेको शान्तिवार्ता वास्तवमा *'ट्र्याक टू'* डिप्लोम्यासीअन्तर्गत पर्दछ । तर जहाँसम्म हाम्रो देशको वर्तमान परिवेशको सवाल छ, शान्ति सम्झौताका निम्ति तीनै खाले गतिविधि सक्रिय रहेको भए तापनि त्यसले खास प्रभावकारी परिणाम निकाल्न सकेको छैन । हाम्रो देशको सन्दर्भमा सिद्धान्ततः *'ट्र्याक थ्रि'* एप्रोच अर्थात् 'जनसहजकर्ता'को अवधारणा स्थापित हुन गइरहेको छ ।

## २.३ द्वन्द्वसम्बन्धी साहित्य चर्चा

विगत एक दशकदेखि नेपालमा अत्यधिक चल्तीका शब्दमध्ये द्वन्द्व प्रमुखरूपमा देखापर्दछ । माओवादी विद्रोह शुरू हुनुअघिसम्म नेपालमा कसैले चाख नलिएको, कसैले अध्ययन-अनुसन्धानमा समय र स्रोत खर्च नगरेको विषय द्वन्द्व विगत ४-५ वर्ष देखि अनुसन्धानको विषय बनेको छ। नेपाल र नेपालीका लागि सशस्त्र द्वन्द्व नयाँ विषय हो। २३७ वर्षको आधुनिक नेपालको इतिहासमा अहिले चलिरहेको द्वन्द्व नितान्त नौलो किसिमको हो। २०५२ सालमा शुरूभएको माओवादी विद्रोह जब सशक्त र जटिल बन्दैगयो मानिसहरूमा पनि द्वन्द्वलाई बुझ्ने, अध्ययन गर्ने रुचि बढ्दै गयो। २०५२ साल अघिसम्म यस बिषयमा नेपालमा खासै अध्ययन-अनुसन्धान नभएकाले यससँग सम्वन्धित साहित्य एक दमै कम थिए ।

यो सशस्त्र द्वन्द्वलाई सही तरिकाले बुझ्न, विश्लेषण गर्न र समाधानका लागि द्वन्द्वसम्बन्धी सैद्धान्तिक ज्ञान हुनु जरुरी हुन्छ। तर अहिलेसम्म द्वन्द्वका बारेमा सैद्धान्तिक ज्ञान दिने र द्वन्द्व विश्लेषणका विधि र तरिकाहरू समावेश भएको द्वन्द्व समाधानमा अपनाउनुपर्ने विधि र प्रक्रियासम्वन्धी जानकारी दिने साहित्यको नेपालमा ठूलो अभाव छ। द्वन्द्वको सैद्धान्तिक र व्यावहारिक पक्षबारेमा नेपालीमा लेखिएको सामग्री पाउन अत्यन्त कठिन मात्र नभई द्वन्द्वको क्षेत्रमा विषेशज्ञता हासिल गरेका व्यक्ति पनि सिमित छन्। यी दुवै खाँचोलाई द्वन्द्वविद् डा. विष्णुराज उप्रेतीले केही हदसम्म भए पनि पूरा गर्नुभएको छ। *द्वन्द्व व्यवस्थापनका सिद्धान्त र व्यवहारहरू : एक परिचय* पुस्तक लेखेर । उक्त पुस्तकमा द्वन्द्वको परिचय र व्याख्या, समाज र द्वन्द्वको अन्तर्सम्बन्ध, द्वन्द्वका प्रमुख कारणहरू लगायत विश्वका केही प्रमुख द्वन्द्वहरूको समीक्षालाई समेटिएको छ। द्वन्द्वको सैद्धान्तिक र व्यवहारिक दुवैपक्ष समेटिएको डा.उप्रेतको यो कृतिले केही हदसम्म यससम्वन्धी ज्ञानको अभाव पूर्ति गर्ने विश्वास लिइएको छ। त्यस्तै मिडिया सर्भिसेज इन्टरनेशनल (एमएसआई) ले *सशस्त्र द्वन्द्वमा समाचार संकलन : नेपाली पत्रकारहरूको अनुभव* नामक पुस्तक २०६२ साल भाद्रमा बजारमा ल्याएको छ। ३४ जना पत्रकारले रिपोर्टिङको क्रममा भोगेका कठिन भन्दाकठिन अनुभवलाई समेटिएको उक्त पुस्तकले द्वन्द्वग्रस्त क्षेत्रमा काम गर्ने सम्पूर्ण पत्रकारको प्रतिनिधित्व गरेको देखिन्छ। समाचार संकलनको क्रममा द्वन्द्वरत दुवै पक्षबाट आफूहरूले पाएको हण्डरलाई उनीहरूले शब्दमा उतारेका छन्। त्यस्तै २०६१ सालमा राजनीतिशास्त्रका विद्यार्थी देविराम ओझाले नेपालमा द्वन्द्व व्यवस्थापनको सन्बन्धमा एक शोधपत्र लेखेका छन् । *नेपालमा द्वन्द्व व्यवस्थापन : एक विश्लेषण* नाम दिएको उक्त सोधपत्रमा शुद्धाशुद्धिसम्बन्धी त्रुटिहरू प्रशस्त छन् । पाँच अध्यायमा समेटिएको उक्त

शोधपत्रमा द्वन्द्वका प्रकार, नेपालमा द्वन्द्वको शुरुआत, द्वन्द्वका प्रमुख कारणलगायत द्वन्द्व व्यवस्थापनमा अपनाइने मुख्य रणनीतिको बारेमा चर्चा गरिएको छ ।

त्यस्तै खोज पत्रकारिता केन्द्रले सन् २००४ मा *बन्दुकको बोझ* नामक पुस्तक बजारमा ल्याएको थियो । 'जनजीवनमा हिंसात्मक द्वन्द्वको असरसम्बन्धी खोजपूर्ण रिपोर्ताजहरूको संगालो' नाम दिइएको उक्त पुस्तकले २०५२ सालबाट शुरू भएको हिंसात्मक द्वन्द्वबाट नेपाली समाजले भोग्नु परेका दुर्दान्त घटनालाई समेटेको छ। १० जना पत्रकाका माओवादी द्वन्द्वसम्बन्धी खोजमूलक ती रिपोर्टहरू शान्तिलाई प्रबर्द्धन गर्न खालका छन्। २०६१ सालमा छापिएको पत्रकारिताका प्रशिक्षक एवम् पत्रकार हस्त गुरुङको शान्ति पत्रकारिता नामक पुस्तकमा पनि द्वन्द्वको राम्रो विश्लेषण गरिएको छ। *'शान्तिका लागि पत्रकारिता अवधारणा र अभ्यास'* नाम दिएको उक्त पुस्तक खोज पत्रकारिता केन्द्र, हिमाल एसोसिएसन प्रकाशक रहेको छ। उक्त पुस्तकमा द्वन्द्व के हो ? हिंसा र द्वन्द्वमा के फरक छ ? द्वन्द्व समाधानमा पत्रकारको भूमिका लगायतका विषयहरू समेटिएका छन् । सञ्चार अधिकार केन्द्र र मिडिया सर्भिसेस इन्टरनेशनल (एमएसआई) ले संयुक्त रूपमा *पत्रकारको अधिकार र जिम्मेवारी* नामक हाते किताब निकालेका छन् । द्वन्द्वरत पक्षमा प्रेसको काम-कर्तब्य र अधिकारबारे जानकारीको कमिले गर्दा नेपाली प्रेस द्वन्द्वको शिकार बनिरहेको अवस्थाबाट बच्न उक्त हाते पुस्तक सहायक हुन सक्ने देखिन्छ। कानुन अन्वेषण तथा स्रोत विकास केन्द्रले निकालेको द्वन्द्व रूपान्तरणका लागि *शान्ति पत्रकारिता प्रशिक्षण पुस्तिका*ले पनि द्वन्द्वग्रस्त क्षेत्रमा काम गर्ने पत्रकारहरूका लागि निर्देशिकाको रूपमा काम गर्न सक्छ। उक्त पुस्तकमा पनि द्वन्द्व, हिंसा र शान्तिको सूक्ष्म ढंगले व्याख्या र विश्लेषण गरिएको छ। पत्रकारिताको नयाँ विधामा पर्ने शान्ति पत्रकारितालाई प्रथम पटक प्रोफेसर जोहान ग्याल्टुङले चिनाउने काम गरेका थिए। ग्लाल्टुङ र डा. मुल्टले आफ्नो कृति (Conflict transformation by peaceful Means: Transcend Method; participants/ Trainers Manual) मा द्वन्द्व रूपान्तरण र यसमा पत्रकारिताको सम्वन्धको बारेमा राम्रो विश्लेषण गरेका छन् । उक्त कृति नेपाली सन्दर्भमा पनि मिल्ने खालको छ । विलियम रस हवर्डले अंग्रेजीमा लेखेको *द्वन्द्व संवेदनशील पत्रकारिता* (A hand book of conflict sensitive journalism) नामक हाते किताबलाई नेपाल प्रेस इन्स्टिच्युटले नेपालीमा अनुवाद गरेर प्रकाशित गरेको छ । द्वन्द्व पत्रकारिताविज्ञ रस हवार्डको यो पुस्तक द्वन्द्व क्षेत्रमा काम गर्ने पत्रकारका लागि निकै उपयोगी सिद्ध हुने देखिन्छ ।

## २.४ हिंसात्मक द्वन्द्व र नेपाली पत्रकारिता

### २.४.१ ०४८ पछि भएका दमन

२०५२ साल फागुनबाट नेपालमा माओवादीको हिंसात्मक द्वन्द्व प्रारम्भ भए तापनि राज्यको तर्फबाट त्यसभन्दाअघि नै नेपालको सञ्चार जगत्लाई नियन्त्रण गर्ने प्रयत्न शुरू भएको देखिन्छ। २०४८ चैत्रदेखि नै नेपालमा शान्तिपूर्ण जनआन्दोलनमाथि राज्यद्वारा हिंसात्मक दमन गर्ने कार्य प्रारभ्भ भएको हो। नेपालको संविधान २०४७ ले नेपालको कुनै पनि राजनीतिक संस्थालाई आलोचना गर्न नपाइने गरी प्रतिबन्ध लगाउने व्यवस्था गरेको छैन्। तर संविधानलाई मिचेर छापाखाना तथा प्रकाशनसम्बन्धी ऐन २०४८ को दफा १४ ले श्री ५ महाराजाधिराज वा राजपरिवारप्रति घृणा वा निरादर गराउने वा अपहेलना वा द्वेष बढाउने वा श्री ५ को प्रतिष्ठामा आँच आउने समाचार वा लेखमाथि प्रतिबन्ध लगाउन सक्ने कानुनी व्यवस्था गरेको देखिन्छ। त्यस्तो कामलाई "राजद्रोह" ठहऱ्याएर तीन वर्षसम्म वा तीन हजार रूपैयाँसम्म जरिवाना वा दुवै सजाय गर्न सकिने कानुनी व्यवस्था गरिएको देखिएको छ। तसर्थ नेपाली प्रेसको स्वतन्त्रतालाई नियन्त्रण गर्ने प्रयत्नको प्रारम्भ २०४८ सालदेखि नै हुन थालेको मानिन्छ। यहीँबाटै प्रेस स्वतन्त्रतामाथि नियन्त्रण प्रारम्भ हुन्छ।

जब प्रजातन्त्रमा शान्तिपूर्ण जनआन्दोलनमाथि राज्यद्वारा हिंसात्मक प्रतिक्रिया शुरू हुन थाल्छ, स्वतन्त्र प्रेसमाथि सङ्कट देखापर्न थाल्छ। हिंसात्मक दमनसँगै स्वतन्त्र प्रेस र अभिव्यक्ति स्वतन्त्रतामाथि पनि दमन र सङ्कटको शुरूआत भएको हो। तर प्रारम्भमा यो सङ्कट जनव्यापी वा गम्भीर थिएन। वामपन्थी पृष्ठभूमिका विशेषतः तत्कालीन संयुक्त जनमोर्चा र नेकपा एमालेका पत्रकार राज्य-दमनको शिकार बनेका थिए।[१६]

तर २०५२ सालमा नेकपा माओवादीले 'सशस्त्र जनयुद्ध' प्रारम्भ गरेयता दुवै पक्षबाट पत्रकार सङ्कटमा पर्न थाले। अझ २०५४ सालपछि मात्र प्रेसमाथि राज्यको दमन सर्वव्यापी हुन थाल्यो।[१७] २०५४ सालमा २७ जना पत्रकार वैचारिक आस्थाका आधारमा राज्यबाट गिरफ्तार गरिए र लामो समयसम्म बन्दी बनाइए। तत्कालीन संविधानले नदिँदानदिँदै पनि *जनादेश र जनदिशा साप्ताहिक* जफत गरियो। ७ जना पत्रकारमाथि कुटपिट र दुर्व्यवहार गरियो। यीमध्ये अधिकांश पत्रिका र पत्रकारहरूको दोष भनेको उनीहरू विद्रोहीप्रति वैचारिक सहानुभूति राख्दथे। २०५५ सालमा पनि यही कारणबाट पत्रकारलाई अघिल्लो सालकै संख्याको हाराहारीमा राज्यको तर्फबाट बन्दी बनाइयो। १९ जनामाथि राज्यले शारीरिक यातना दियो वा दुर्व्यवहारको शिकार बनायो,

---

[१६] श्रेष्ठ; श्याम; द्वन्द्व प्रभावित नेपालको प्रेस स्वतन्त्रता, (अप्रकाशित कार्यपत्र)।

[१७] प्रेस तथा अभिव्यक्तिको स्वतन्त्रताको स्थिति नेपाल प्रतिवेदन, २००३ पृष्ठ १०४, सेहुर्डेस।

१० जनामाथि कानुनी कारबाही थालियो, ५ जनाले जीवनको जेखिम सहितका धम्की बेहोरे ।[१८] देशमा चलेको हिंसात्मक द्वन्द्वमा पत्रकार व्यापक रूपमा पर्न थालेको यही बेलादेखि हो ।

### २.४.२ पत्रकारमाथि दमन तथा हिंसाका शृङ्खला

विक्रम सम्वत् २०५६ सालबाट त प्रेस स्वतन्त्रतामाथि चुलिँदो सङ्कट प्रारम्भ भयो । सोही वर्ष नेपाल प्रेस युनियन रौतहट शाखाका उप-सभापति शम्भुप्रसाद पटेललाई दुई जना अज्ञात बन्दुकधारीले उनकै रौतहटस्थित निवासमा गोली हानी हत्या गरे । प्रहरीले उनको हत्याराको टुङ्गो लगाएन । *जनादेश साप्ताहिक*का पूर्व प्रबन्ध सम्पादक मिलन नेपालीलाई त्यही साल प्रहरीले पक्रेर बेपत्ता पाऱ्यो । सोही पत्रिकाका सम्पादक कृष्ण सेनलाई जेलमा हाल्यो र अदालतले रिहाइको आदेश दिएपछि पनि उनलाई जेलबाट मुक्त गरिएन । २२ महिनापछि मात्र उनलाई छाडियो । २२ जना पत्रकारले त्यो वर्ष जेलमा थुनिनुपऱ्यो । ४ वटा सञ्चारमाध्यम जफत गरियो । १५ जनाले कुटपिट र दुर्व्यवहार सहनुपऱ्यो । प्रहरीले जनादेशको कार्यालयमा छापा मारेर २० हजारप्रति *जनादेश* जफत गरेको वर्ष पनि यही हो ।[१९]

### २.४.३ दरबार हत्याकाण्डपछि प्रेसको अवस्था

२०५८ साल जेठ १९ गतेको दरबार हत्याकाण्डअघि तमाम समस्याका बाबजुद नेपाली प्रेसले जुन खालको स्वतन्त्रताको उपयोग गरिरहेको थियो त्यो पनि तिव्र गतिमा अपहरण हुन थाल्यो । दरबार हत्याकाण्डको नेपाली प्रेसले निष्पक्ष छानबिन गर्न पाएन । एक त समाचार स्रोतसम्म सञ्चार जगत्को पहुँच ज्यादै दुर्लभ बनाइयो । अर्कोतर्फ थुप्रै पत्रपत्रिकाले 'सेल्फ सेन्सरसिप'को अभ्यास गरे । तथ्यमूलक समाचार प्रकाशित गर्न आँट गरेको देखिएन ।[२०] जब *कान्तिपुर दैनिक*ले दरबार हत्याकाण्डमा राजा ज्ञानेन्द्रको हात छ भन्ने आशयको माओवादी नेता डा.बाबुराम भट्टराईको लेख छाप्यो, तत्कालीन नेपाली कांग्रेसको सरकारले जेठ २४, २०५८ मा त्यस पत्रिकाका तत्कालीन सम्पादक युवराज घिमिरेलगायत त्यसका प्रबन्ध निर्देशकलाई राजद्रोहको आरोपमा गिरफ्तार गऱ्यो र मुद्दा लगाउने प्रयत्न गऱ्यो । तीव्र राष्ट्रिय, अन्तर्राष्ट्रिय दबाबपछि नौ दिनसम्म हिरासतमा राखेर उहाँहरूलाई रिहा गरियो । श्रावण १ गते उहाँहरूमाथिको मुद्दा फिर्ता लिइयो ।

---

[१८] ऐ ऐ ।

[१९] प्रेस तथा अभिव्यक्तिको स्वतन्त्रताको स्थिति नेपाल प्रतिवेदन, २००३ पृष्ठ १०४, सेहुर्डेस ।

[२०] श्रेष्ठ; श्याम; द्वन्द्व प्रभावित नेपालको प्रेस स्वतन्त्रता, (अप्रकाशित कार्यपत्र) ।

### २.४.४ सङ्कटकालपछि चुलिएको सङ्कट

२०५८ साल मंसिर ११ गतेदेखि नेपाली प्रेसले ठूलो सङ्कट र चुनौती भोग्यो। माओवादीले राज्यसँगको वार्ता विफल भएपछि मंसिर ८ गते ४ महिना लामो युद्धविराम भङ्गगरी तत्कालीन शाही नेपालको दाङ ब्यारेकमाथि हमला गऱ्यो। राज्यले त्यसको प्रतिकार स्वरूप देशव्यापी रूपमा २०५८ मंसिर ११ गतेबाट सङ्कटकालीन स्थितिको घोषणा गऱ्यो। माओवादीलाई दबाउनकै लागि सोही दिन राजपत्रमा सूचना प्रकाशित गरी ६ महिनाको समयावधिका लागि माओवादीलाई प्रत्यक्ष रूपमा फाइदा मिल्ने खालका कुनै पनि प्रकारको अन्तर्वार्ता, लेख र समाचार प्रकाशन गर्न नपाइने व्यवस्था लागू भयो। छापाखाना तथा प्रकाशन ऐन २०४८ को दफा १५ (१) लाई आधार बनाएर यो सूचना जारी गरिएको थियो। त्यहीबेला आतंककारी तथा विध्वंसात्मक अपराध नियन्त्रणसम्बन्धी छुट्टै ऐन ल्याइयो। यो ऐनले सुरक्षा निकायलाई झनै असीमित अधिकार दियो। ऐनको दफा १८ ले आतंककारी क्रियाकलापमा सम्लग्न हुने व्यक्तिहरूको पत्र, टेलिफोन, फ्याक्स तथा अन्य सञ्चारका साधन नियन्त्रण गर्न सकिने व्यवस्था गऱ्यो।[२१] पहिलो सङ्कटकालको अवधिमा करिब १ सय ८० जनाभन्दा बढी पत्रकारलाई थुनामा राखियो। यीमध्ये ८० जनाले थुनामा रहँदा गम्भीर यातना पाए। २०५९ सालमा मात्र राज्य र माओवादीद्वारा ८ जना पत्रकारको हत्या गरियो। यो नेपालको इतिहासमै सबैभन्दा बढी पत्रकारको हत्या भएको वर्ष पनि हो। यही अवधिमा पत्रकार कृष्ण सेनको प्रहरी हिरासतमा हत्या गरियो भने सोही वर्ष माओवादीले पत्रकार ज्ञानेन्द्र खड्कालाई उनकै गृह जिल्ला सिन्धुपाल्चोकमा बीभत्सरूपमा हत्या गरे। धेरै पत्रपत्रिका र पत्रकारहरूले यस दौरानमा स्वनियन्त्रणको कदम अपनाए।[२२]

यसबाट नेपाली प्रेस राज्य र माओवादी दुवै पक्षबाट चर्को मारमा परेको देखिन्छ। नेपाल पत्रकार महासंघको प्रेस स्वतन्त्रता अनुगमन समितीको आँकडाअनुसार सङ्कटकालको अवधिमा (२०५८ मंसिर ११ देखि २०५९ भदौ १२ सम्म) राज्य तर्फबाट पाँच जना र माओवादीतर्फबाट दुई जना पत्रकारको हत्या भएको छ। त्यसैगरी माओवादी पक्षबाट चार जना र राज्य पक्षबाट तीन जना पत्रकार बेपत्ता पारिएका छन्।[२३]

यो वर्ष राजनीतिक पार्टीको प्रतिगमनविरोधी आन्दोलनको समाचार संकलन गर्न जाने क्रममा समेत दर्जनौं पत्रकारले सुरक्षाकर्मीबाट पिटाइ खाए, सयौंको संख्यामा गिरफ्तारीमा परे।

---

[२१] Bhattarai, Binod; Nepali Press Under Emergency

[२२] श्रेष्ठ, श्याम; द्वन्द्व प्रभावित नेपालको प्रेस स्वतन्त्रता, आइपीआईद्वारा आयोजित कार्यशालामा प्रस्तुत कार्यपत्र

[२३] प्रेस तथा अभिव्यक्तिको स्वतन्त्रताको स्थिति नेपाल प्रतिवेदन, २००३ पृष्ठ १०४, सेहुर्डेस

### २.४.५ नेपाली प्रेसका लागि कालो वर्ष २०५९

प्रेस तथा अभिव्यक्ति स्वतन्त्रका लागि २०५९ साल घोर निराशाजनक रह्यो । नेपालको इतिहासमा नै यो वर्ष मुलुकमा सबैभन्दा बढी पत्रकार मारिए भने सात दर्जनको संख्यामा पत्रकार जेलको चिसो छिंडिमा कोचिन पुगे ।[२४] दश वर्षअघि नेकपा माओवादीले जनयुद्धका नाममा शुरु गरेको संघर्षले यसबेला चरम रूप लियो । हत्याको शृङ्खला बढ्दै गयो । मानिसहरूमा निराशा बाक्लिँदै गइरहेको बेला तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवाको सिफारिसमा राजाबाट जेठ ८ गते प्रतिनिधिसभा भंग गरियो । त्यो भन्दा पहिले जनप्रतिनिधिमूलक स्थानीय निकायहरू भंगगरी निजामती कर्मचारीका भरमा मुलुक चल्न थालिसकेको थियो ।[२५] एकपछि अर्को गर्दै प्रजातन्त्रका संरचनाका आधारहरू निष्कृय बन्दै गए । असोज १८ मा राजाबाट जननिर्वाचित सरकारका प्रधानमन्त्री शेरबहादुर देउवालाई निर्वाचन गराउन अक्षम भएको आरोपमा अपदस्थ गरी मुलुकको कार्यकारी अधिकार आफैंले ग्रहण गरेपछि मुलुकले जननिर्वाचित सरकार मात्र गुमाएन प्रजातन्त्रका सक्रिय अङ्गहरू सबै गुमाउन पुग्यो । यसरी २०५९ मा मुलुक सञ्चालनका पहिला दुई अंग कार्यपालिका र व्यवस्थापिका धराशयी भएपछि विश्वासको सङ्कटमा फस्दै गएको न्यायपालिकातर्फ भन्दा नागरिकको चासो समाजले चौथो अंग ठानेको पत्रकारिताप्रति केन्द्रित भयो । तर सङ्कटकालका नाममा अभिव्यक्ति स्वतन्त्रतामाथि लागेको भोटेताल्चा सङ्कटकाल हटिसक्दा पनि (भदौ १३ गते) खुलेको आभास प्रेस र नागरिक समाजले गर्न सकेन ।[२६]

२०५९ मा मुलुकभरमा नौ जना पत्रकार मारिए । नेपालको इतिहासमै सबैभन्दा बढी पत्रकार मारिएको वर्षको रूपमा यो साल स्थापित भयो ।[२७] सरकार र माओवादी दुव पक्षबाट सञ्चारकर्मीमथि गिद्धेदृष्टि राखेका कारण पत्रकार असुरक्षित बन्न पुगे । सरकारले निहत्था अवस्थामा गिरफ्तार गरी हिरासतमा राखिएका पत्रकार कृष्ण सेनको चरम यातनाका कारण हिरासतमै मृत्युभयो । रामेछापका *रासस*का पूर्व संवाददाता राजकुमार कार्की सैनिक कारबाहीमा मारिए । त्यसैगरी झापाबाट प्रकाशित *स्वाधीन संवाद*का स्तम्भकार डी. कौडिन्य (देवकुमार आचार्य) *बाग्लुङ साप्ताहिक*का म्याग्दीस्थित संवाददाता याम विक 'पटेल' सिन्धुलीमाडीबाट प्रकाशित *जनप्रभात साप्ताहिक*का संवाददाता कुमार घिमिरे, नेपाल पत्रकार महासंघ

---

[२४] प्रेस तथा अभिव्यक्तिको स्वतन्त्रताको स्थिति नेपाल प्रतिवेदन, २००३ पृष्ठ १०४, सेहुर्डेस

[२५] श्रेष्ठ, श्याम; द्वन्द्व प्रभावित नेपालको प्रेस स्वतन्त्रता, आइपीआइद्वारा आयोजित कार्यशालामा प्रस्तुत कार्यपत्र

[२६] प्रेस तथा अभिव्यक्तिको स्वतन्त्रताको स्थिति नेपाल प्रतिवेदन, २००३ पृष्ठ १०४, सेहुर्डेस

[२७] विष्ट, महेन्द्र (सम्पादक); सङ्कटकालको नेपाली प्रेस; नेपाल पत्रकार महासंघ; २०६०

सिन्धुपाल्चोकका पूर्व सचिव कञ्चन प्रियदर्शी (ईश्वर बुढाथोकी) र काठमाडौंका पत्रकार कमल एसी पनि सुरक्षाकर्मीकै हातबाट मारिए। सोही वर्ष माओवादीले पत्रकार ज्ञानेन्द्र खड्कालाई उनकै गृहजिल्ला सिन्धुपाल्चोकमा बीभत्स हत्या गरे। दुईथरी हतियारधारीको चपेटामा परी कर्णाली अञ्चलको एक मात्र पत्रिका *कदम साप्ताहिक*का सम्पादक नवराज शर्मा 'वसन्त' तथा *जनआस्था साप्ताहिक*का मोरङ संवाददाता अम्बिका तिमिल्सिनाले माओवादी बर्बर आक्रमणको शिकार हुनुपर्‍यो। उनीहरू दुवैलाई सुराकीको आरोपमा हत्या गरिएको खवर सञ्चारमाध्यममा आए पनि माओवादीपक्षले हत्याको कारण सार्वजनिक गरेको छैन। जीवनहरणको घटना मात्र होइन, पत्रकारहरूले यातना पाएको र थुनिएको वर्षको रूपमा पनि २०५९ 'कालो वर्ष' को रूपमा रह्यो।[२८] मुलुकमा सङ्कटकाल लागू भएयता करिब १ सय ८० पत्रकारलाई गिरफ्तार गरिएको र यातना दिइएकोमा ८० जनाभन्दा बढीले यस वर्ष गम्भीर पीडा सहनुपर्‍यो। धम्कीको लेखाजोखा नै हुन सकेन। माओवादी र सरकारी प्रशासक वा सुरक्षाकर्मीले जिल्लाका अधिकांश पत्रकारलाई कुनै न कुनै रूपमा धम्की दिई नै रहे।

विश्वभरका पत्रकारहरू आतङ्कवाद विरोधी संघर्षका क्रममा शिकार भइरहेका भए तापनि नेपालमा भने फरक विचार राखेकै कारण पत्रकारहरूले सरकारी वा विद्रोही पक्षको निशाना बन्नुपर्‍यो। यसबाट अन्तर्राष्ट्रिय जगतमा नेपालको छवि नराम्ररी धुमिल भयो। पत्रकारको सुरक्षाका लागि काम गर्ने फ्रान्सको पेरिसस्थित *रिपोर्टर्स विद्आउट बोडर्स* (आरएसएफ) ले नेपाललाई 'खुला जेल' को रूपमा परिभाषित गरिदियो। आरएसएफले यसबीचमा दुई पटक नेपालको प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको स्थलगत निरीक्षण गर्‍यो भने पत्रकारका हक-हितका लागि क्रियाशील अमेरिकाको न्युयोर्कस्थित *कमिटी टु प्रोटेक्ट जर्नालिस्ट* (सीपीजे), *आर्टिकल नाइन्टिन, इन्टरनेशनल प्रेस इन्स्टिच्युट* (आईपीआई), *इन्टरनेसनल फेड्रेसन अफ जर्नालिष्ट* (आइएफजे), *एम्नेष्टी इन्टरनेसनल*लगायतका विश्वका प्रतिष्ठित संस्थाहरूले नेपालको सङ्कटकालीन अवस्थामा प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको अनुगमन गरी आमनागरिक पीडित भएको प्रतिवेदन सार्वजनिक गरेका थिए। *आईएफजे*ले पीडित पत्रकाहरूका लागि पत्रकार कल्याण कोष स्थापना गरी पीडित पत्रकारका परिवारलाई न्यूनतम आर्थिक सहयोग गर्न केही रकमसमेत उपलब्ध गराएको थियो। त्यस्तै नेपाली पत्रकारको पीडामा मलम लगाउन *आरएसएफ* र *सीपीजे*लगायतका संस्थाहरूले निरन्तर नेपाली प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको अनुगमन गरी अन्तर्राष्ट्रिय समुदायमा उनीहरूको आवाज बुलन्द गरिदिएका छन्।[२९]

---

[२८] प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको स्थिति नेपाल प्रतिवेदन; २००५,सेहुर्डेस

[२९] ऐऐ

मंसिर ११, २०५८ मा नेपाल अधिराज्यभर सङ्कटकाल घोषणा गरिएपछि हिंसात्मक युद्धमा होमिएको माओवादी समर्थक र सो निकट मानिने सबै अखबार बन्द भए । अधिकांश अखबारका सम्पादक, प्रकाशक, संवाददाता र त्यस अखबारसँग सम्वन्धित प्राविधिक कर्मचारीसमेत गिरफ्तार गरिए भने कतिपय भूमिगत भए। कतिपयले प्रशासनसमक्ष आत्मसमर्पण गरे। सङ्कटकालको अवधिमा करिब चार दर्जन पत्रिका बन्द भए। प्रजातन्त्र पुनर्स्थापनाको १५ वर्षमा नेपाली प्रेसले धेरै उतारचढावको सामना गर्नुपर्यो। २०५९ सालमा मात्रै ३ हजारभन्दा बढी मानिसले ज्यान गुमाउनुपऱ्यो ।[३०]

सङ्कटकालको बेला केही प्रकाशन संस्था र पत्रपत्रिकाको प्रकाशनसमेत बन्द हुन पुगे। काठमाडौंबाट निस्कने *जनादेश साप्ताहिक, जनदिशा दैनिक, दिशाबोध मासिक, जनआह्वान साप्ताहिक, ऐक्यबद्धता मासिक, नौलो बिहानी मासिक, संभावना मासिक, कलम साहित्यिक त्रैमासिक,* चितवनबाट निस्कने *चुरे सन्देश साप्ताहिक,* धरानबाट निस्कने *विजयपुर साप्ताहिक,* बुटवलबाट निस्कने *जनसंघर्ष दैनिक,* रूपन्देहीबाट निस्कने *जनराज्य साप्ताहिक,* पोखराबाट निस्कने *राष्ट्रिय स्वाभिमान साप्ताहिक,* बाग्लुङबाट प्रकाशित *बाग्लुङ साप्ताहिक,* दाङबाट निस्कने नयाँ *जनउभार साप्ताहिक,* पाँचथरबाट प्रकाशित *पाँचथर सन्देश साप्ताहिक* सङ्कटकालमा गरिएको सरकारी हस्तक्षेपको कारण बन्द भएका थिए ।

सुर्खेतबाट प्रकाशन हुने *काँक्रेविहार दैनिक,* लम्जुङबाट प्रकाशित हुने साप्ताहिकमा *जनचासो, चुली सन्देश, ज्योति पुञ्ज* रहेका छन्। त्यसैगरी माओवादीका कारण कर्णाली अञ्चलबाट प्रकाशित हुने *कर्णाली सन्देश* र *कदम साप्ताहिक* पत्रिका पनि बन्द भए ।[३१]

---

[३०] प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको स्थिति नेपाल प्रतिवेदन; २००५, सेहुर्डेस

[३१] ऐऐ

## तलिका नं. १

माओवादी जनयुद्ध शुरू भएयता यसप्रकारको परिणाम देखा पर्छ-

| क्रसं | विवरण | २०५४ | २०५५ | २०५६ | २०५७ | २०५८ | २०५९ | २०६० | २०६१ | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | हत्या | - | - | १ | - | १ | ९ | ६ | २ | १९ |
| २ | बेपत्ता | - | - | १ | १ | १ | ४ | ७ | १२ | ३२ |
| ३ | अपहरण | - | - | १ | - | १ | १ | ३ | | |
| ४ | गिरफ्तार-कारावास | २७ | २७ | २२ | ५ | १०९ | ८३ | ४९ | ८५ | ४०४ |
| ५ | प्रतिबन्ध-छापा जफत | २ | - | ४ | ८ | १३ | ७ | ८ | १२८ | १७० |
| ६ | हातपात-दुर्व्यवहार | ७ | १९ | १५ | ४८ | १९ | १८ | ८६ | ५५ | ३३२ |
| ७ | धम्की | - | ५ | ४ | ७ | ४ | १० | २६ | | |
| ८ | प्रशासनिक कारबाही | - | - | - | १ | ५ | - | ११ | ५१ | ७८ |
| ९ | कानुनी कारवाही | - | १० | ५ | - | २७ | १९ | - | ६ | ५७ |
| १० | विस्थापित | - | - | - | - | - | - | २६ | ५ | ३१ |
| ११ | बन्द गरिएका सञ्चारमाध्यम | - | - | - | - | - | - | - | ६७ | ६७ |

*सेहुर्डेस : नेपाल प्रतिवेदन प्रतिवेदन, २००६*

माथिको विवरणलाई आधार मान्दा द्वन्द्वका कारण पछिल्ला वर्षमा अझ बढी सञ्चारकर्मी प्रभावित हुने गरेको देखियो । अर्को महत्वपूर्ण विषय विस्थापित हुने पत्रकारको संख्या पनि हो । २०६० सालमा मात्र २६ पत्रकार विस्थापित भएका छन् । त्यसमध्ये १९ जना माओवादीको धम्कीका कारण, ५ जना राज्यद्वारा र बाँकी २ जना अज्ञात समूहद्वारा । उनीहरू विस्थापित हुनुमा राज्य पक्षभन्दा पनि माओवादी पक्ष अगाडि देखिएको छ ।[३२]

माओवादी निकट मानिएका काठमाडौंबाट प्रकाशित हुने केही पत्रपत्रिका सरकारद्वारा बन्द गराइएपछि मुलुकको अन्य भागमा पनि त्यस्ता पत्रिका मनोवैज्ञानिक त्रासले बन्द भए । *'कर्णाली सन्देश र कदम साप्ताहिक* भने नेकपा माओवादीले पत्रिकाका सम्पादकको हत्या गरेका कारण बन्द भए । त्यसैगरी सङ्कटकालको अवधि र त्यसभन्दा एक दुई दिन अघिदेखि नै पत्रिकाको कार्यालयमा छापा मार्ने, पत्रकारलाई बेपत्ता बनाउने, कार्यालयका सामान कब्जामा लिनेजस्ता काम सुरक्षानिकायबाट भएको पाइन्छ ।[३३] नौ महिना लामो सङ्कटकालको बेला सञ्चारकर्मीको स्वतन्त्रता र जीवनमाथि नै जोखिम देखा परेको थियो । यो अवधिमा ६ जना सञ्चारकर्मीले सुरक्षाकर्मीको कारवाहीबाट ज्यान गुमाएको र तीन जना सञ्चारकर्मी बेपत्ता भएका छन् । ५६ जना सञ्चारकर्मीलाई पक्राउ गरी तीन महिनाभन्दा लामो समयसम्म थुनामा राखिएको थियो ।

---

[३२] श्रेष्ठ, श्याम; द्वन्द्व प्रभावित नेपालको प्रेस स्वतन्त्रता, आइपीआइद्वारा आयोजित कार्यशालामा प्रस्तुत कार्यपत्र

[३३] विष्ट; महेन्द्र (सम्पादक); संटककालको नेपाली प्रेस; नेपाल पत्रकार महासंघ

त्यसैगरी चार जना पत्रकारले २५ दिन थुनामा बिताए । ६२ भन्दा बढी पत्रकारलाई गिरफ्तार गरी गैरकानुनी थुनछेक गरिएको थियो ।[३४]

मारिएका आठ पत्रकारमध्ये पनि यो अवधिमा रिपोर्टिङका क्रममा कोही पनि मारिएका छैनन् । सरकारबाट ६ जनामध्ये ५ लाई कब्जामा लिएपछि मारिएको थियो भने एक जनालाई भाग्न खोज्दा मारिएको जानकारी दियो । अर्कोतिर माओवादीले हत्या गरेका २ पत्रकारमध्ये एकजनालाई अपहरण गरी लामो समयसम्म राखेर अन्तिममा अज्ञातस्थलमा लगेर धारिलो हतियारले यातनापूर्वक मारिएको थियो । अर्का पत्रकारलाई गोली र धारिलो हतियारको प्रयोग गरी मारिएको थियो । सरकारी पक्षले आतंककारी गतिविधिमा लागेको र विद्रोही पक्षले सुराकी गर्नमा सक्रिय भन्नेजस्ता आरोपका भरमा सञ्चारकर्मीहरूको ज्यान लिएको पाइएको छ ।[३५]

यसै क्रममा हिरासतमा पत्रकारलाई यातना दिई मारेर गायब गरिएको बारेमा त्यसबेला निकै ठूलो विवादको सिर्जना पनि भएको थियो । २०५९ जेठ ६ गते पक्राउ परेका *जनादेश दैनिकका* सम्पादक कृष्ण सेन 'इच्छुक' को प्रहरी हिरासतमा नै हत्या गरिएको समाचार २०५९ असार १२ मा एक साप्ताहिक अखबारले (साप्ताहिक जनआस्थाले) प्रकाशन गरेको थियो । त्यो समाचार प्रकाशन भएपश्चात नेपालको पत्रकारहरूको छाता संस्था नेपाल पत्रकार महासंघले सेनको अवस्था सार्वजनिक गर्न सरकारलाई समय सीमा तोक्दै आन्दोलनको कार्यक्रम अघि सार्‍यो । यो कदमपछि असार २४ मा गृहमन्त्रालयका सहसचिवको संयोजकत्वमा छानविनका लागि समिति गठन गरियो ।[३६] तर समितिले सेन पक्राउ पनि नपरेको र हिरासतमा नमारिएको भन्ने खालको प्रतिवेदन प्रस्तुत गर्‍यो । सो प्रतिवेदन साऱ्है नै विवादास्पद पनि बनेको थियो । यसपछिका दिनमा पत्रकारहरू आन्दोलन गर्ने सरकार दबाउने क्रम निकै समयसम्म चल्यो । यो बेला सङ्कटकालको अन्त्यका लागि पत्रकारहरूले निकै राम्रो दबाबको सिर्जना गरेको पाइन्छ ।

---

[३४] विष्ट; महेन्द्र (सम्पादक); संटककालको नेपाली प्रेस; नेपाल पत्रकार महासंघ; २०६२

[३५] गाउँले; शिव; (सम्पादक); प्रेस स्वतन्त्रता सङ्कटका एक वर्ष; नेपाल पत्रकार महासंघ, २०६३

[३६] विष्ट; महेन्द्र; (सम्पादक) सङ्कटकालमा नेपाली प्रेस; नेपाल पत्रकार महासंघ; २०६२

### २.४.६ सङ्कटका एक वर्ष (२०६१ माघ १९ पछि)

पछिल्लोपटक २०६१ माघ १९ गते राजा ज्ञानेन्द्रबाट तत्कालीन सरकारको विघटन गरी तीन वर्षका लागि प्रत्यक्ष शासन सत्ता आफ्नो हातमा लिएपछि यस क्रममा देशभर सङ्कटकालीन अवस्थाको घोषणा गरी मौलिक हकसम्बन्धी ९ वटा धारा निलम्बन गरियो । नेपाली प्रेसले झापामा विपिन राईदेखि राजधानीमा यातना भोग्ने भाइकाजी घिमिरेसम्मका करुणादायी पीडाहरू भुल्न नसक्ने खालका छन् । शाही 'कु' पछिका एक वर्षमा देशभरिमा ८३ जना पत्रकारलाई क्रूर यातना दिने र कुटपिट गर्ने काम भएको छ । अझ पछिल्लो तीन महिनामा प्रेसविरुद्ध सरकारको ज्यादती हेर्‍यो भने यो संख्या ३०० भन्दा माथि हुन आउँछ ।[३७] यो अवधिमा अन्तर्राष्ट्रिय पत्रकार महासंघ -आईएफजे) ले माघ १९ पछि २ जना पत्रकारको हत्या गरेको आफ्नो रिपोर्ट **(An IFJ Report on the situation in Nepal oneyear after the February 1, 2005 royal coup)** मा उल्लेख गरेको छ ।[३८]

## तालिका नं. २

**तथ्याङ्कमा एक वर्ष**
(१९ माघ २०६१ पछिको एक वर्ष)

| क्रम | विवरण | पूर्वाञ्चल | मध्यमाञ्चल मोफसल | मध्यमाञ्चल उपत्यका | पश्चिमाञ्चल | मध्य पश्चिमाञ्चल | सुदूर पश्चिमाञ्चल | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| १ | हत्या | १ | - | - | १ | — | - | २ |
| २ | यातना कुटपिट | १९ | ३ | २४ | १८ | ८ | १ | ८३ |
| ३ | अपहरण | ९ | - | - | १ | - | १ | ११ |
| ४ | पक्राउ | ९५ | १९ | २३० | १९ | ४३ | ३ | ४०९ |
| ५ | दुर्व्यवहार-धम्की | ४२ | २० | १८ | २७ | ५९ | १३ | १७९ |
| ६ | पत्रिका बन्द | २४ | १९ | — | १९ | २९ | १७ | १०८ |
| ७ | प्रकाशन प्रसारणमा अवरोध | ११ | ४ | १५ | १९ | ५ | १ | ५५ |

[३७] गाउँले; शिव; (सम्पादक) प्रेस स्वतन्त्रता सङ्कटका एक वर्ष; नेपाल पत्रकार महासंघ, २०६३

[३८] At least three journalists are known to have paid the ultimate price for their profession since the February 1 coup. Editor and publisher of *Dharan Today,* Khagendra Shrestha, 45, was shot in the head by armed men in his office on March 15, 2005 and died on March 31. A month earlier, during routine security operations editor-in-chief of *Bhurichula,* Padma Raj Devkota was killed. Finally, Maheshwor Pahari, former journalist for the *Rastriya Weekly*, died on October 4, 2005 from tuberculosis after being maltreated in detention for a year and a half and receiving no medical treatment for his illness. Pahari was held under an anti-terrorism law that has been used to jail journalists since it was introduced in November 2001.

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ८ | पत्रकार विस्थापित | ९ | २ | ४ | १ | २० | ३ | ३९ |
| ९ | जगिरबाट निकाला | ९७ | ३ | ६२ | ५८ | ५ | २५ | २५० |
| १० | पेशा व्यवसायमा अवरोध- | ४ | १४ | ६ | २३ | ७ | १ | ५५ |

*स्रोत : नेपाल पत्रकार महासंघ*

यो अवधिमा पूर्वाञ्चलमा एक र पश्चिमाञ्चलमा एक गरी दुई जना पत्रकारको हत्या भयो भने त्यस्तै यातना र कुटपिटमा ३ जना पत्रकार पीडित बने । त्यस्तै अपहरणमा ११, पक्राउमा ४०९ जना, दुर्व्यवहार र धम्कीको शिकार १७९, १०८ वटा पत्रिका बन्द, ५५ वटा सस्थामा प्रकाशन प्रसारणमा अवरोध, ३९ पत्रकार विस्थापित, २५० पत्रकारलाई जगिरबाट निकाला, ५५ वटा पेशा व्यवसायमा अवरोधका घटना सो अवधिमा देखिए ।

### २.४.७ माओवादीको भूमिगत पत्रकारिता

दर्ता प्रक्रियाका विवाद, समाचार प्रसारण गर्न पाउने वा नपाउने व्यवस्थामाथि विवाद चलिरहेको समयमा हिंसात्मक आन्दोलनमा उत्रिएको माओवादीले पनि भूमिगत रूपमा रेडियो शुरू गऱ्यो । माओवादी पार्टीका अध्यक्ष प्रचण्डले २०६० कात्तिक २१ गते लेनिन दिवस तथा अक्टोबर क्रान्ति दिवसको अवसर पारेर विज्ञप्तिमार्फत माओवादी एफएमको औपचारिक घोषणा गरेका थिए । त्यसपछि पूर्व, विशेष, मध्य र पश्चिममा गरी चार स्थानबाट एउटै मेघाहर्ज ९५.१ मा एफएम सञ्चालन गरी सञ्चार जगत्‌मा फड्को मारेका थिए ।

जनवादी गणतन्त्र रेडियोको उद्‌घाटन गर्दै माओवादी अध्यक्ष प्रचण्डले भनेका थिए- “जनताको अन्तिम विजयको तयारीमा यो सञ्चार संयन्त्रले महत्वपूर्ण भूमिका खेल्ने कुरामा म विश्वास गर्छु” (खबर, वर्ष ६ अंक ४, एनपीआई) । ‘माओवादीले देशभरि चलाएका पाँच वटा ‘रेडियो गणतन्त्र नेपाल’बाट समाचारलगायतका सामग्री प्रसारण गरेर राज्यविरुद्ध प्रचारबाजी गर्ने गरेका थिए । २०६१ माघ १९ को शाही कदम सरकारी माध्यमबाट प्रसारण गरिएजस्तै फागुन १ गते माओवादी रेडियोले पार्टी अध्यक्ष प्रचण्डको रेडियो सन्देश प्रसारण गरेको थियो ।

माओवादीको ‘विशेष क्षेत्र’ अन्तर्गत पर्ने रोल्पाको थवाङ्गबाट पहिलो पटक ‘जनवादी रेडियो’को प्रसारण शुरू भयो । जसको नाम ‘रेडियो जनवादी गणतन्त्र नेपाल विशेष क्षेत्र विशेष प्रसारण सेवा’ राखिएको थियो । त्यसपछि ‘भेरी-कर्णाली विशेष प्रसारण सेवा’ शुरू भयो । माओवादीको ‘पश्चिम कमाण्ड’ अन्तर्गत पर्ने क्षेत्रमा अहिले तीनवटा एफएम रेडियो संचालनमा छन् । चारै ठाउँबाट निर्बाध चलिरहेको माओवादी एफएम माघ १९ पछि बनेको सरकारले उच्च प्रविधिको प्रयोग गरी मेघाहर्ज जुधाएर प्रसारणमा अवरोध पुऱ्याएको थियो २०६३ बैशाखमा

दलको आह्वान तथा माओवादी समर्थनमा भएको जनआन्दोलनको सफलतापछि फेरि माओवादी एफएम पुनः सुचारु भएका छन् ।

राजनीतिबाट प्रेरित भूमिगत रूपमा सञ्चालनमा आएका रेडियो २ सय देखि ५ सय वाट क्षमताका छन् । 'मोबाइल स्टेशन' भएका कारण माओवादीले सञ्चालन गरेको रेडियो कहिले सुनिने र कहिले नसुनिने हुन्छ । माओवादी रेडियोको सबैभन्दा धेरै श्रोता को होला ? कसैले अनुमान नगरेको शाही नेपाली सेना र नेपाल प्रहरी नै माओवादी रेडियोका सबैभन्दा ठूला श्रोता भएको दावी नेपालगञ्जका पत्रकार रामेश्वर बोहराले एक लेखमा उल्लेख गरेका छन् । उनी लेख्छन्, "सुर्खेतस्थित टेलिभिजनको टावर सुरक्षार्थ खटिएका सैनिकहरूले पहिलो पटक माओवादीको प्रसारण शुरूभएको विबरण बाहिर ल्याएका थिए । एक वर्षपछि आएर सो रेडियो सबैभन्दा धेरै सुन्ने सुरक्षाकर्मी नै भएका छन् ।" उनको रिपोर्टमा बर्दिया कारागारमा माओवादी एफएम सुन्न ऐन्टेनाहरू नै राखेको उल्लेख छ । (खबर, वर्ष ६ अंक ४, एनपीआई) भूमिगत पत्रकारिता गर्दाको आफ्नो अनुभवबारे माओवादी समर्थित पत्रकार ओम शर्मा लेख्छन् - हामी २५-३० जना थियौं । गाउँको एउटा फुसको घरमा प्रेस राख्यौं । गाँउमा कुर्सी-टेबुल पाउन गाह्रो हुन्थ्यो । काठमा किला गाडेर माथि काठकै लौरा तेर्स्याएर टेबुल बनायौं । कम्प्युटर प्रेस एक ठाउँमा राख्यौँ । जेनेटरको आवाज टाढा नपुगोस् भनेर खाडल खन्यौं र त्यही राखेर चलाउन शुरू गर्‍यौं । सेनाले सर्च गरेको बेलामा सामान सुरक्षित गर्न सकियोस् भनेर कागज, मसी, मट्टीतेल, प्लेट, सोलार केही जनताको घरमा र केही ओढारमा राख्ने गर्‍यौं । गाउँमा पत्रिका राखेको खवर शाही सत्ताको सदरमुकामसम्म पुग्यो ।[३९] (हे. **अनुसूची-९**)

## २.५ अन्तर्राष्ट्रिय क्षेत्रको अवस्था

मानव इतिहासदेखि वर्तमानसम्म मानिसले १४,५०० वटा भन्दा बढी युद्ध लडिसकेका छन् । विगत ३,४०० वर्षको इतिहासमा २८६ वर्ष मात्रै शान्तिपूर्ण रहे भने अन्य समय युद्ध र हिंसामै व्यतित रहे । प्रथम र द्वितीय विश्वयुद्धको अन्त्यपश्चात् विश्वमा झण्डै १७० वटा युद्ध भएका छन् ।'[४०] लडाइँकै कारण अहिले पत्रकारिता पनि असुरक्षित पेशा बन्दै गएको छ । इराक, अफगानिस्तान र इजरायल-लेवनान युद्धमा पनि द्वन्द्व रिपोर्टिङ गर्ने धेरै पत्रकार हिंसाको शिकार भएका छन् र यो क्रम अहिले पनि जारी छ । यस वर्षको आधासम्ममा मात्र विश्वबाट ६० भन्दा

[३९] पत्रकारिता बुलेटिन ६०६३ जेठ अङ्क, नेपाल पत्रकार महासंघ

[४०] प्रधान, गौरी; बालबालिका र शान्ति २०६०

बढी सञ्चारकर्मी मारिइसकेका छन् । घाइते वा विस्थापित हुनेको संख्या पनि ह्वात्तै बढेको छ । कतै पत्रकारको हत्या भएको छ भने कतै लडाइँको रिपोर्टिङको दौरानमा दुर्घटनाको शिकार हुन पुगेका छन् । युद्ध पत्रकारितामा हुने यस प्रकारको जोखिमबाट बच्न पत्रकारहरूले उचित तालिम पाउन सकेका छैनन् । विश्वका कतिपय द्वन्द्वग्रस्त मुलुकमा पत्रकारको सुरक्षाका लागि उनीहरूलाई हतियारको तालिमसमेत दिन थालिएको छ । द्वन्द्वको हिंसात्मक अभिव्यक्ति र युद्धले गर्दा मानव समुदायले ठूलो पीडा भोग्नु परेको छ र थुप्रै भौतिक संरचनाहरू ध्वस्त भएका छन् । यस प्रकारको द्वन्द्वले निर्धन मुलुक बढी प्रभावित भएको पाइन्छ । विश्व परिप्रेक्ष्यमा अहिले ६५ वटा मुलुक आन्तरिक द्वन्द्वका कारण युद्ध र राजनीतिक हिंसामा फँसेका छन् ।[४१] हिंसात्मक द्वन्द्वले स्वास्थ्य, आवास, कृषि, शिक्षा जस्ता आधारभूत आवश्यकता मात्र प्रभावित नगरी परिवार, समाज र मुलुकलाई नै ध्वस्त बनाइरहेको हुन्छ । त्यसैले हिंसाको असर केलाउन कठिन छ । अहिले चर्किएको हिंसाको असर वर्षौंसम्म पनि परिरहेको हुन्छ ।

संसारमा खासगरी मार्क्सवादी सैद्धान्तिक र वैचारिक धारणाबाट प्रेरित भई राज्यसत्ता परिवर्तनको लागि सन् १९४५ देखि हालसम्म २३ देशमा विद्रोह भएका छन् (पहारी,२००३) । यसरी भएका विद्रोहमा भियतनाम (१९४५), उत्तरकोरिया (१९४८), चीन (१९४९), इजिप्ट (१९५२), बोलिभिया (१९५२), क्युवा (१९५९), बर्मा (१९६२), अल्जेरिया (१९६२), दक्षिण यमन (१९६७), बेनिन (१९७२), इथोपिया (१९७४), गीनीया-वीसउ (१९७४), लाओस (१९७५), माडागास्कर (१९७५), मोजाम्बिक (१९७५), कम्बोडिया (१९७५), अफगानिस्तान (१९७८), ग्रेनाडा (१९७९), निकारागुवा (१९७९), इरान (१९७९), बुर्कीनाफासो (१९८३), पेरु (१९९१) र नेपाल (१९९६), पर्दछन् । यी देशहरूमा मार्क्सवादी सिद्धान्तमा आधारित क्रान्ति भएका थिए ।

जब एउटा सिद्धान्त वा विचारलाई निमिट्यान्न पार्ने वा निषेध गर्ने उद्देश्यले अर्को पक्षले कुनै पनि गतिविधि थाल्दछ त्यतिबेला त्यो सिद्धान्त वा विचारमा विश्वास गर्ने व्यक्तिहरू विरोध गर्न थाल्दछन् र द्वन्द्वको सिर्जना हुन्छ । यो अवस्था राजनीतिक विचारधाराका सवालमा व्यापकरूपमा र सजिलै देख्न सकिन्छ । साम्यवादी सिद्धान्त र पुँजीवादी सिद्धान्तबीचको टकरावले सन् ७० र ८० को दशकमा देखिएको विश्वशक्तिको ध्रुवीकरण, पुँजीवादी शक्तिले अहिले पनि साम्यवादी विचारमा विश्वास राख्ने शक्तिमाथि देखाएको शत्रुतापूर्ण व्यवहार र त्यसको प्रतिवादमा साम्यवादीले गरेका व्यवहारले संसारका ठूला-ठूला द्वन्द्व निम्त्याएका छन् ।[४२]

[४१] प्रधान, गौरी; बालबालिका र शान्ति २०६०

[४२] उप्रेती; विष्णुराज; द्वन्द्व व्यवस्थापनका सिद्धान्त र विधिहरू एक परिचय; पृष्ठ २७; साउन २०६१

पत्रकारिताका प्राध्यापक *प्रबलराज पोखरेल* द्वन्द्वका बारेमा नेपालले चेचेनिया, सोमालिया, वोस्निया हर्जगोभिना जस्ता देशबाट पाठ सिक्न पर्छ भन्नुहुन्छ ।[४३]

राजनीतिक द्वन्द्वले सबै पक्षमा नकारात्मक असर पारेको हुन्छ । पत्रकारिता पनि यसबाट अछुतो रहन सक्दैन । अन्तर्राष्ट्रिय स्तरमा हेर्ने हो भने पेशा गर्ने सिलसिलामा सन् २००६ जनवरी महिनादेखि २००६ अप्रिल ४ महिनाको अवधिमा मात्र २७ जना पत्रकार मारिएका छन् । यसरी मारिनेमा इराकका मात्र १३ जना छन् । त्यसपछि मारिने अन्य देशमा फिलिपिन्सका ३, भारतका २, कोलम्बियाका १, रसियाका १, इण्डोनेसिया १, पाकिस्तान १, मेक्सिको १, इक्वेडोर १, भेनेजुएला १, श्रीलंका १, चीन १ रहेका छन् ।

दक्षिण एसिया पनि पत्रकारहरूका लागि असुरक्षित थलो बन्दै गएको अन्तर्राष्ट्रिय पत्रकार महासंघले सन २००५ का मे ३ तारिख (वर्ल्ड फ्रिडम डे) को अवसरमा सार्वजनिक गरेको तथ्याङ्कमा उल्लेख छ । सञ्चारकर्मीमाथि दिनहुँजसो आक्रमण हुने गरेका छन् । कतिपय देशमा सरकार अप्रजातान्त्रिक भइदिँदा उनीहरू आक्रमणको निसाना बन्नुपरिहेको छ । आतंककारीको हमलामा पनि पत्रकार पर्दै आएका छन् । तीन वर्षअघि मात्र पाकिस्तामा अमेरिकी पत्रकार डेनियल पलको पाशविक तरिकाले हत्या भएको थियो । विगत २ वर्ष यतामात्र दक्षिण एसियामा भएका हिंसात्मक घटनामा १९ जना सञ्चारकर्मीको ज्यान गएको छ । द्वन्द्वकै क्रममा सन २००५ मा मात्र ४७ जना पत्रकारको हत्या भएको अन्तराष्ट्रिय पत्रकार महासंघ (IFJ) ले आफ्नो वेभ साइटमा उल्लेख गरेको छ ।[४४]यसअनुसार यो वर्ष पनि सबैभन्दा वढी पत्रकार इराकमै मारिएका छन् । एक वर्षको अवधिमा इराकमा २२ पत्रकारको हत्या भइको छ । तसर्थ इराक पत्रकारका लागि सबैभन्दा खतरनाक ठाँउ मानिएको छ । अमेरिकाले इराकमा हमलागरे यता भड्केको हिंसामा थुप्रै पत्रकार पीडित हुनु परेको छ र पीडित हुने क्रम हालका दिनमा पनि जारी छ । पत्रकारहरूका लागि अर्को असुरक्षित देश फिलिपिन्स हो । सन् १९८६ देखि अहिलेसम्म ६६ जना पत्रकार मारिएका छन् । सन् २००५ मा मात्र ४ जना पत्रकारको हत्या भएको थियो । सोही वर्ष पकिस्तानमा २, रसियामा २, नेपालमा २, बंगलादेशमा २, श्रीलंकामा २, अजरबैजानमा १, कोलम्बियामा १, इक्वेडोरमा १, हैंटीमा १, लिवियामा १, मेक्सिकोमा १, सर्विया र मोन्टेनेग्रोमा १, सिरालियनमा १ जना पत्रकारको मृत्यु भएको थियो । त्यस्ते अप्रमाणित रूपमा थप १७ जना पत्रकार हराएका वा मारिएका छन् ।

---

[४३] Nepal can learn from conflict experiences in Chechnya, Somalia, and Bosnia where protagonist conflict parties intermingled to build an integrative grassroots community zone 0f peace ; communication perspective to bulding peace (published article)

[४४] www.cpj.org

## २.६ परिवर्तनमा सञ्चार

### २.६.१ द्वन्द्व व्यवस्थापनका लागि मध्यस्थको रूपमा पत्रकारिता

झट्ट हेर्दा द्वन्द्व पत्रकारिताको खुराकजस्तो देखिन्छ। सेक्सजस्तै हिंसा र द्वन्द्व पनि प्रेस उत्पादन विकाउने आधार हो। त्यसैले द्वन्द्व समाधान वा मध्यस्थता गर्नु व्यावसायिक पत्रकारको काम होइन भनिन्छ। रोग र रोगी बढे डाक्टरको काम बढ्छ। तर रोग निको पार्नु डाक्टरको पेशागत उद्देश्य हो। ठग डाक्टर पनि नहुने त होइनन् तर उसको प्रमुख व्यावसायिक उद्देश्य त रोगीलाई रोगबाट मुक्त गर्नु नै हो । त्यस्तै जिम्मेवार पत्रकारले पनि द्वन्द्वलाई कमाउने माध्यम बनाउँदैनन्। कुनै पनि रोगको उपचार गर्न रोगीको राम्ररी जाँच गर्नुपर्छ। डाक्टर वा विशेषज्ञले सही सूचना पाएन भने रोग खुट्याउन र उपचार गर्न सक्दैन। यस्तै द्वन्द्वको सही विश्लेषण भएन भने द्वन्द्व समाधान गर्न सकिँदैन। निष्पक्ष र सही समाचार प्रस्तुत गर्नु प्रेसको मुख्य काम हो। प्रेसको काम शान्त समृद्ध समाज निर्माण गर्नु पनि हो। त्यसैले प्रेसको भूमिकालाई मध्यस्थताको भूमिका भनेर धेरैले मानेका छन्। द्वन्द्व व्यवस्थापन वा समाधानको कुरा गर्दा केही पत्रकारले यो कुनै द्वन्द्वविद्को कार्यक्षेत्रभित्र पर्ने विषयवस्तु हो भन्ने ठान्छन्। तसर्थ द्वन्द्वको विश्लेषण गर्ने कामलाई अनावश्यक भन्ने गरेको पनि पाइन्छ। वास्तवमा एक गम्भीर समाचार लेखक अर्थात पत्रकारले द्वन्द्व विधिबारे जानकारी राख्नु आवश्यक छ। त्यसरी गरिएको विश्लेषण पछि तयार पारिएको सामग्री नै वास्तवमा सत्यको नजिक, यथार्थपरक, सन्तुलित र विश्वसनीय हुन सक्छ। द्वन्द्वको चित्रणले सम्भावनाका थप आयामबारे प्रष्ट पार्छ। यदि सञ्चारकर्मीले युद्धविराम वा द्वन्द्व शिथिल भएको अवस्था, द्वन्द्व पछि पनि द्वन्द्वका दीर्घकालीन असरहरू घनिभूत भएको अवस्थाको संवेदनशीलतालाई यदि सञ्चारकर्मीले विचार गर्न नसकेको खण्डमा पुनः द्वन्द्व भड्किने खतरा विद्यमान हुन्छ। शान्ति र द्वन्द्वको प्रभाव मूल्याङ्कन गर्ने ज्ञान भएको खण्डमा द्वन्द्वका कारणहरू विश्लेषण गर्ने र सम्भाव्य नकारात्मक प्रभाव कम गर्नुका साथै शान्ति स्थापनामा सहयोग गर्न सकिन्छ। द्वन्द्व संवेदनशील पत्रकारिता गर्ने पत्रकारले नै द्वन्द्व विश्लेषणका विभिन्न सूचक तयार गरी अध्यावधिक राख्ने र विश्लेषण गर्ने कार्य निकै रचानात्मक हुन्छ।[४५] यो पत्रकारका लागि राम्रो स्रोतसमेत बन्न सक्छ। द्वन्द्वरत पक्षहरूको पहरेदारी गर्न सक्छ र शान्ति स्थापनाको पक्षमा जनमतसमेत सिर्जना गर्न सक्छ।

---

[४५] Good journalism is a constant process of seeking solutions - Howard, Ross ; conflict sensitive journalism

द्वन्द्व भड्काउन र समाधान गर्नमा सञ्चारले ठूलो भूमिका निर्वाह गर्न सक्छ। शान्तिसम्वन्धी जनचेतना जगाउने काममा सञ्चारले नै महत्वपूर्ण भूमिका खेलेको हुन्छ। त्यसकारण युद्धको विरोधमा र शान्तिको पक्षमा जनमत निर्माण गर्न जनदबाब सिर्जना गर्न सञ्चार जगतलाई संसारभरि नै रणनीतिक औजारको रूपमा लिइएको छ।[४६] द्वन्द्वका अवधारणा, तिनको सकारात्मक र नकारात्मक रूप जान्नका लागि जानकार अनुसन्धानदातासँग पत्रकारले अन्तरक्रिया, छलफल र सहकार्य गरिरहनु जरुरी छ। पत्रकारहरूलाई साथै हिंसात्मक द्वन्द्वको अवस्थामा विश्वसनीय सूचना दिन सक्ने बनाउन पत्रकारितासम्बन्धी थप सीप पनि सिकाइनुपर्छ। द्वन्द्व कसरी सिर्जना हुन्छ , के गर्दा बढ्छ, कसरी समाप्त हुन्छ भन्ने ज्ञान नभइकन समाधान खोज्न सम्भव छैन। मनोवैज्ञानिक तथा सञ्चार प्रशिक्षक फ्रिडेम्यान शुल्ज वोनथुनका अनुसार सूचनाका चार पक्ष हुन्छन्-[४७]

- वस्तुगत सूचना
- स्वीकारोक्ति
- सम्बन्ध र आग्रह

वस्तुगत सूचनालाई आफ्नो स्वीकारोक्ति प्रकट हुने गरी आग्रह बोल्ने कुराले नै त्यसप्रतिको उसको सम्बन्ध प्रकट गरिदिन्छ। सूचनाको सम्प्रेषण र प्राप्तिमा समझदारीले असर पार्दा द्वन्द्व समाधान हुन्छ भन्ने उनको निष्कर्ष हो। यसलाई सञ्चारकर्मीको कर्मले व्यवस्थापन गर्न सक्छ। देश सङ्कटमा परेको बेला आमसञ्चार क्षेत्रले व्यवसायिक पक्षलाई जोगाउँदै राष्ट्रिय हितको पक्षमा आफूलाई प्रतिबद्ध बनाउन जरुरी छ। विषयप्रतिको अवधाराणत्मक सुस्पष्टताको कमी, मानव संवेदनशीलताप्रति कमी शान्तिका विषयवस्तु भन्दा हत्या-हिंसाका विषयवस्तुको प्राथमिकता, हिंसालाई प्रशंसा गर्ने प्रवृत्ति, प्रतिक्रियात्मक सोच देखिएको भनेर पनि आलोचना हुने गरेको छ।[४८] पत्रकारहरूलाई मध्यस्थसँग दाँज्नु अरु धेरै कारण छन्। ती दुवैको काम द्वन्द्वको विश्लेषणबाट शुरु हुन्छ। उनीहरूलाई सत्यतथ्य चाहिन्छ। पेशाको हिसाबले पत्रकार र मध्यस्थकर्ताले कसैको पनि पक्ष लिनु हुँदैन। दुवैले छलफल गर्न विचार पोख्न मञ्च उपलब्ध गराउँछन् तथा द्वन्द्वमा संलग्न झगडियाहरूलाई उनीहरूको विचार पोख्न अवसर प्रदान गर्दछन्। पत्रकार र मध्यस्थ दुवैले विवादको विषयलाई नयाँ नयाँ ढंगले व्याख्या र प्रस्तुती गरेर झगडियाहरूलाई पूरानो ढर्राको सोचाइ त्यागेर पुनर्विचार गर्न र नयाँ ढंगले सोच्न लगाउँछन्।

---

[४६] उप्रेती; विष्णुराज; द्वन्द्व व्यवस्थापनका सिद्धान्त र विधिहरू एक परिचय; पृष्ठ २७; साउन २०६१

[४७] On the Road of Conflict Communication : May 2004 Page 11-12 . Friedrich-Ebert-Stiftung, Indonesia.

[४८] प्रधान, गौरी; सशस्त्र द्वन्द्व र आम सञ्चार- २०६०

अनि उनीहरूले शिक्षा दिने काम गर्दछन्। साथै उनीहरूले नै झगडियाहरूले सम्झौताको पालना गरेको नगरेको निगरानी र रिपोर्टिङ पनि गर्दछन्।[४९]

वास्तवमा पत्रकारले चाहे पनि नचाहे पनि मध्यस्थता गरिरहेका हुन्छन्। दक्षिण अफ्रिकामा सम्पन्न भएको शान्ति प्रक्रियाको अध्ययनपछि मेलिएसा बाउमन र हेन्स साइबर्टले के निष्कर्ष निकाले भने पत्रकारले चाहे पनि नचाहे पनि मध्यस्थता गर्छन्। यसको परिणाम व्यापक हुन्छ। मध्यस्थकर्ताले भन्दा प्रेसले ठूलो समुदायलाई प्रभावित पार्छ। मिडियाको दृष्टिकोण र जनमतबाट द्वन्द्वरत पक्षबीच चलिरहेको सम्झौता वार्ता प्रभावित हुन सक्छ र जनमत सिर्जना गर्न वा त्यसलाई डोऱ्याउन जनमतले स्वीकार नगरेसम्म सम्झौता सफल हुन सक्दैन। द्वन्द्वको प्रवृतिको विश्लेषणले विषयवस्तुको चिन्तनलाई फराकिलो पार्छ। द्वन्द्व चलिरहेको अवस्थामा वा द्वन्द्वको उत्तरावस्थामा पनि मिडियाले शान्तिका लागि वकालत गरिरहनु पर्छ।[५०]

द्वन्द्व व्यवस्थापन एकआपसी फाइदा, सामूहिक सिकाइ र द्वन्द्व रूपान्तरणको अवधारणमा आधारित हुन्छ। द्वन्द्व पूर्ण समाधान नभएको अवस्थामा पनि द्वन्द्व व्यवस्थापनले द्वन्द्वको तनावपूर्ण अवस्थालाई न्यूनीकरण गर्दछ र समाधानका लागि उचित वातावरण तयार गर्दछ। त्यसैले द्वन्द्व व्यवस्थापन द्वन्द्व रूपान्तरणको एक अभिन्न अङ्ग हो।

विभिन्न तहमा औपचारिक वार्ता भएपछि द्वन्द्व मत्थर हुने अवस्थामा द्वन्द्वमा अल्झिएका पक्षका नेताहरू युद्धका सम्भावित परिणामहरूबारे सोच्न थाल्छन्। यो अवस्थामा उनीहरू युद्ध बाहेकका अन्य विकल्पबारे पनि छलफल र विचार विमर्श गर्न थाल्दछन्। यस्तो बेलामा युद्धविरामका लागि नागरिक समाज र शान्तिवादी समूहले दवाब सिर्जना गर्नुपर्छ। द्वन्द्वमा अल्झिएका पक्षलाई सम्झौताको मौका उपलब्ध गराउनुपर्छ। किनभने, आवश्यक गोप्यताका अभावमा युद्धविराम र सम्झौताका अवसर गुम्न सक्छन्। सञ्चारकर्मीहरूले द्वन्द्व व्यवस्थापनको यो पक्षमा विशेष ध्यान पुऱ्याउनुपर्छ। क्रेमिया युद्ध (सन् १८५३-५६) मा पहिलो पल्ट युद्धसम्बन्धी समाचार पठाएर *लण्डन टाइम्स*का संवाददाता विलियम हवार्ड रसेलले युद्धको नकारात्मक प्रभाव घटाउन ठूलो योगदान गरेका थिए। भनिन्छ, तद्अनुरूप युद्धका घाइतेहरूको अवस्थाबारे उनैले लेखेको समाचार पढेर विश्वकी महान् सेवीका फ्लोरेन्स नाइटेङ्गेलले युद्धका घाइतेहरूको सेवामा जीवन अर्पण गर्ने निर्णय लिएकी थिइन्।

---

[४९] उप्रेती, विष्णुराज : द्वन्द्व व्यवस्थापनका सिद्धान्त र विधिहरू-२०६१

[५०] During conflict and in the post conflict situation, communicators need to play a fearless peace advocacy role so as to find sustainable de-escalation measures . communication perspective to bulding peace (published article of Prabal Raj Pokharal )

अहिंसात्मक सञ्चारका विशेषज्ञ *मार्शल रोसेनवर्गका* अनुसार, द्वन्द्व समाचारमा रुचि राख्ने पत्रकारले भावना र विचारलाई पृथक ढङ्गले हेर्नुपर्छ । उनीहरूले आफ्नो भावनालाई केन्द्रमा राखेर होइन, विभिन्न पक्षको भावना र विचारलाई बेग्लाबेग्लै ढङ्गले बुझ्नुपर्छ । हरेक व्यक्ति आफ्नो लागि मात्र जिम्मेवार बन्न सक्छ । अर्काको भावना र विचारको जिम्मा कसैले लिन सक्दैन । प्रत्येक सञ्चारकर्मीले सत्य र तथ्य थाहा पाउने जनताको अधिकारको सम्मान गर्नुपर्छ । यसका लागि सञ्चारकर्मी स्वयम्ले नै स्वतन्त्रताका सिद्धान्तलाई ग्रहण गर्नुपर्छ । सञ्चारकर्मीले द्वन्द्वसम्बन्धी समाचारहरूको आधिकारिकताको पुष्टि गर्न ठूलो मेहनत गर्नुपर्ने हुन्छ । सञ्चारकर्मीले कुनै पनि अनौपचारिक कुराकानीका आधारमा प्राप्त व्यक्तिगत खालका सूचनाहरू प्रस्तुत गर्नु हुँदैन । यस्ता सूचनाहरूलाई उत्तेजनात्मक समाचारको रूपमा प्रस्तुत गर्दा समाजमा नकारात्मक असर पर्छ । हिंसात्मक घटनाको समाचार लेख्दा भयानक परिदृश्यको बढाईचढाई वर्णन गर्नाले हिंसालाई नै प्रवर्द्धन गर्छ । बरु निष्क्रिय र निराश बनाइएका जनताको वर्णन गर्नुपर्छ । विवाद र संघर्ष शुरू गरेको आरोप कसैमाथि लगाउनुको साटो द्वन्द्वरत पक्षको समग्र मुद्दाहरूको नतिजाको विषयमा ध्यान दिनुपर्छ । पीडाका कुरा प्रस्तुत गर्दा एकपक्षको मात्र पीडा उल्लेख गर्दा अर्को पक्ष पुरै बदमाश भन्ने पर्न गई द्वन्द्व बढ्नमा सघाउ पुऱ्याउँछ । यसैगरी आमहत्या, राजनीतिक हत्या, कत्लेआम, शृङ्खलाबद्ध हत्या जस्ता अतिशयोक्तिपूर्ण भाषाको प्रयोगले पीडाको उत्कर्ष भोगिरहेको अनुभूति पस्केर मानिसलाई आतंकित पार्छ । क्रूर, असभ्य, जंगली, हिंस्रक दानवीय, बर्बर, पाशविक जस्ता विशेषण प्रयोग गर्दा आग्रह प्रकट भएको प्रतित हुन्छ । त्यस्तै आतंककारी, चरमपन्थी आततायी आदी शब्द उनीहरू स्वयम्ले प्रयोग गर्ने नभई अरुले आरोपित गर्ने शब्द हुन् । जसले गालीको अर्थ दिन्छन् । यसले पत्रकारितामा सन्तुलनसमेत बिगारिदिन्छ । तसर्थ उनीहरूको नाम नै भन्नु श्रेयस्कर हुन्छ ।

सूचनाको हक र स्वतन्त्र पत्रकारिताको माग गर्ने जो कोहीले पनि आफ्नो दायित्वबाट पन्छिन मिल्दैन । विशेषगरी द्वन्द्व चर्काउन पत्रकारिताले नै ठूलो भूमिका खेल्ने गर्छ । माओवादीको हिंसात्मक आन्दोलनलाई हेर्ने हो भने शुरूका दिनमा नेपालका ठूला पत्रपत्रिकाले समेत माओवादीको गतिविधिलाई बढाईचढाई गरेर छापेको कुरालाई लिएर आलोचना हुने गरेको थियो । माओवादीले गरेको हत्यालाई पत्रपत्रिकाले 'जनकारवाही' वा 'सफाया' भन्दै हिंसालाई प्रोत्साहित गरेको देखिन्छ । त्यस्तै माओवादी क्षेत्रमा भएका गतिविधिलाई समेत बढाईचढाई गरेर हिंसालाई नै प्रेरित गर्ने काम पत्रपत्रिकाले नगरेका होइनन् । त्यो हुनुमा पत्रकारहरूमा द्वन्द्व संवेदनशीलता सम्बन्धी तालिमको कमी हो ।

## २.६.२ शान्ति पत्रकारिता

पत्रकारिता वा सञ्चारमाध्यमले समेट्ने विषय साह्रै धेरै छन् । समेटिने विषय, क्षेत्र वा पक्षका आधारमा पत्रकारितालाई विषयगत विशेषण पनि दिने गरिएको छ । अहिले वातावरण पत्रकारिता, शिक्षा पत्रकारिता, विकास पत्रकारिता जस्ता वर्गीकरणले व्यापकता पाउँदै गएको छ । यो वर्गीकरण विभागीयकरण होइन, विशिष्टीकरणचाहिँ हो । विषयको जटिलता र प्राविधिकताका कारण यस्तो विशिष्टीकरणको खाँचो हुन्छ । यसलाई पत्रकारिताको स्वाभाविक विकासका रूपमा बुझ्नुपर्छ । शान्ति पत्रकारिता पनि यस्तै विशिष्टीकृत पाटो हो । हिंसा, द्वन्द्व र हातहतियार तथा बलको प्रयोगका बिगबिगिले शान्तिपत्रकारिताको खाँचो अनुभव भयो ।[५१]

शान्ति पत्रकारिता द्वन्द्वको विश्लेषण र रूपान्तरणउपर अन्तर्दृष्टि दिँदै बृहत्तर स्वच्छत्तर तथा बढी सत्य तथ्य तवरबाट घटना कथनको रूपरेखा दिने पत्रकारिता हो (गोल्ड्रिक र लिन्च, २०००) । शान्ति पत्रकारिता सामाजिक उत्तरदायित्वको सिद्धान्तमा आधारित पत्रकारिता हो । यसले समाचार लेखन र सम्प्रेषणका दैनिक व्यावहारिक क्रियाकलापमा सिर्जनात्मकताको आचरण र अभ्यासलाई जोड दिन्छ । शान्ति पत्रकारिता द्वन्द्वप्रति अत्यन्त संवेदनशील पत्रकारिता हो । यो खेल पत्रकारिताजस्तो जीत हारको पत्रकारिता होइन । पीडित भएकालाई थप पीडित नबनाउने र पीडितप्रति सहानुभूति राख्नु शान्ति पत्रकारिताको विशिष्टता हुन्छ । यसले तथ्य र सूचनाको विनिमय मात्र गर्दैन विकल्पहरूको खोजीमा जोड दिन्छ । द्वन्द्वका कारणमा केन्द्रित रहनु र समाधानतर्फका विकल्पहरूको खोजी र प्रस्तुति शान्ति पत्रकारिताका मूल चरित्र हुन् ।[५२]

'कसैलाई पनि हानि पुग्ने काम नगर' यो केन्द्रियतामा सन्देशको विनिमय गर्नु सञ्चार शैलीको साध्य हो । शान्ति पत्रकारिता, खोज पत्रकारिताले जस्तो रहस्यमय रहेका विषयको चिरफार गर्नतर्फ लाग्दैन । यसमा पनि सूक्ष्म अन्वेषण त हुन्छ तर त्यो समाजलाई शान्तिमा डोहोऱ्याउने उपायको विकल्पहरूको खोजीमा केन्द्रित् हुन्छ । यो मानवकष्टको न्यूनीकरणका लागि सत्यतथ्यको सञ्चारण र प्रसारण गर्ने शैली हो । पत्रकारिताको यो शैलीमा द्वन्द्वलाई न्यायोचित शान्तितर्फ अवतरण गराउने उपायको खोजीमा समाचार सामग्री शैलीबद्ध रूपमा प्रस्तुत गरिन्छ । शान्ति पत्रकारिता त्यस्तो सञ्चारशैली हो जो सधैं अहिंसा, सिर्जनात्मकता र मानवहितका लागि तथ्यहरू र कलाको संयोजन गर्छ र यसले सामाजिक उत्तरदायित्वको पत्रकारिताको सिद्धान्तलाई नै सैद्धान्तिक धरातल मान्छ ।

---

[५१] गुरुङ; हस्त; शान्तिका लागि पत्रकारिता अवधारणा र अभ्यास पृष्ठ- ५६; २००४

[५२] भट्टराई, रविन्द्र (सम्पादक), द्वन्द्व रूपान्तरणका लागि शान्ति पत्रकारिता, प्रशिक्षण पुस्तिका

प्राध्यापक जोहन गाल्टुङले सन् १९७० मा शान्ति निर्माणार्थ शुरु गरेको पत्रकारिताको नयाँ विधा नै शान्ति पत्रकारिता हो। यसलाई द्वन्द्व संवेदनशील पत्रकारिता, रचनात्मक पत्रकारिता, परिवर्तन पत्रकारिता, समाधानमुखी पत्रकारिता तथा पूर्ण पत्रकारिता जस्ता विविध नाम पनि दिइएका छन् ।[५३] नाम जेसुकै दिए पनि यसअघि बताइएका पत्रकारिताका मुलभूत सिद्धान्तहरू नै यस पत्रकारिताको पनि मुख्य आधार हो ।

पत्रकारिताले घटनाका कारण र प्रभावलाई विश्लेषण गर्दा थप नकारात्मक प्रभाव नपरोस् भन्ने कुरामा ध्यान दिन्छ र यसले पत्रकारको भूमिकालाई सूचना आदान-प्रदानमा मात्र सिमित नराखेर सङ्कटको बेलामा समाधान खोज्ने सामाजिक मध्यस्थकर्ताको भूमिकामा समेत अग्रसर गराउँछ। त्यसैले यसलाई समाधानमुखी पत्रकारिता भनिएको हो। पत्रकारहरूमा द्वन्द्व विश्लेषण गर्ने क्षमता अभिवृद्धि गर्ने र द्वन्द्व समाधान गर्ने विषयमा समाजलाई सक्रिय पार्ने कला सिकाउनु नै शान्ति पत्रकारिताको मूलभूत उद्देश्य हो ।

शान्ति पत्रकारिताको विधि युद्ध पत्रकारिताको विपरीत छ। पत्रकारितामा उल्टो पिरामिडको प्रयोग गर्ने विधि युद्ध पत्रकारिताको उपज हो। उल्टो पिरामिड विधामा जित, हार, क्षति, लाभ, हानी वा तत्कालको प्रभावलाई विषेश महत्व दिएर समाचारको लिड लेखिन्छ। यस्तो समाचारले एउटा पक्षलाई खुशीले उत्तेजित र अर्को पक्षलाई दुःखी र निराश तुल्याउँछ। यस्तो पत्रकारितामा समाजलाई मूकदर्शक वा शक्तिहिन पक्षको रूपमा प्रस्तुत गरिन्छ। योद्धालाई मात्र समाचारका विषय बनाइन्छ। हारजितको खेलमा स्वयम् पत्रकार सामेल भइरहेका हुन्छन्। शान्ति पत्रकारिता खेलकुद पत्रकारिताभन्दा विपरीत शैलीमा अभ्यास गरिन्छ। खेलकुद पत्रकारितामा विजयीलाई महत्वका साथ प्रशंसा गरिएको हुन्छ। हार्ने पक्षलाई ज्यादै कम महत्व दिइन्छ। खेल पत्रकारितामा विजयीपक्षलाई महत्वका साथ स्याबासी दिइन्छ भने हार्ने पक्षलाई उपदेश दिइन्छ।

प्रोफेसर जोहान गाल्टुङको भनाइमा शान्ति पत्रकारिता स्वस्थ पत्रकारिताजस्तै हुनुपर्छ। स्वस्थ पत्रकारिताले कुनै बिरामीको शरीर क्यान्सरका विषाणुका कारण दिनदिनै कसरी क्षय हुँदै जान्छ र उसले बाँच्नका लागि के-के उपाय अपनाउन सक्छ, योग्य चिकित्सक र औषधी कहाँ-कहाँ पाइन्छ, उपचारमा खर्च कसरी जुटाउन सकिन्छ वा उपचारमा कति खर्च लाग्छ जस्ता सूचना दिएर बिरामीलाई सहयोग पुऱ्याउँछ।

हिंसाले पनि क्यान्सरको विषाणुले झैं समाजको प्रत्येक एकाइलाई नष्ट पारिरहेको हुन्छ। युद्धले सामाजिक संरचना संस्कृतिलाई ध्वस्त पारिरहेको हुन्छ। यस्तो बेलामा कुनै राष्ट्र रोगी शरीर जस्तै हुन पुगेको हुन्छ। त्यसैले यस्तो बेलामा पत्रकारले समस्या समाधानको विकल्पहरू

[५३] गुरुङ; हस्त; शान्तिका लागि पत्रकारिता अवधारणा र अभ्यास २००४

खोज्न मद्दत पुऱ्याउँनुपर्छ र पत्रकारितालाई नयाँ ढंगले समाजप्रति उत्तरदायी अनुशासित हुने अभ्यास गराउनका लागि नै शान्ति पत्रकारिताको नयाँ विधि शुरू गरिएको हो ।

शान्ति पत्रकारिता द्वन्द्वप्रति संवेदनशील पत्रकारिताको शैली भएकाले यो पत्रकारिताको परम्परागत ढाँचाभन्दा पृथक ढाँचामा विकास भइरहेको छ। परम्परागत पत्रकारितामा शान्ति आफैमा समाचारको विषय बन्दैन । तर शान्ति पत्रकारितमा शान्ति समाचारको विषय हो ।

## २.७ द्वन्द्व रिपार्टिङका नियम

द्वन्द्वसम्वन्धी रिपोर्टिङ गर्नका लागि अमेरिकास्थित द्वन्द्व व्यवस्थापन समूहले पत्रकारलाई निर्देशिकाको रूपमा एउटा सूचि तयार पारेको छ। जिम्मेवार पत्रकारितालाई व्यवहारमा उतार्दै द्वन्द्व रिपोर्टिङ गर्नका लागि यो निर्देशिकालाई नमूनाको रूपमा उपयोग गर्न सकिन्छ । जस्तो-

### २.७.१ द्वन्द्वमा संलग्न सबै पक्षलाई समेट्नु

निश्चय नै यो नियम पत्रकारिताको कुनै पनि आचारसंहिताभित्र पर्ने सर्वमान्य नियम हो । यसको उद्देश्य हो- समाचारका सबै पक्षलाई सत्य, तथ्य, न्यायपूर्ण तथा सन्तुलित ढंगले समेट्नु । मिडियालाई भ्रममा राख्ने वा गलत सूचना दिने काम सरकारी निकायले मात्रै होइन विपक्षले पनि गर्न सक्छ भन्ने बिर्सन हुँदैन । यसकारण प्रयास गर्दा पनि कहिलेकाहीँ वस्तुगत स्थितिको स्पष्ट धारणा पाउन गाह्रो हुन्छ ।

पत्रकारले द्वन्द्वमा संलग्नहरूको विभिन्न दृष्टिकोणलाई प्रस्तुत गर्नुपर्छ। त्यसो गर्न नसकिने स्थितिमा कम्तीमा पनि विभिन्न दृष्टिकोणको तय पनि गर्नुपर्छ । साथै ती दृष्टिकोणमध्ये किन एउटा दृष्टिकोणको दाँजोमा अर्को वेस छ भनी व्याख्या गर्नुपर्छ ।

### २.७.२ कसैलाई पनि लेबल नलगाई वा बिल्ला नभिराई प्रस्तुत गर्नु

द्वन्द्वको तुलानात्मक अध्ययनले के देखाउँछ भने एउटा पक्षलाई शक्तिशाली, भयावह रूपमा र अर्को पक्षलाई कमजोर, पीडित र टुक्रिएको रूपमा प्रस्तुत गर्दा कमजोर पक्षको रूपमा प्रस्तुत समूहका मानिसहरू संघर्षतिर प्रेरित हुन्छन् । शत्रुले आफूले मार्नुभन्दा पहिले शत्रुलाई मारुँ भन्ने भावना बलियो हुँदै जान्छ। यसरी उनीहरू प्रतिकारको नाममा हिंसात्मक कदम चाल्न तत्पर हुन्छन्। पत्रकारले सामूहिक भावना र दृष्टिकोण बताउन सक्ने राजनीतिक नेता वा जातीय नेताहरूलाई खोजेर सकेसम्म सबै दृष्टिकोण प्रस्तुत गर्न खोज्नु स्वाभाविक हो। तर पत्रकारले नेताहरूको चाहना र रुचि नै सम्पूर्ण समूहको पनि चाहना र रुचि हो भनेर ठान्नु हुँदैन । किनकि व्यक्तिले कुनै काम गऱ्यो भने त्यसलाई पूरै समूहले गरेको मानिँदैन ।

### २.७.३ घटनाको मात्र समाचार नदिई सन्दर्भ र पृष्ठभूमि पनि उल्लेख गर्नु

कुनै पनि युद्ध, संघर्ष वा द्वन्द्वको पछाडि जटिल ऐतिहासिक पीर, बाधा, गुनासा र पीडा हुन्छन् । शोषण र अधिकारका शृङ्खलाहरू हुन्छन् । इतिहासकारहरूले इतिहासलाई बङ्ग्याएर, पर्याप्त अध्ययन नगरीकन वा कुनै जातिको इतिहास, संस्कृति र जातीय चरित्रलाई नबुझीकन प्रस्तुत गरेका हुन्छन् । नेताहरूले आफ्नो समूहको समर्थन बटुल्नका लागि इतिहासलाई बङ्ग्याएर व्याख्या गरेको पनि हुन सक्छ । यस्ता कुरामा पत्रकारले प्रकाश पार्न सक्नुपर्छ । यसका साथै द्वन्द्वमा संलग्न समूहहरूको सम्बन्ध भनेको हिंसात्मक घटना मात्रै हुन् भन्ने सोचाइ र हिंसाका घटनालाई मात्र समेट्ने प्रवृत्तिलाई त्याग्नुपर्छ । साथै पत्रकारले समूहले मध्यस्थता-वार्ता गर्ने गराउने चाहना वा प्रयास गरिरहेको छ कि छैन भन्ने कुरा खोजी रहनुपर्छ ।

### २.७.४ जातीय सघर्ष विश्वव्यापी घटना हुन् र द्वन्द्व व्यवस्थापन सम्भव छ भनेर शिक्षित पार्नु

संसारभरि जातीय द्वन्द्व चलेका छन् । पत्रकारहरूले पाठकको निराशालाई हटाउन जातीय संघर्षहरू प्रभावकारी ढङ्गले समाधान भएका छन् भन्ने कुरामा विभिन्न देशको उदाहरण दिएर बुझाउन सक्नुपर्छ । पाठकलाई बुझाउनुपर्ने अर्को महत्वपूर्ण कुरा के छ भने जातीय विविधता भिन्न समूहबीच मात्रै हुँदैन एउटै समूहभित्र पनि हुन्छ । सानो भू-भागमा सयौं जातीय भाषिक, धार्मिक तथा सांस्कृतिक विविधता भएको नेपालको सन्दर्भमा सो कुरा विशेष उल्लेखनीय हुन्छ । कुनै समुदायको समग्र इतिहास र अपेक्षालाई औसत रूपमा प्रस्तुत गर्दा समूहभित्रका विभिन्न विचार पनि सँगसँगै प्रस्तुत गर्नुपर्छ ।

### २.७.५ उत्तरदायित्वपूर्ण पत्रकारिताको अभ्यास गर्नु

पत्रकारहरू समाचारका व्यापारी होइनन्, समाजका जिम्मेवार नागरिक हन् । सञ्चार माध्यम राज्यको चौथो अंग हो भन्ने कुरा बिर्सनु हुँदैन । द्वन्द्वको समाचारले झन् दुश्मनी बढाउन र हिंसा चर्काउन सक्छ । आरोप प्रत्यारोपको बक्तव्य तथा द्वन्द्वको सही वा गलत पक्ष तथा हिंसाको समाचार प्रस्तुत गर्दा गहन रूपमा विचार पुऱ्याउँनुपर्छ । तर यो काम सरकारी सेन्सरबोर्डले भन्दा पत्रकार र सम्पादकले राम्ररी गर्छन् । वास्तवमा द्वन्द्वको रूपमा रिपोर्टिङ गर्दा तथ्यलाई लुकाउनु भन्दा तथ्यको बेलिविस्तारका साथ व्याख्या गर्न आवश्यक हुन्छ । हिंसा र द्वन्द्व घटाउने कार्यमा पत्रकारले रचनात्मक भूमिका खेल्नुपर्छ ।

## २.८ सुरक्षित पत्रकारिताका लागि अन्तर्राष्ट्रिय आचारसंहिता

खतरापूर्ण अवस्था र संघर्षपूर्ण क्षेत्रमा काम गर्दा पत्रकार तथा सञ्चारकर्मीमाथि आइलाग्ने खतरा वर्तमान अवस्थामा गम्भीर विषय हो । युद्धग्रस्त क्षेत्रमा काम गर्दा कतिपय पत्रकार मारिन्छन् घाइते हुन्छन् वा निरुत्साहित पारिन्छ । यसरी पत्रकारलाई सङ्कटमा पार्ने काम युद्धमा सामेल दुवै पक्षबाट हुने गर्छ । सञ्चारकर्मीलाई अपराधी वा आतंककारीले मात्र होइन सरकारी निकायले पनि उत्तिकै दुःख दिइरहेका छन् । प्रहरी सेना वा अन्य सुरक्षाकर्मीले गुप्त रूपमा र गैरकानुनी तरिकाले पत्रकारलाई सताइरहेका हुन्छन् । जोखिमपूर्ण आक्रमणबाट बच्नका लागि पत्रकार र सञ्चार संस्थाले अपनाउन सक्ने उपाय थोरै छन् । सञ्चारकर्मी र सञ्चारमाध्यमले स्थिति यस्तो भए पनि जोखिम घटाउने केही निश्चित कदम चाल्नै पर्ने हुन्छ ।

पत्रकार तथा अन्य सञ्चारकर्मीहरू अफठ्यारो अवस्थाको सामना गर्न पूर्ण तयारी अवस्थामा रहनु आवश्यक छ । उनीहरूले स्वास्थ्य सेवा र सामाजिक सेवा उपलब्ध गराउनका लागि एउटा संयन्त्र बनाउनुपर्छ उनीहरूले काम गरिरहेको क्षेत्रको राजनीतिक भौगोलिक तथा सामाजिक अवस्थाको बारेमा आवश्यक जानकारी उपलब्ध गराउनुपर्छ । सञ्चारकर्मीहरूले पनि महत्वपूर्ण सूचना तथा जानकारी आपसमा बाँड्नुपर्छ । यस्ता विषयमा अज्ञानता र लापरबाहीपूर्ण व्यवहार गरेमा सञ्चारकर्मीहरू स्वयम् अनिश्चित र असुरक्षित स्थितिमा पर्न सक्छन् ।

यस स्थितिमा पत्रकार समूह, सञ्चार संस्था र सबै सम्बन्धित सार्वजनिक निकायहरूलाई तल उल्लिखित सुरक्षित पत्रकारिताका लागि अन्तर्राष्ट्रिय आचारसंहिता पालना गर्न अन्तर्राष्ट्रिय पत्रकार महासंघले आह्वान गरेको छ ।

- पत्रकार तथा अन्य सञ्चारकर्मीलाई काममा खटाउँदा प्राथमिक उपचारका सामग्री, सञ्चार उपकरण, यातायात सुविधा र आवश्यक परेको खण्डमा सुरक्षाकवचलगायतका साधन उपलब्ध गराउनुपर्छ ।
- खतरापूर्ण स्थितिमा वा खतरा आउन सक्ने पर्याप्त कारण रहेका स्थानमा काम गर्ने सञ्चारकर्मीलाई सञ्चार संस्था र सरकारी निकायले ठाउँअनुसार जोखिमबारे तालिम उपलब्ध गराउनुपर्छ ।
- सार्वजनिक निकायहरूले आफ्ना मातहतका कर्मचारीलाई सञ्चारकर्मीको अधिकारको सम्मान गर्न तथा उनीहरूको भौतिक सामग्रीप्रति आदर गर्न निर्देशन गर्नुपर्छ ।
- सञ्चार संस्थाहरूले काम गर्ने ठाउँभन्दा बाहिर काम गर्दा सञ्चारकर्मीलाई बिमा लगायतका सामाजिक सुरक्षा उपलब्ध गराउनुपर्छ ।

- सधै काम गर्ने ठाउँभन्दा बाहिर गएर काम गर्दा घाइते भएका सञ्चारकर्मीलाई सञ्चार संस्थाले निःशुल्क स्वास्थ उपचारका साथै बिरामी वा घाइते अवस्थाबाट पूर्णस्वास्थ्य नहुन्जेलसम्मका लागि स्वास्थ्य सुविधा उपलब्ध गराउनुपर्छ ।
- सञ्चार संस्थाहरूले स्वतन्त्र वा आंशिक काम गर्ने कर्मचारीहरूलाई पनि पूर्णसुरक्षा प्रदान गर्नुपर्छ। स्वतन्त्र तथा आंशिक काम गर्ने कर्मचारीलाई पनि पूर्णकालिन कर्मचारीसरह सामाजिक सुरक्षा, तालिम र उपकरण उपलब्ध गराउनुपर्छ ।

## २.९ द्वन्द्वक्षेत्रमा समाचार संकलनको वर्तमान अवस्था

राजाले २०६१ माघ १९ गते राज्यसत्ता हत्याएपछि सात दल माओवादीबीच निरंकुशतन्त्र फाल्ने समझदारी भई १२ बुँदे सहमति कायम भएपछि महिनौंदेखि पानी बाराबारको अवस्थामा रहेका दल-माओवादीबीचको सम्बन्धले नाटकीय रूप लियो । सात दलको आन्दोलन २०६२/६३ को सफलतापछि युद्धविरामको घोषणासँगै मुलुकको राजनीतिमा आमूल परिवर्तन भए पनि जिल्लामा काम गर्ने परिस्थिति फेरिएको छैन ।

यतिखेर मुलुक युद्धविरामको अवस्थामा छ । माओवादी पनि भूमिगत अवस्थाबाट सार्वजनिक भएका छन् । तर सशस्त्र आक्रमणबाहेक व्यक्ति हत्या, चन्दा, अपहरणजस्ता कुरामा अहिले पनि कमी आएको छैन । स्थानीय प्रशासन र नेपाली सेनाका पदाधिकारीले अहिले पनि पत्रकारलाई धम्क्याउन छाडेका छैनन् । माओवादी अध्यक्ष प्रचण्डले २०६३ भदौ २० गते अन्तर्राष्ट्रिय पत्रकार मिसनसँगको भेटमा प्रेस स्वतन्त्रताको ग्यारेन्टी गरेता पनि स्थानीय पत्रकारहरू माओवादीप्रति विश्वस्त हुन सकिरहेका छैनन् । नेपाल पत्रकार महासंघले २०६३ साउन २९ गते जारी गरेको प्रेस विज्ञप्तिबाट त्यही कुराको पुष्टि हुन्छ। साउन २८ गते सिरहाको लहानबाट प्रकाशित हुने *नवजागृति साप्ताहिक*का उपसम्पादक शुभक महतोलाई हतियारधारी नेपाली सेना र बिनाहतियार उपस्थित माओवादीसँग हात मिलाउँदै गरेको तस्वीर खिच्न खोज्दा सेनाले गाली गर्दै क्यामरा खोसेर फोटो मेटाउन धम्की दिए । यस्तै महासंघ काभ्रे शाखाका साधारण सदस्य एवम् *चेष्टा साप्ताहिक*का कार्यकारी सम्पादक रामशरण बजगाईंलाई पत्रिकामा प्रकाशित समाचारलाई लिएर माओवादीका दाप्चा एरिया इन्चार्ज भोला अर्यालले सोही महिनाको १७ गते जनअदालतमा उपस्थित हुन दबाब दिएका थिए ।[५४] द्वन्द्वग्रस्त क्षेत्रको वर्तमान अवस्थालाई बुँदागत रूपमा यसरी चित्रण गर्न सकिन्छ ।

[५४] नेपाल पत्रकार महासंघका महासचिव महेन्द्र विष्टद्वारा २०६३ साल साउन २९ गते जारी प्रेस विज्ञप्तिबाट

## २.९.१ मोफसलमा काम गर्ने परिस्थिति

**स्थानीय प्रशासनसँग सम्बन्धित**

नेपालका धेरै पहाडी जिल्लामा अझै दूरसञ्चारका पर्याप्त सुविधा उपलब्ध छैनन् । माओवादीले ध्वस्त पारेका कतिपय ठाउँका दूरसञ्चारका टावरहरू पुनर्निमाण भइसकेका छैनन् । पुरानो सत्ताका संरचनाहरू ध्वस्त गर्ने क्रममा माओवादीको पहिलो निशाना नै दूरसञ्चारका टावरहरू परेका थिए । सोही कारण टेलिफोन र फ्याक्स जस्ता सञ्चारका साधन केही सरकारी कार्यलयमा मात्र सीमित रहन पुगे । केन्द्रमा टेलिफोन सम्पर्क गर्न वा समाचार फ्याक्स गर्न सरकारी निकाय वा जिल्ला प्रशासन कार्यालयमै जानुपर्ने बाध्यता अहिले पनि कतिपय जिल्लामा कायमै छ । त्यो पनि कार्यालय समयभन्दा अघिपछि सम्भव छैन । जसका कारण समाचारको गोप्यता रहन्छ रहन्न भन्न सकिँदैन । जिल्लाका सुरक्षा निकायहरूलाई पत्रकारिताको सामान्य नियम पनि थाहा हुँदैन । यसले गर्दा पत्रकारको कामलाई उनीहरूले आफ्नो विरोध गरेको वा सुराकी गरेको ठान्न सक्छन् । कतिपय जिल्लामा पत्रकारहरू सदरमुकामबाट बाहिर गाउँमा जानुपरेमा स्थानीय सुरक्षा निकायलाई जानकारी दिएर मात्र जान पाइन्छ । सुरक्षाकर्मीहरू जनता र पत्रकारदेखि धेरै टाढा छन् । क्याप्टेनभन्दा माथिल्लो तहका सेनासँग भेट हुँदैन । पत्रकार भनेपछि शंका मात्र गर्छन् ।

**माओवादीसँग सम्बन्धित**

माओवादीहरू जनतासँग धेरै नजिक छन् । तर पत्रकारहरूसँग उनीहरूले चाहेको बेलामा मात्र सम्पर्क गर्छन् । पत्रकारले चाहेको बेलामा सम्पर्क गर्न कठिन छ । माओवादी इलाका, खासगरी 'कम्युन'मा जान माओवादीसँग स्वीकृत लिनुपर्छ, जसलाई जिल्लाका पत्रकारले 'भिसा' भन्ने गर्छन्

स्थलगत रिपोर्टिङमा जाने पत्रकारले माओवादीका सम्बन्धित नेतालाई भेट्नुपर्छ तर सजिलै भेट्न सकिँदैन । माओवादीले पत्रकारलाई एक दुई दिन रोकेर राख्न सक्छन् । उनीहरूले आफ्नै तरिकाले पत्रकारको जानकारी लिन्छन् । सूचना र सञ्चारको मामिलामा माओवादी ज्यादै चलाख छन् । उनीहरू पहिलो रिपोर्ट लिन मात्र रेडियो सुन्छन् । उनीहरूको सञ्चारको आफ्नै च्यानल छ र तीन दिनभित्र मेचीको खबर महाकाली पुऱ्याउन सक्छन् । पत्रकारलाई माओवादीहरूले हाम्रो प्राविधिकबाहेक सबै कुरा खुला छ छापे हुन्छ, भन्छन् । तर व्यवहारमा यस्तो हुँदैन । माओवादी  डरका कारण पनि पत्रकारले उनीहरूका समाचारमा 'सेल्फ सेन्सरसिप' लागू गर्छन् । माओवादीले गरेको बदमाशी छाप्न ठूलै जोखिम मोल्नुपर्छ ।

### २.९.२ द्वन्द्वको राजनीति

विगत एक दशकदेखिको अनवरत रूपमा सञ्चालित द्वन्द्वले पटक-पटक कुण्ठित भएको प्रेस स्वतन्त्रता शाही प्रत्यक्ष शासनसम्म आइपुग्दा 'कोमा'को स्थितिमा पुग्यो। आफ्ना कर्तुतको बारेमा पत्रकारहरूले लेख्ने हिम्मत नगरून् भनेर माओवादीले पत्रकारहरूलाई धम्क्याउने, आफ्नो पक्षमा लेख्न दबाब दिने, कुटपिट गर्ने, चरम यातना र हत्यासमेत गर्ने गरेकाले पत्रकारहरू स्वयम् पीडित भएर गाउँबाट शहर र शहरबाट राजधानी पस्ने क्रम तीव्र भयो। आफ्नो टाउकोमा सधैं बन्दुकको नाल सोझिएको त्रास पालेका पत्रकारले स्वतन्त्र पत्रकारिता गर्न सक्ने कुरै भएन। घर-परिवारलगायतको बाध्यताले कतिपय पत्रकार हिंसाबाट बच्न अरब र मलेसियातर्फ लागेका उदाहरण प्रशस्तै छन्।

अर्कातिर शहरमा केन्द्रित पत्रकारलाई राजाको हुकुम तामेल गर्ने सुरक्षा निकायलगायतले बसी टिक्न दिएनन्। माओवादीको नाममा जोसुकैलाई सुरक्षाकर्मीले अमानवीय व्यवहार गर्ने गरेको, चरम यातना दिएको, गैरन्यायिक हत्या गरेको सम्बन्धमा लेखे पत्रकारकै ज्यान लिने धम्की आउने गरेकाले स्वतन्त्र पत्रकारिता अत्यन्तै निरीह अवस्थामा पुग्यो। गाउँमा कथित जनयुद्धका सारथीहरू र शहरमा सरकारी हुकुम तामेल गर्नेहरूको बीचमा स्वतन्त्र पत्रकारिताले अस्मिता गुमाउने स्थिति आयो। पत्रकारलाई माओवादीको आरोपमा जेलमा थुन्ने काम एक पक्षले गऱ्यो भने अर्को पक्षले पत्रकारसरकारी जासुसको रूपमा व्यवहार गऱ्यो। पत्रकारलाई अनावश्यक त्रास र यातना दिने गरेकोले मोफसलमा प्रेस स्वतन्त्रता सिंहको ओडारमा सुरक्षा खोज्नु जस्तै भएको छ।[५५]

### २.९.२ कमजोर आर्थिक अवस्था

मोफसलमा पत्रकारिता गर्ने पत्रकारको अवस्था राम्रो छैन। धेरै जसोले समाचार 'बेसिस'मै काम गरिरहेका कारण उनीहरूले पठाएको समाचार छापिए पैसा पाउने नत्र नपाउने अवस्था छ। उनीहरूले समाचार प्रकाशन/प्रसारण भएको आधारमा मात्र नाम मात्रको पारिश्रमिक पाउँछन। थोरै मात्र स्थानीय पत्रकारले मासिक रूपमा तलब पाउँछन्। त्यो पनि एकदमै कम। द्वन्द्वको मार खेपिरहेको मोफसलमा ठूलो लगानीको सम्भावना पनि कम छ। माघ १९ को कदमपछि बेरोजगार हुन बाध्य भएका समाचारमूलक कार्यक्रम चलाउने वा समाचार सम्प्रेषण गर्ने धेरै पत्रकारको अझैसम्म पनि पुनर्बहाली भएको छैन। यसक्रममा देउवा सरकारले

[५५] शिव गाउँले; (सम्पादक); प्रेस स्वतन्त्रता सङ्कटका एक वर्ष; नेपाल पत्रकार महासंघ- २०६३

दिने भनी निर्णय गरेको पत्रकार कल्याण कोषको रकम अझै दिने-नदिने निश्चित छैन् ।[५६] राजधानीका धेरैजसो सञ्चारमाध्यमले बाहिरका स्थानीय पत्रकारलाई 'स्टिङ्गर' बनाएका छन् । अधिकांश स्टिङ्गरले रिपोर्टिङमा लाग्ने खर्च आफैले बेहोर्नुपर्छ । अझ टेलिभिजनमा काम गर्ने पत्रकारले त क्यामेरा किन्नेदेखि लिएर डेलिभरी खर्चसमेत आफैं बेहोर्नुपर्छ । यति मेहनतका साथ गरेको रिपोर्टिङको पारिश्रमिक लिन काठमाडौं धाउनुपर्छ । पाएको पारिश्रमिक काठमाडौंमै खान-बस्न ठीक्क हुन्छ । कहिले कहीँ त्यतिले मात्र पुग्दैन घर फर्कंदा रित्तै फर्कनुपर्छ ।

अर्कोतिर गतिलो लगानीकर्ताको अभावमा जुझारु पत्रकारहरूले आँफै पत्रिका सञ्चालन गर्नुपर्ने बाध्यता अझै पनि छ । प्राय : पत्रकारिता शोखको रूपबाट पेशामा परिणत हुने भएकाले सौखिन पत्रकारहरूले केही समय जसोतसो पत्रिका चलाउने वा त्यसलाई निरन्तरता दिने गरेका छन् । प्रचुर उत्सुकता तर लगानीको अभाव भएकाले मोफसलमा कतिपय अवस्थामा एउटै व्यक्तिले सम्पादक, समाचारदाता, टाइपिस्ट र कहिलेकहीँ पत्रिका बाँड्ने हकरको कामसमेत गर्नुपरेको छ ।

### २.९.४ पेशागत असुरक्षा

शोखको रूपमा पत्रकारिता शुरू गरेर त्यसलाई पेशामा परिणत गरुन्जेलसम्म पत्रकारहरूले धेरै संघर्ष गर्नुपरेको हुन्छ ।आफ्नो बाइलाइन छापिएकै कारण एउटा पत्रकार सन्तुष्ट रहन सक्दैन । पत्रकारहरू समाचार संकलनमा टाढा-टाढासम्म यात्रा गर्नुपर्ने हुन्छ, तर उनीहरूको कमाइ कहिलेकाहीँ त्यो स्थानसम्म पुग्ने भाडा आर्जन गर्नेसम्मको पनि हुँदैन । अत्यन्तै थोरै तलबमा वा घरैको भात खाएर सित्तैंमा सधैं काम गर्न सक्ने अवस्था रहँदैन ।

अर्कोतिर, मोफसलका पत्रकारले विभिन्न पक्षको रिपोर्टिङ गर्नुपर्छ । यसले गर्दा उनीहरूमा विषयगत दक्षताको अभाव सधैं । सधैं खड्किरहन्छ उनीहरूको जागिर अस्थायी प्रकृतिको हुन्छ । लगानीकर्तालाई आवश्यक परेको बखत उसले जागिर पायो, नचाहिएको बखत अवकाश पायो । यस्तो प्रणालीले मोफसलमा पत्रकारको पेशागत असुरक्षा बढेको देखिन्छ । एउटा संस्थाबाट जागिर छुटेपछि अर्को संस्थामा जानुपर्ने भएकाले समाचार सम्प्रेषण वा सम्पादनमा विषयगत दक्षताको अभाव मोफसलका बहुसंख्यक पत्रकारहरूमा खड्किएको कुरा हो । मोफसलका धेरै पत्रकारहरूले राजधानीमै लामो समयसम्म रहेर वा कुनै विशेष क्षेत्रमा मोफसलबाटै रिपोर्टिङ गरेर आफ्नो छवि बनाएका छन् । यसको मतलब पत्रकारिताको स्पष्ट पहिचानको लागि राजधानी नै धाउनुपर्छ भन्न खोजिएको होइन । तर विषयगत रिपोर्टिङको लागि

[५६] तत्कालीन शेरबहादुर देउवाको सरकारद्वारा पत्रकारहरू, विशेष गरी द्वन्द्वपीडित पत्रकार तथा तिनको परिवारको कल्याणका लागि उक्त सहयोग प्रदान गर्ने प्रतिबद्धता व्यक्त गरिएको थियो र सो रकम निकासा हुने अवस्थामा थियो । तर राजाको अध्यक्षतामा गठित सरकारले तत्काल यो सहयोग रकम रोक्का गर्‍यो ।

मोफसल अहिलेसम्म त्यत्ति उर्बर भइनसकेको अवस्था छ। विश्वका विकसित मुलुकमा पत्रकारको सुरक्षाका लागि ठूला लगानी भएका छन् । नेपालको सन्दर्भमा प्राय : द्वन्द्वग्रस्त क्षेत्रको रिपोर्टिङ गर्न जाने पत्रकार आफैंले लगानी गर्छ र ज्यान जोखिममा पार्छ ।[५७] यसरी रिपोर्टिङ गर्दा राम्रा समाचार दिन सके सञ्चारमाध्यमको तारिफ पाउँछ । तर पत्रकार घाइते वा मारिएमा संस्था नभई पत्रकार नै जिम्मेवार हुनुपर्छ ।

एकातिर आर्थिक बोझ त छँदैछ भने, अर्कोतिर युद्धग्रस्त क्षेत्रमा रिपोर्टिङ गर्दा आइलाग्ने भौतिक, शारीरिक र मानसिक समस्या पनि उतिकै छ। नत उनीहरूको जीवन, दुर्घटना र स्वस्थ्यको बिमा छ न स्थायी जागिर नै । हिंसात्मक क्षेत्रको स्थलगत रिपोर्टिङ गर्दा त्यहाँ बिछ्याइएका धरापहरू र तीनका प्रकृतिबारे पनि पत्रकारमा जानकारी हुनुपर्छ। अन्यथा ज्यानै गुमाउने अवस्था आउन सक्छ। अधिकांश पत्रकारले बम विष्फोटनबाट जोगिनेसम्बन्धी तालिम पाएका छैनन् । नेपालको सन्दर्भमा हेर्दा पत्रकारको बिमा हुन नसक्नु, भौगोलिक जानकारी नहुनु, यथेष्ट गृहकार्य गर्न नसक्नुजस्ता कारणले जोखिम उत्पन्न गराइरहेको हुन्छ ।

यसैगरी हिंसात्मक क्षेत्रमा रिपोर्टिङ गर्दा विद्रोही वा राज्य पक्षले लिन नहुने भनी तोकेका क्षेत्रको तस्वीर, विवरण र सूचना लिने प्रयासले पनि दुर्घटना निम्त्याउन सक्छ। यसमा पत्रकार स्वयम् पनि जिम्मेवार हुन सक्छन् । पत्रकारले प्रयोग गर्ने उपकरणहरूको पनि बिमा हुने व्यवस्था भइसकेको छैन । त्यसले पनि समय-समयमा अवरोध सिर्जना गरिरहेको पाइन्छ। नेपालमा शाही नेपाली सेना र विद्रोही पक्षले द्वन्द्वकालमा पत्रकारको क्यामरा खोस्ने जस्ता क्रियाकलाप गर्दै आएका छन् ।

नेपाली पत्रकारका निम्ति द्वन्द्व रिपोर्टिङ बिल्कुलै नयाँ क्षेत्र हो । नेपालका द्वन्द्व पत्रकारमध्ये अहिले पनि धेरैजसो तयारीबिना नै द्वन्द्वग्रस्त क्षेत्रमा पुग्छन् । दुर्गम इलाकामा काम गर्ने कतिपय नेपाली पत्रकारले तालिम र सुविधा पाएका विदेशी पत्रकारसँगै मिलेर वा उनीहरूको पथप्रदर्शक बनेर स्थलगत रिपोर्टिङ गर्ने अवसर पनि पाएका छन् । त्यहाँ उनीहरूलाई न  विदेशी

---

[५७] 'पाँच वर्ष कान्तिपुर पब्लिकेसनमा र पछिल्लो दुई वर्षयता भृकुटी पब्लिकेशनले प्रकाशित गर्दै आएको 'समय' साप्ताहिकमा काम गर्ने मेसोमा मध्य र सुदुरपश्चिमका धेरेजसो जिल्लामा रिपोर्टिङ गर्दा लाग्ने  खर्च र अन्य केही सुविधा लिएको छैन । विदेशी सञ्चार माध्यमका प्रतिनिधिसँग ग्रामीण भेग पुग्ने अवसर पाउँदा मैले उनीहरूकै खर्चमा आफू सम्बद्ध संस्थाका लागि रिपोर्टिङ गरेको सम्झँदा मन खिन्न हुन्छ।' *नेपालगञ्जका पत्रकार रुद्र खड्काको संस्मरण बाट । सशस्त्र द्वन्द्वमा नेपाली पत्रकारह्रूको अनुभव नामक एमएसआईद्वारा प्रकाशित पुस्तकमा उनले द्वन्द्व रिर्पोटिङ गर्दा पाएको शिक्षा शीर्षकमा उक्त कुरा उल्लेख गरेका छन्  ।*

आमसञ्चार माध्यमले न त उसँग सम्बन्धित सञ्चार संस्थाले नै सुरक्षा र बिमाको व्यवस्था गर्छ। उनीहरू 'जे पर्छ त्यहीअनुसार हुन्छ' भनेर रिपोर्टिङमा जानुपर्ने बाध्यता छ । [५८]

द्वन्द्व रिपोर्टिङ गर्ने पत्रकारमध्ये द्वन्द्वरत पक्षबाट पीडित सबैजसो दुर्गम र द्वन्द्वग्रस्त क्षेत्रमा बस्ने छन् । उनीहरूले बाध्यतावश द्वन्द्वको रिपोर्टिङ गर्न सिकेका हुन् । भिडन्त भएका क्षेत्रमा रिपोर्टिङ गर्न उनीहरू आफ्नै जोखिममा र खर्चमा जाने गरेका छन् । सबैभन्दा महत्वपूर्ण कुरा सञ्चारकर्मी द्वन्द्वको शिकार हुनबाट बच्नु हो। सरकारले प्रेस स्वतन्त्रताको प्रत्याभूति र सञ्चारकर्मीको जीउ ज्यानको सुरक्षाको जिम्मा लिनुपर्छ। गैर राज्य पक्षले पनि सञ्चारकर्मीमाथि आरोपका नाममा दण्ड दिँदै आएका छन्। गैर राज्य पक्षले पनि पत्रकारलाई आफ्नो हितमा मात्र सञ्चारका माध्यमको प्रयोग गर्न खोजेको छ। अझ प्रष्ट रूपमा भन्नुपर्दा माओवादीले भन्दै आएको जनयुद्ध आजको अवस्थामा ल्याउन सञ्चार जगत्को ठूलो भूमिका रहदै आएको छ। सञ्चारमाथिको माओवादीको द्वैध चरित्र देखिनु ठीक होइन ।

**२.९.५ उपकरण र प्रविधिको अभाव**

मोफसलमा डिजिटलको जमानामा पनि लेटर प्रेसबाट छापिने पत्रपत्रिका अझै छन् । ठूलो लगानीको अभावमा साना प्रेसबाट श्यामश्वेतको ४ पृष्ठको पत्रिकाले ठूला राष्ट्रिय दैनिकसँग प्रतिस्पर्धा गरिरहनुपरेको छ । राजधानी केन्द्रित ठूला पत्रिका उपत्यकाबाहिरका विभिन्न शहरबाट समेत एकैचोटि छापिँदा साना लगानीका पत्रपत्रिकाहरू प्रभावित भएका छन् । फोन, फ्याक्स, इन्टरनेट सुविधाको अभावले कतिपय महत्वपूर्ण अन्तर्राष्ट्रिय गतिविधिलाई मोफसलका पत्रपत्रिका वा अन्य सञ्चारमाध्यमले समेट्न सकेका छैनन् । उपकरणको अभाव त छ नै भएका थोरै उपकरण पनि द्वन्द्वरत पक्षबाट लुटिएका थुप्रै घटना छन् । पत्रकारको त बिमा नभएको अवस्थामा ती उपकरणको बिमा त टाढाको कुरा भयो । लुटिएका सामग्री कमै मात्र फिर्ता हुने गरेका छन् न त तिनको क्षतिपूर्ति नै । मोफसलका पत्रकारले यसबारे निकै गुनासो गर्ने गरेका छन् ।[५९]

---

[५८] खड्का; रुद्र; सशस्त्र द्वन्द्वमा नेपाली पत्रकारह्रूको अनुभव; द्वन्द्व रिर्पोटिङ गर्दा पाएको शिक्षा; पृष्ठ २७; भदौ २०६२

[५९] दैलेखस्थित कान्तिपुर संवाददाता हरिहरसिंह राठोर लेख्छन् : २०६१ जेठ १८ गते राती माओवादीले सदरमुकामसँग जोडिएको चुप्रा बजारमा राखेर सञ्चालन गरेको लामो दुरीको कर्डलेस टेलीफोनको मुल उपकरण-वेस लुटे । त्यो सेटको सत्तरी हजार रूपैया परेको थियो । जाजरकोटमा सँगै पढेका माओवादी जिल्ला इन्चार्ज खगेन्द्रसँग अनुरोध गरी ती उपकरण फिर्ता पाउने भएको थिएँ । नगर इनचार्ज उत्तम हमालले छिटै फिर्ता गरिने आश्वासन पनि दिएका थिए । तर मंसीर ३ गते काफलपानीबाट कर्डलेसमार्फत रेडियो नेपालको घटना र विचार प्रत्यक्ष प्रशारण सुनेपछि माओवादीले त्यो टेलीफोन सेट नदिने निर्णय गरे । नगर इन्चार्ज हमालले नै ती उपकरण मलाई देखाउँदै फिर्ता नदिने कुरा सुनेपछि म हिस्स परे : *सशस्त्र द्वन्द्वमा समाचार संकलन नेपाली पत्रकारहरूको अनुभव : मिडिया सर्भिसेस इन्टरनेशनल-२०६२*

केन्द्रमा मात्रै सबै सुविधा प्राप्त हुँदैमा ग्रामीण भेगमा बस्ने नेपालका ८५ प्रतिशत जनता सुसूचित हुन सक्दैनन् । त्यसैले प्रेस स्वतन्त्रतालाई मोफसलको अहिलेको स्थितिसँग तुलना गरेर अध्ययन गर्न सकियो भने मोफसलको पत्रकारिता क्षेत्र अझ सुदृढ र संस्थागत हुन सक्छ ।

### २.९.६ पेशागत दक्षतामा कमी

जिल्लामा काम गर्ने धेरै पत्रकारहरूले पत्रकारिताका आधारभूत तालिमसमेत पाएका छैनन् । तालिम पाएकाहरूले पनि प्रारम्भिक र सैद्धान्तिक कुरा मात्र जानेका हुन्छन् । सूचना र घटनाको विश्लेषण गर्ने, अर्थ्याउने सीप उनीहरूमा विकसित भएको हुँदैन । खोज पत्रकारिताका सीप प्रयोग गर्न जानेका हुँदैनन् । एक्लाएक्लै रिपोर्टिङ गर्नुभन्दा टिम बनाएर काम गर्नु, कुनै संस्थाले आयोजना गरेको प्रायोजित अध्ययनमा सामेल हुनु, बाहिरबाट आएका पत्रकारसँग मिलेर काम गर्नु बढी प्रभावकारी र सुरक्षित हुन्छ । मिडियालाई सुरक्षानिकाय र माओवादी दुवै पक्षले उपयोग गर्न खोज्छन् । अन्जानमा उपयोग पनि हुने गर्छन् । दुवै पक्षले पत्रकारको काममा हस्तक्षेप गर्न खोज्छन् । पत्रकारको सुरक्षा र सम्मान ऊसँग सम्बन्धित संस्था कति बलियो छ भन्ने कुरामा निर्भर गर्छ । राजधानीमै पनि पत्रकारितामा दक्ष जनशक्तिको अभाव खड्किएको समस्या हो । यो समस्या मोफसलमा देखिनु नेपालकै सन्दर्भमा चाहिँ साह्रै अस्वाभाविक होइन । उपत्यकाबाहिरका शहरहरूमा निर्वाध रूपले पत्रकारिताको औपचारिक अध्ययन हालसम्म सम्भव हुन सकेको छैन । शुरू भएका पनि सुचारु हुन सकेनन् । द्वन्द्वका कारण पनि आमसञ्चारमा दक्ष व्यक्ति राजधानीमै अटाउने प्रयास गर्दछ । डिग्री हासिल गरेका व्यक्ति राजधानी छोडेर कमै मात्र बाहिर जान रुचि राख्छन् ।

मोफसलको पत्रकारितामा दक्ष जनशक्तिको अभावलाई पूर्ति गर्न रत्न राज्य लक्ष्मी क्याम्पस, नेपाल प्रेस इन्स्टिच्युट, खोज पत्रकारिता केन्द्रलगायत पत्रकार महासंघका विभिन्न जिल्ला शाखा र अन्य कतिपय राजधानीकेन्द्रित संस्थाहरूले पनि बिभिन्न समय र क्षेत्रमा बेला-बेलामा तालिम कार्यक्रम आयोजना गरेका छन । तर त्यो पर्याप्त छैन् ।

## २.१० द्वन्द्वरत पक्ष र पत्रकारबीच असमझदारीका कारण

### २.१०.१ द्वन्द्वरत पक्षहरूमा प्रेस र पत्रकारको कामबारे अज्ञानता

द्वन्द्वरत दुवै पक्षलाई प्रेसको भूमिका र पत्रकारले काम गर्ने तौरतरिकाबारे पर्याप्त ज्ञान छैन । आफूले भनेको कुरा पत्रकारले छापिदेओस् भन्ने उनीहरू चहन्छन् । उनीहरू एक-अर्काको स्थिति र समाचार सूत्रबारे जानकारी चाहन्छन्, तर पत्रकारले यसो गर्नु पत्रकारिताको पेशागत मर्यादाको विपरीत हो । पत्रकारको सत्य-तथ्य, वस्तुनिष्ठ, निष्पक्ष, सन्तुलित, विवेकको आधारमा

समाचार सम्प्रेषण गर्नुपर्ने भूमिकालाई दुवै पक्षले आफ्नो विपक्षतिर लागेको वा झुकाव भएको र अन्ततः सुराकी गरेको सम्म आरोप लगाउन सक्छन् ।

**२.१०.२ बहुलबादी मिडिया र प्रेस स्वतन्त्रताबारे अस्पष्टता**

द्वन्द्वरत पक्षहरू, खास गरी माओवादीमा बहुलबादी मिडियाको अवधारणाबारे बुझाइको कमी छ। स्वतन्त्र प्रेसको परम्परागत नाराभन्दा अघि बढेर बहुविचारको महत्वमा आधारित मिडियाको बहुलवादलाई उनीहरूले स्वीकार गर्न सकेको देखिदैन। यसबारे उनीहरू सैद्धान्तिक रूपबाटै पूर्वाग्रही छन्। यही दृष्टिकोण पत्रकारलाई भौतिक सफाया धम्कीको रूपमा बेलाबखतमा झल्कने गरेको छ।

**२.१०.३ स्थानीय नेतृत्व परिवर्तन**

द्वन्द्वरत पक्षहरूको स्थानीय नेतृत्व फेरिँदा स्थानीय पत्रकारहरूको सम्पर्क सूत्र खल्बलिन्छ। नयाँ नेतृत्वको मिडिया र पत्रकारहरूबारे दृष्टिकोण साबिकको नेतृत्वको भन्दा बेग्लै हुन सक्छ। यसले दुवै पक्षबीच बुझाइमा फरक पर्नसक्छ । तसर्थ मनमुटाब बढ्न गई असमझदारी कायम रहन्छ।

**२.१०.४ स्थानीय रिसइबी**

जिल्लामा कार्यरत कतिपय पत्रकारहरू द्वन्द्वरत दुवै पक्षको ब्ल्याक लिस्टमा नभए पनि स्थानीय नेतासँगको व्यक्तिगत, पारिवारिक, जातीय, क्षेत्रीय बैरभावको शिकार बन्न सक्छन्।

**२.१०.५ पत्रकारको व्यवहार**

जिल्लाका कतिपय पत्रकारहरू आफूलाई "मै हुँ " भन्ने सम्झन्छन्। आफूले शोधेको र खोजेको कुरा जसले पनि ल्याइदिनुपर्छ भन्ने धारणा राख्छन्। तर माओवादी र सुरक्षाकर्मीहरूको आ-आफ्नै नियम छ। पत्रकारले उनीहरूको नियम नबुझे काम गर्न गाह्रो हुन्छ। म पनि यो देशको साधारण नागरिक हुँ भन्ने सोचेर अभिमानरहित भएर काम गर्ने हो भने कतिपय समस्याहरू आफै टरेर जान सक्छन्।

**२.१०.६ गलत प्रयोग**

व्यक्तिगत विश्वासको आधारमा दिइएका जानकारीहरूलाई कतिपय पत्रकारले के के नै पाएँ भनेर उत्साहित हुँदै समाचार बनाउँछन। समाचारको स्रोतलाई अप्ठ्यारोमा पार्छन। कहिलेकाहीँ सम्बन्धित पक्षहरूले नै पत्रकारको इमानदारी वा बैचारिक झुकाव जाँच्न पनि गलत समाचार दिन्छन्। यसबाट पत्रकार जोगिन नसके थुप्रै समस्यासँग झेल्नुपर्ने हुन सक्छ । *(राजधानीमा द्वन्द्वक्षेत्रमा काम गर्ने पत्रकारहरूका लागि आइपीआइद्वारा आयोजित कार्यशाला गोष्ठीमा सहभागीहरूसँग गरिएको कुराकानीमा आधारित)*

## २.११ शान्तिका लागि भएका प्रयास

२०५२ साल फागुन १ गते बाट शुरु भएको माओवादी 'जनयुद्ध'ले २०५८ सालमा आइपुग्दा लामो फट्को मारिसकेको थियो । त्यसबीचमा शान्तिका आवाजलाई नागरिक समाज र आम जनताले बुलन्द पार्न खोजे पनि युद्धरत पक्षहरूले शान्तिको पक्षमा भन्दा बढी जोड युद्धमा दिइरहेकाले शान्ति प्रक्रिया अघि बढ्न सकेको थिएन । राष्ट्रिय-अन्तर्राष्ट्रिय परिस्थिति माओवादी प्रतिकूल हुँदै गएको तथा नागरिक समाज र आम नेपाली जनताको शान्तिप्रतिको चाहाना उत्कर्षमा पुगेपछि सरकार-माओवादी दुवै वार्ताका लागि तयार भए । तत्कालिन प्रधानमन्त्री शेरबहादुर देउवाको पालामा युद्धविराम गरी माओवादी पहिलो पटक वार्तामा सामेल भयो ।

### २.११.१ पहिलो वार्ता

सरकार र माओवादीबीच २०५८ भाद्र १४ गते राजधानीको गोदावरीमा, भाद्र २८ गते बर्दियाको ठाकुरद्वारा र अन्तिम पटक कार्तिक २८ गते गोदावरीमा वार्ता भयो। नेपाल अधिराज्यको संविधान २०४७ को विकल्पमा संविधानसभाको निर्वाचन र निर्वाचित संविधानसभाद्वारा नयाँ संविधान निर्माणका लागि माओवादीले आफूले राखेको मुख्य माग पूरा नहुने देखेपछि युद्धविराम भङ्ग गरेर दाङको सैनिक ब्यारेकमा आक्रमण गर्‍यो। यसैक्रममा प्रजातान्त्रिक नेपालको इतिहासमा पहिलो पटक मिति २०५८ साल मंसिर ११ गते सङ्कटकालीन अवस्थाको घोषणा भयो ।

### २.११.२ दोस्रो वार्ता

अघिल्लो वार्ता भङ्ग भएको करिव एक वर्ष वित्न नपाउँदै २०५९ असोज २५ मा लोकेन्द्रबहादुर चन्द प्रधानमन्त्री नियुक्तिपछि एक पटक माओवादी फेरि युद्धविराम गरेर वार्ताको टेबुलमा आयो । सरकारी पक्ष र माओवादीबीच विभिन्न चरणमा औपचारिक-अनौपचारिक वार्ता भए । वार्ताको टुङ्गो नलाग्दै प्रधानमन्त्री चन्दले राजीनामा गर्नुभयो । तर पनि युद्धविराम भने भङ्ग भएन ।

### २.११.३ तेस्रो वार्ता

२०६० जेठ १८ मा सूर्यबहादुर थापा प्रधानमन्त्री नियुक्त भएपछि उहाँले माओवादीसँग वार्ता जारी राख्ने प्रतिबद्धता व्यक्त गर्नुभयो । यो चरणमा माओवादीले सरकारसँग वार्ताका लागि राजनीतिक कार्यसूची प्रस्तुत गर्न आग्रह गरे । यसअनुरूप २०६० श्रावण २२ गते नेपालगञ्ज र भाद्र १ र २ गते दाङको हापुरेमा सरकार र माओवादी पक्षबीच वार्ता भयो। सरकारले माओवादीद्वारा प्रस्तुत गोलमेच सम्मेलन र अन्तरिम सरकारको मागलाई स्वीकार गर्दै

संविधानसभाको मागभन्दा तल नओर्लिने बताएपछि सरकारसँग वार्ता गर्नुको कुनै औचित्य नरहेको ठहर गर्दै माओवादी वार्ताको टेबुलबाट बाहिर गयो । साथै दोश्रो पटकको युद्धविराम पनि भङ्ग भयो ।

### २.११.४ सातदल-माओवादी १२ बुँदे समझदारी

श्री ५ ज्ञानेन्द्रले २०६१ साल माघ १९ गते देउवा सरकारलाई हठात् बर्खास्त गरी शासनको बागडोर आफ्नो हातमा लिएपछि नेपालको राजनीतिमा ठूलो हंगामा मच्चियो । त्यसो त २०५९ असोज १८ गते जननिर्वाचित प्रधानमन्त्री शेरबहादुर देउवालाई अक्षम भएको आरोप लगाउँदै बर्खास्त गरी लोकेन्द्रबहादुर चन्दलाई प्रधानमन्त्री बनाएपछि सोही बेलादेखि नै राजनीतिक दलहरू ससंकित थिए । माघ १९ को शाही कदमले झण्डै पानी बाराबारको अवस्थामा पुगिसकेका दल-माओवादीलाई नजिकिन बाध्य बनायो । निरंकुश राजतन्त्र फाल्न उनीहरू कहिले लखनउ त कहिले सिलगुडीमा अनौपचारिक वार्तामा जुटिरहे । २०६२ मंसिर ७ गते भारतको नयाँ दिल्लीमा सात दल-माओवादीबीच वार्ता भयो । वार्ता ऐतिहासिक १२ बुँदे समझदारीमा पुगेर टुङ्गियो । सात दल-माओवादी समझदारीको प्रस्तावनामा भनिएको छ :- नेपालमा लामो समयदेखि चल्दै आएको निरंकुश राजतन्त्र र लोकतन्त्रबीचको संघर्ष आज अत्यन्तै गम्भीर र नयाँ मोडमा पुगेको छ । विगत दश वर्षदेखि जारी सशस्त्र द्वन्द्वको अग्रगामी राजनीतिक निकासद्वारा समाधान गर्दै शान्ति स्थापना गर्नु आजको आवश्यकता भएको छ । त्यसैले निरंकुश राजतन्त्रको अन्त्य गरी पूर्ण लोकतन्त्र स्थापना गर्दै राजनीतिक, सामाजिक, आर्थिक, सांस्कृतिक सबै क्षेत्रका वर्गीय, जातीय, लिङ्गीय, क्षेत्रीय आदि समस्याहरूको समाधान गर्न राज्यको अग्रगामी पुनर्संरचना गर्दै पूर्ण लोकतन्त्रको अवधारणालाई कार्यान्वयन गर्न अपरिहार्य आवश्यकता भएको छ । देशमा विद्यमान उक्त परिप्रेक्ष्य र सन्दर्भमा संसद्भित्रका सात राजनीतिक दलहरू र नेकपा (माओवादी) बीच विभिन्न ढंगले वार्ता भई निम्न प्रकार समझदारी भएको कुरा सार्वजनिक गर्दछौं । (१२ बुँदे समझदारी हे. अनुसूची- ६ )

### २.११.५ चौथो वार्ता : सरकार-माओवादी २५ बुँदे युद्धविराम आचारसंहिता

माओवादीको समेत सहकार्यमा २०६२ चैत्रमा सञ्चालित सात दलको १९ दिने आन्दोलनले राजाको निरंकुश शासनलाई ढलाई संसद् पुनर्स्थापना भएपछि सात दल-माओवादीबीच वार्ताको लागि नयाँ ढोका खुल्यो । प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाको नियुक्तिपछि २०६३/२/१२ मा गोकर्णमा सम्पन्न भएको वार्ताले सरकार-माओवादी युद्धविराम आचारसंहिता जारी गऱ्यो । २५ बुँदे युद्धविराम आचारसंहिता प्रस्तावनामा भनिएको छ : -

ऐतिहासिक जनआन्दोलनमार्फत पूर्णलोकतन्त्र, अग्रगमन र शान्तिका पक्षमा प्रकट भएको जनादेशको सम्मान गर्दै,

मानवअधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ तथा अन्तर्राष्ट्रिय मानवीय कानुन र मानवअधिकारसम्बन्धी आधारभूत सिद्धान्त र मान्यताहरूप्रति प्रतिबद्ध रहँदै,

सात राजनीतिक दल एवम् नेकपा माओवादीबीच सम्पन्न भएको १२ बुँदे समझदारीलाई पूर्णरूपले पालना गर्ने प्रतिबद्धता व्यक्त गर्दै,

प्रतिस्पर्धात्मक बहुदलीय शासन प्रणाली, नागरिक स्वतन्त्रता, मौलिक अधिकार, मानवअधिकार, प्रेस स्वतन्त्रता तथा कानुनी राज्यको अवधारणा लगायत लोकतान्त्रिक मूल्य मान्यताप्रति प्रतिवद्धता व्यक्त गर्दै ,


नेपाली जनताले संविधान सभाको निर्वाचनमा कुनै डर, धाक-धम्की र हिंसाको प्रभावबिना नै सहभागी भई संविधान निर्माणको प्रक्रियामा सहभागी हुन पाउने आधारभूत अधिकारको प्रत्याभूति गर्दै तथा लोकतन्त्र, शान्ति, समृद्धि, अग्रगामी सामाजिक परिवर्तन तथा देशको स्वतन्त्रता, सार्वभौमिकता र स्वाभिमानलाई केन्द्रमा राख्दै,

नेपाल सरकार र नेकपा माओवादीबीच भएको युद्धविरामलाई स्थायी शान्तिमा परिणत गर्न र वार्ताको माध्यमबाट समस्याको शान्तिपूर्ण समाधान गर्न नेपाली जनताको भावनाअनुरुप देहायको आचारसंहिता जारी गरिएको छ : *(सरकार-माओवादी २५ बुँदे युद्धविराम आचारसंहिता हे. अनुसूची- ५)*


## २.११.६ पाँचौं वार्ता : सरकार-माओवादीको आठ बुँदे सहमति

जनआन्दोलन भाग-२, २०६२/६३ को ऐतिहासिक सफलतापछि असार २ गते सरकार-माओवादी वार्ताटोलीको आयोजनामा प्रधानमन्त्री निवास बालुवाटारमा बसेको सात दल-माओवादीका शीर्ष नेताहरूको बैठकले ऐतिहासिक आठ बुँदे सहमति कायम गऱ्यो । उक्त बैठकले सरकार-माओवादी बार्ताटोलीद्वारा गोदावरीमा सार्वजनिक गरेको आचारसंहितालाई दृढ र इमानदारीताका साथ कार्यान्वयन गर्ने, लाकतान्त्रिक मूल्य मान्यताप्रति प्रतिबद्धता व्यक्त गर्दै तदअनुरुप आ-आफ्ना गतिविधिहरू सञ्चालन गर्ने, संविधानसभाको स्वतन्त्र तथा निष्पक्ष निर्वाचनका लागि दुवै पक्षका सेना र हतियारको व्यवस्थापनमा सहयोग गर्न र त्यसको अनुगमन गर्न संयुक्त राष्ट्रसंघलाई अनुरोध गर्ने लगायतका ऐतिहासिक निर्णय गऱ्यो । *(सरकार-माओवादीसहमति हे. अनुसूची- ७)*


# द्वन्द्वको विकास र समाधान




१ द्वन्द्वको विजारोपण




२ द्वन्द्वको विस्तार




३ हिंसा र विनासको स्थिति




४ द्वन्द्व समाधानको उपायको खोजी




५ परिस्थितिको सुधार



६ वार्ता द्वारा समस्याको समाधान




७ पुनर्मिलन र सहमति



८ नयाँ समाजको निर्माण

स्रोत : बालबालिका र शान्ति २०६० (गौरी प्रधान)

## द्वन्द्वका प्रमुख कारणहरू




स्रोत : बालबालिका र शान्ति २०६० (गौरी प्रधान)

अध्याय - तीन

# अनुसन्धान पद्धति

## (Research Methodology)

### ३.१ अध्ययनको क्षेत्र

यो अध्ययन काठमाडौंबाहिरका जिल्लामा गरिएको हो। द्वन्द्व चर्किरहेको बेला द्वन्द्वग्रस्त क्षेत्रको चयन गरी ती क्षेत्रमा काम गर्ने पत्रकारका समस्या, उनीहरू र द्वन्द्वरत पार्टीबीचको सम्बन्धका बारेमा अध्ययन गरिएको छ । उपत्यकाका सम्बन्धित क्षेत्रका बौद्धिक समूह एवम् सरकारी अधिकारीसँग अन्तर्वार्ता, भेटघाट आदिको माध्यमबाट अध्ययनलाई पूर्णता दिने प्रयास गरिएको छ। त्यस्तै द्वन्द्वग्रस्त्र ४५ जिल्लाका एक सय पत्रकारहरूमाझ 'रेन्डम स्याम्प्लिङ' विधिद्वारा सर्वेक्षण गरिएको छ। घटना अध्ययन (case study) का लागि अछाम र दैलेख जिल्लालाई लिइएको छ। अछामबाट विस्थापित पत्रकारको अवस्थालाई घटना अध्ययनको विषयवस्तु बनाइएको छ भने द्वन्द्वका बेला दैलेख जिल्लामा समग्र पत्रकारिताको अवस्था कस्तो रऱ्यो भन्ने विषयको पनि अध्ययन गरिएको छ। यसरी गरिएको अध्ययनबाट प्राप्त विवरणको लेखाजोखा गरी निष्कर्षमा पुग्न सम्बद्ध विज्ञहरूको पनि सहयोग लिइएको छ।

### ३.२ अध्ययन विधि

यो अध्ययनलाई सहज रूपमा सम्पन्न गर्न आवश्यक विधिहरू निम्नानुसार अपनाइएको छ।

#### ३.२.१ प्रश्नावली

यस अन्तर्गत पाँचै विकास क्षेत्रलाई समेट्ने उद्देश्यले द्वन्द्व प्रभावित जिल्लाहरुको संख्याको आधारमा समानुपातिक रूपमा पूर्वाञ्चलका १० जिल्लाबाट १७, मध्यमाञ्चलका ८ जिल्लाबाट ७, पश्चिमाञ्चलका १० जिल्लाबाट २७, मध्यपश्चिमाञ्चलका १० जिल्लाबाट २९ र सुदुरपश्चिमाअञ्चलका ७ जिल्लाबाट २० जना छनोट गरी जम्मा ४५ जिल्लाका द्वन्द्वग्रस्त क्षेत्रका एक सय पत्रकारमाझ प्रश्नावली विधिमार्फत सर्वे गरिएको थियो। सकेसम्म वढी जनसंख्या समेटियो भने अध्ययनको नतिजा कम त्रुटिपूर्ण हुन्छ भन्ने मान्यता अनुरुप सय जना पत्रकारमाझ सर्वे गरिएको हो । यो प्रश्नावली सरकार र माओवादीबीच द्वन्द्व चर्किरहेको बेला उनीहरूको

अनुभवलाई जम्मा पार्ने उद्देश्यले तयार पारिएको हो । यसको आधारमा उनीहरू कार्यरत क्षेत्रको पत्रकारिताको अवस्थाबारे बुझ्न खुला र बन्द दुई खाले प्रश्नावली फारम तयार गरिएको छ । *(प्रश्नावली अनुसूची १ मा)* ।

**सर्वेक्षणमा सहभागी पाँचै विकास क्षेत्रका पत्रकार र प्रतिनिधित्व गराइएका जिल्ला**

**तालिका नं. १**

| क्र.स | विकास क्षेत्र | सहभागी संख्या | प्रतिशत | सहभागि जिल्ला | प्रतिशत | जम्मा जिल्ला |
|---|---|---|---|---|---|---|
| १ | पूर्वाञ्चल | १७ | १७ | १० | २२ | १७ |
| २ | मध्यमाञ्चल | ७ | ७ | ८ | १८ | १९ |
| ३ | पश्चिमाञ्चल | २७ | २७ | १० | २२ | १६ |
| ४ | मध्यपश्चिमाञ्चल | २९ | २९ | १० | २२ | १४ |
| ५ | सुदूर पश्चिमाञ्चल | २० | २० | ७ | १६ | ९ |
| | | जम्मा-१०० | | जम्मा-४५ | | जम्मा-७५ |

### ३.२.२ घटना अध्ययन

यो विधिअन्तर्गत द्वन्द्वका कारण अछाम जिल्लाबाट विस्थापित पत्रकारहरूको बारेमा घटना अध्ययन गरिएको छ। त्यस्तै दैलेख जिल्लाको समग्र पत्रकारिता तथा पत्रकारलाई द्वन्द्वले पारेको असरको अध्ययन गरिएको छ । यसबाट सम्पूर्ण द्वन्द्वग्रस्त क्षेत्रका पत्रकारको प्रतिनिधित्व गर्न सक्छ भन्ने विश्वास लिइएको छ। घटना अध्ययनका लागि छलफल विधिसमेत अपनाइएको छ।

### ३.२.३ पुस्तकालय विधि

यस अन्तर्गत प्रेस र मानवअधिकारको पक्षमा वकालत गर्दै हिँड्ने वरिष्ठ पत्रकार, कानुन व्यवसायी तथा मानवअधिकारकर्मीका लेख रचना तथा विभिन्न पत्रपत्रिकाले उल्लेख गरेका द्वन्द्वसम्बन्धी समाचारको अध्ययन गरिएको थियो ।

## ३.३ तथ्याङ्कको प्रकृति

प्रस्तुत अध्ययनका क्रममा मुख्य रूपमा प्राथमिक (Primary) तथ्याङ्क नै प्रयोग गरिएको छ। गहन विश्लेषण र व्याख्याबाट अध्ययनलाई पूर्ण बनाउन सकियोस् भन्ने उद्देश्यले आवश्यकताअनुसार केही द्वितीयक (Secondary) तथ्याङ्कहरू पनि प्रयोगमा ल्याइएको छ। तथ्याङ्कहरू गुणात्मक (Qualitative) र संख्यात्मक (Quantitative) दुवै स्वरूपमा छन् ।

पत्रकारका लागि ३७ प्रश्न समावेश भएका प्रश्नावली तयार गरिएको छ। प्रायः सबै प्रश्न वैकल्पिक उत्तर राखेर बन्द र खुला प्रश्नावलीको स्वरूपमा निर्माण गरिएका छन्। विभिन्न पुस्तक, प्रतिवेदन, जर्नल र पत्रपत्रिकामा प्रकाशित सामग्रीबाट आवश्यकताअनुरूप सहायक तथ्याङ्कहरू पनि लिइएको छ। त्यस क्रममा 'विस्तृत नोट टिपोट' पद्धतिमार्फत प्राथमिक र सहायक तथ्याङ्कहरू प्राप्त गरिएको छ। साथै विभिन्न मुलुकको द्वन्द्वको अवस्था थाहा पाउन इन्टरनेटको पनि प्रयोग गरिएको छ।

यस क्रममा विशेषगरी माओवादी हिंसा चर्किएपछि द्वन्द्वग्रस्त क्षेत्रमा काम गरिरहेका पत्रकारले भोग्नुपरेका कठिनाइलाई उनीहरूले विभिन्न गोष्ठी सेमिनारमा उठाएका र व्यक्तिगत भेटघाट र टेलिफोनको माध्यमबाट दर्शाएका आधारमा तथ्याङ्कको निर्माण गरिएको छ । साथै द्वन्द्वग्रस्त्र क्षेत्रमा काम गरिरहेका संघसंस्थासँग सम्बन्धित व्यक्तिलाई स्रोत व्यक्तिका रूपमा लिइएको छ । यस्तै द्वन्द्वविज्ञका रूपमा चिनिएका व्यक्तिहरूसँग गरिएको परामर्श र छलफलको आधारमा गरिएको टिपोटलाई पनि तथ्याङ्कको रूपमा प्रयोग गरिएको छ।

## ३.४ तथ्याङ्क संकलन

अध्ययनका क्रममा दुईथरी तथ्याङ्कको प्रयोग गरिएको छ। एकथरी तथ्याङ्क सर्वेक्षणको माध्यमबाट संकलन गरिएको छ भने अर्कोथरी तथ्याङ्क विभिन्न पत्रिकामा छापिएका लेख रचना, समाचार तथा द्वन्द्वसँग सम्बन्धित विभिन्न किताव, सम्बन्धित विषयका वेभसाइटलाई पनि 'सहायक स्रोत' का रूपमा उपयोग गरिएको छ।

### ३.४.१ प्राथमिक स्रोत

प्राथमिक स्रोतअन्तर्गत ४५ जिल्लामा सय पत्रकारमाझ प्रश्नावली विधिमार्फत अध्ययन भएको छ। प्रश्नावली खुला र बन्द गरी दुई किसिमले तयार पारिएको छ। यस्तै द्वन्द्वग्रस्त क्षेत्रमा काम गर्ने पत्रकार गोष्ठी र सेमिनारको क्रममा राजधानी आएको बखत उनीहरूसँग ती क्षेत्रको पत्रकारिताको अवस्थाबारेमा छलफल गरिएको थियो । छलफलका क्रममा आएका तथ्यलाई पनि प्राथमिक स्रोतको रूपमा प्रयोग गरिएको छ। यस्तै कतिपय तथ्यको पुष्टि गर्न विज्ञसँग परामर्श पनि गरिएको छ । यस्तै द्वन्द्वको कारण जिल्लाबाट विस्थापित भई राजधानी आएका पत्रकारसँग पनि विचार विमर्श गरिएको थियो। दैलेखको समग्र पत्रकारिताको अवस्था र अछाम जिल्लाबाट विस्थापित पत्रकारको स्थितिको बारेमा गरिएको घटना अध्ययनलाई पनि प्राथमिक स्रोतकै रूपमा राखिएको छ। नेपालका पाँचै विकास क्षेत्रमा काम गर्ने पत्रकारमध्ये नमूनाको रूपमा छनौट गरिएका व्यक्तिले दिएका मतबाट पत्रकारको समग्र भावनाको प्रतिनिधित्व गर्न सकेको ठानिएको छ।

### ३.४.२ द्वितीयक स्रोत

नेपालको परिवेशसँग मिल्ने द्वन्द्वसम्बन्धी अंग्रेजी भाषाका पुस्तक र सम्बन्धित विषयका वेभसाइटलाई तथ्याङ्कको द्वितीयक स्रोतको रूपमा उपयोग गरिएको छ । यस्तै नेपाली भाषामा उपलब्ध द्वन्द्वसम्बन्धी पुस्तकलाई पनि उपयोग गरिएको छ। त्यसको अलावा राजधानीबाट प्रकाशित राष्ट्रिय दैनिक, साप्ताहिक र मासिक पत्रिका, विभिन्न समयमा सम्पन्न भएका गोष्ठी र सेमिनारमा द्वन्द्वसम्बन्धी प्रस्तुत कार्यपत्रलाई पनि सहायक स्रोतको रूपमा प्रयोग गरिएको छ । यस्तै सरकार-माओवादीद्वारा बेलाबेलामा जारी सहमति, समझदारीका दस्तावेजलाई पनि सकेसम्म समेट्ने प्रयास गरिएको छ ।

## ३.५ तथ्याङ्कको प्रस्तुतीकरण

भराइएका प्रश्नावलीहरू तथ्याङ्क, प्रशोधन र विश्लेषणका क्रममा सर्वप्रथम निरीक्षण गरी अध्ययनका प्रमुख उद्देश्यसँग मेल खाने गरी वर्गीकरण गरी छुट्याइएको छ। संख्यात्मक रूपमा प्राप्त तथ्याङ्कहरू विभिन्न शीर्षकमा वर्गीकरण गरी व्याख्या र विश्लेषण गरिएको छ। साथै गुणात्मक रूपमा प्राप्त तथ्याङ्क एकत्रित गरी व्याख्या र विश्लेषण गरिएको छ। अनि दुवै खाले तथ्याङ्कलाई समायोजन गरी पुनः समालोचनात्मक विश्लेषण गरेर निष्कर्षमा पुगिएको छ।

त्यसैगरी प्रमुख राष्ट्रिय दैनिकहरूमध्येका *नेपाल समाचारपत्र, गोरखापत्र, कान्तिपुर, राजधानी र अन्नपूर्ण पोष्ट, हिमालय टाइम्स* र मोफसलका स्थानीय पत्रपत्रिका, एफएम रेडियो गरी पाँचै विकास क्षेत्रलाई समेट्ने गरी ४५ जिल्लाका सय जना पत्रकारलाई नमुनाको रूपमा छनोट गरिएको थियो। तिनीहरूमध्ये माओवादी द्वन्द्वग्रस्त क्षेत्रमा समाचार संकलनमा प्रत्यक्ष संलग्न पत्रकारहरूलाई नै मुख्य रूपमा नमुना छनोट गरिएको छ। नेपालका पाँचै विकास क्षेत्रमा काम गर्ने पत्रकारमध्ये नमुनाको रूपमा छनोट गरिएका व्यक्तिहरूले दिएका मतबाट पत्रकारहरूको समग्र भावनाको प्रतिनिधित्व गर्न सकेको छ भन्ने ठानिएको छ।

*(सहभागी पत्रकारको नाम, सम्बद्ध संस्था र प्रतिनिधित्व गराइएका पाँचै विकास क्षेत्रका जिल्लाको नामावली हे. अनुसूची- २)*

अध्याय -चार

# तथ्याङ्क विश्लेषण

**(Findings)**

## ४.१ सर्वेक्षणको किसिम


नेपालमा द्वन्द्वसम्बन्धी शोध कार्य सम्पन्न गर्नु सजिलो छैन। नेपालको भू-बनोटका कारण पनि सबै ठाउँमा पुग्न सकिने अवस्था छैन। द्वन्द्वग्रस्त क्षेत्रका सबै पत्रकारलाई भेट्ने कुरा पनि गाह्रो छ। यस्तो अवस्थामा द्वन्द्वले पत्रकारिता क्षेत्रमा परेको असर बुझ्न प्रश्नावली विधि नै उपयुक्त हुन्छ भन्ने अध्येतालाई लाग्यो। यो विधि सामूहिक दृष्टिकोण (collective view) पाउने वैज्ञानिक आधार पनि हो। त्यसैकारण इन्टरनेटको सुविधा भएका जिल्लामा इमेलमार्फत प्रश्नावली पठाइएको थियो भने त्यो सुविधा नभएका जिल्लामा फ्याक्समार्फत फारम पठाइयो। कतिपय गोष्ठी र सेमिनारमा पहाडी जिल्लाबाट क्षेत्रीय सदरमुकाम आएका पत्रकारलाई पनि आफू कार्यरत संस्थाका पत्रकारहरूको सहयोगमा फारम भराउने काम भयो। कामको सिलसिलामा राजधानी आएका जिल्ला संवाददातालाई पनि अध्ययनमा सहभागी गराइयो। टेलिफोन पनि सच्चालनमा आउन नसकेका जिल्लामा, कुरियरमार्फत पठाइयो। कुरियरको पनि भरपर्दो सुविधा नभएका जिल्लाहरूमा हुलाकमार्फत पठाउने काम गरियो। हुलाकबाट पठाइएका प्रश्नावली सोही माध्यमबाट प्राप्त भए। कुनै जिल्लाबाट पठाएको १५ दिनपछि मात्र रजिष्ट्री चिठी हात लागेको थियो। जस्तो कि डोटीबाट हुलाकमार्फत पठाइएको चिठी कामना प्रकाशनको कार्यलयमा पठाएको १५ दिनपछि मात्र प्राप्त भएको थियो।

अध्येता विगत १२ वर्षदेखि सक्रिय पत्रकारिता पेशामा भएकोले नै यो खालको चुनौतीलाई स्वीकारी शोधकार्य सम्पन्न गर्ने आँट गरिएको हो। नेपाल समाचारपत्रमा विगत ८ वर्षदेखि बरिष्ठ सह-सम्पादकको हैसियतले जिल्ला डेस्क प्रमुखको जिम्मेवारी सम्हाल्दै आइरहेको भएर पनि अध्येताको पहुँच जिल्लामा बस्ने पत्रकारसँग सहज छ। जिल्लामा काम गर्ने पत्रकारसँग नजिकको सम्वन्ध तथा निरन्तर सूचना आदान-प्रदान भइरहने कारण उनीहरूमार्फत सर्वेक्षण फारम द्वन्द्व क्षेत्रका पत्रकारहरूमाझ पुऱ्याउने काम भयो। आमसञ्चारका सिद्धान्त अध्ययन गर्ने क्रममा के थाहा पाइयो भने आमसञ्चारका सात सिद्धान्त बाहेक अर्को सिद्धान्त पनि महत्वपूर्ण रहेछ। त्यो हो नित्य सिद्धान्त (Day to Day Theory)। लामो समयसम्म कुनै संस्थामा संलग्न हुँदाको अनुभवलाई लागु गर्नु नै यो सिद्धान्तको मुख्य उद्देश्य हो। सोही

सिद्धान्तलाई पनि तथ्याङ्क संकलनको एउटा कडिको रूपमा प्रयोग गरिएको छ । जिल्लामा काम गर्ने पत्रकारसँग अध्येताको दिनहुँजसो टेलिफोनमार्फत सम्पर्क हुने गरेको छ । उनीहरूसँग जिल्लामा समाचार सम्प्रेषणकै विषयमा कुरा हुने गर्छ । द्वन्द्व क्षेत्रका समस्या पनि उनीहरूले टेलिफोनमार्फत अवगत गराउँछन् । व्यक्तिगत भेटघाटमा र बेलाबेलामा अध्येता सम्लग्न भएको सञ्चारगृहले जिल्ला संवाददाताहरू लागि आयोजना गरेको भेला-गोष्ठीहरूमा पनि उनीहरूका समस्याको बारेमा कुराकानी हुने गर्छ । हिंसाग्रस्त क्षेत्रमा काम गर्दा आईपर्ने चुनौतीहरूको वारेमा पनि उनीहरूले जानकारी गराउँछन् । जिल्ला व्यूरो प्रमुखको मोफसलमा काम गर्ने पत्रकारहरू अन्तरसम्बन्ध हुन्छ । सोही भएर पनि जिल्ला उनीहरूकै सहयोगमा यो सोध कार्य सम्पन्न गरिएको छ । माओवादी द्वन्द्व चर्किरहेको अवस्थामा अध्ययन शुरु गरिएको र अध्ययन पूरा नहुँदै देशमा ठूलो लोकतान्त्रिक जनआन्दोलन सम्पन्न भई देशमा आमूल परिवर्तन भई हाल युद्धविरामको अवस्था रहेकोले अध्ययन गरिएका कतिपय क्षेत्रमा अहिलेको अवस्था र त्यो बेलाको अवस्था नमिल्न सक्छ । तर माओवादी द्वन्द्वले निश्चित निकास पाइनसकेको अवस्थामा र आगामी दिनमा जे-जस्तो परिवर्तन आएपनि पछिसम्मका लागि यो अध्ययन सान्दर्भिक नै हुनेछ भन्ने अध्येताको विश्वास छ ।

अध्ययन राजधानी बाहिरका जिल्लामा केन्द्रित छ । पाँच विकास क्षेत्रलाई नै अध्ययनमा समेट्ने प्रयास गरिएको भए पनि मुल रूपमा अध्ययन माओवादी प्रभावित पश्चिमका जिल्लामा केन्द्रित गरिएको छ । द्वन्द्वग्रस्त पूर्वाञ्चल र मध्यमाञ्चलका केही जिल्ला पनि नमुना छनोट मा परेका छन् । समग्र देशको अवस्थाको प्रतिनिधित्व होस भन्ने हेतुले ४५ जिल्लालाई नमुना छनौट गरी ती जिल्लाका सय जना पत्रकारबाट तथ्याङ्क सङ्कलन गरिएको छ ।

## ४.२ सहभागीको विवरण





अध्ययनको क्रममा मोफसलमा काम गर्ने पत्रकारको शैक्षिकस्तर राम्रै पाइयो। २१ देखि ५५ उमेर समूहका सहभागीमध्ये प्रवीणता प्रमाणपत्र तह उर्तीण गर्नेको संख्या सबै भन्दा धेरै छ। सहभागीमध्ये ४३ प्रतिशतले प्रवीणता प्रमाणपत्र तह उतीर्ण गरेका छन्। स्नातक तह उतीर्ण गर्नेको संख्या पनि राम्रै छ। ३४ प्रतिशतले स्नातक तह पार गरेका छन्। त्यस्तै स्नातकोत्तर उतिर्ण गर्नको संख्या ४ प्रतिशत छ। बाँकी १० प्रतिशतले भने शैक्षिक योग्यता उल्लेख गर्न नचाहेको देखियो।

अध्ययनमा सहभागीमध्ये २० प्रतिशत विस्थापित पत्रकार छन्। त्यस्तै लिङ्गका आधारमा हेर्दा सहभागीमध्ये ८९ प्रतिशत पुरुष र ११ प्रतिशत महिला छन्। जातीय आधारमा हेर्दा दलित र जनजातिको पत्रकारिता पेशामा संलग्नता कम देखिएको छ। सय जना सहभागीमध्ये दुई जना दलित र २० जना जनजाति बाहेक अन्य सबै क्षेत्री र ब्रामण छन्। पत्रकारिताको अनुभवको आधारमा हेर्दा सहभागीमध्ये ३१ प्रतिशतले १ वर्षदेखि ४ वर्षसम्म पत्रकारिता अनुभव बटुलेका छन्। ४ देखि ७ वर्ष पत्रकारिता गर्नेको सख्या ३३ प्रतिशत रहेको छ। २३ प्रतिशतले ६ देखि १० वर्षसम्म र १३ प्रतिशतले १० वर्षभन्दा अघिदेखि पत्रकारिता गरिरहेको जनाएका छन्। त्यस्तै विदेशी मिडियामा नियमित काम गर्ने १ प्रतिशत, कहिलेकाहीँ गर्ने २५ प्रतिशत र बाँकी ७३ प्रतिशले भने विदेशी मिडियामा काम नगरेको कुरा जनाएका छन्। शैक्षिक योग्यताको अवस्था त्यति नराम्रो नभए पनि हिंसाग्रस्त क्षेत्रमा काम गर्दा पत्रकारले लिनु पर्ने द्वन्द्व संवेदनशील पत्रकारिता तथा सुरक्षित पत्रकारिता तालिम (safety training) भने खासै लिएको देखिएन। जिल्लामा व्यवसायिक रूपमा पत्रकारिता गर्नेको संख्या पनि कम नै छ। प्राय : पक्षीय पत्रकारिता (partition journalism) गर्नेहरूको वाहुल्यता पाइयो। पत्रकारहरू कुनै न कुनै राजनीतिक

पार्टीको आस्था बोकेर हिँडेका छन् । आस्था राख्नु स्वाभाविक मानिए पनि पत्रकारले पार्टीको झण्डै बोकेर हिँड्नुलाई भने विडम्बना नै मान्नुपर्छ ।

## ४.३ पत्रकारको आम्दानी





मोफसलमा काम गर्ने पत्रकारको आयस्रोत राम्रो हुँदैन । उनीहरूमध्ये अधिकांशले महिनावारी तलब पाउँदैनन् । उनीहरूले आफूले पठाएको समाचार छापियो भने मात्र त्यस बापतको पारिश्रमिक पाउँछन् । दुर्गम जिल्लामा काम गर्ने धेरैजसो पत्रकार नियमित संवाददाताको रूपमा नभई 'स्ट्रिङ्गर'को रूपमा कार्यरत छन् । उनीहरूले छापिएको समाचारको शब्दको आधारमा पारिश्रमिक पाउँछन् । जागिरको सुरक्षा छैन । व्यावसायिक पत्रकारिताको कुरा गर्ने नेपाली आमसञ्चार माध्यमहरूबाट द्वन्द्वग्रस्त जिल्लामा रिपोर्टिङ गर्ने पत्रकारले नियमित तलव समेत पाउन सकेका छैनन् । अरू सुविधाको कुरा आश्वासनमा सीमित छ । यदि दिइहाले पनि समान रूपमा दिँइदैन ।

यसैलाई आधार मानेर सहभागीलाई एउटा समाचार छापे अथवा प्रशारण गरेबापत कति रकम प्राप्त गर्ने गरिएको छ भनेर प्रश्न सोधिएको थियो । सहभागीमध्ये ३८ प्रतिशतले एउटा समाचारको सय रूपयाँ पाउने जबाफ दिएका थिए भने ३६ प्रतिशतले ५० रूपयाँ मात्र पाउने जनाए । त्यस्तै १६ प्रतिशतले ३ सय र १० प्रतिशतले मात्र ५ सय रूपियाँ वा सो भन्दामाथि पाउने जनाएका थिए । त्यस्तै तीमध्ये ८६ प्रतिशतले उक्त रकमले जिल्लामा बसेर खर्च धान्न नसक्ने जनाएका थिए भने बाँकी १४ प्रतिशतले मात्रै सामान्यतया खर्च टर्ने उल्लेख गरेका थिए । यसबाट के कुरा प्रस्ट हुन्छ भने जिल्लामा काम गर्ने पत्रकारको आर्थिक अवस्था राम्रो छैन । श्रमजीवी ऐन कार्यान्वयनमा नआउनु यसको प्रमुख कारण हो । द्वन्द्व पत्रकारले प्रायः कतैबाट पनि आर्थिक सहयोग पाएको देखिएन । देउवा सरकारको पालामा द्वन्द्वपीडित सहायता कोशलाई दिने भनी गरिएको निर्णय पनि माघ १९ को कदमसँगै तुहिएको थियो । सहभागीमध्ये द्वन्द्व पीडित

पत्रकारको नाममा कामना प्रकाशन समूहद्वारा स्थापित भूषण पत्रकारिता पुरस्कार भने ४ प्रतिशतले लिएको पाइयो। स्व. भूषण श्रेष्ठको नाममा स्थापना भएको उक्त पुरस्कार २०६२ सालमा द्वन्द्वपीडित १० जना पत्रकारलाई १०-१० हजारका दरले प्रदान गरिएको थियो। तसर्थ यस सर्वेक्षणको निष्कर्षमा भन्न सकिन्छ आर्थिक रूपले पनि उनीहरू पीडित छन्।


## ४.४ पत्रकारको जीवन बिमा




द्वन्द्वग्रस्त क्षेत्रमा काम गर्ने पत्रकारको जीवन सधैं जोखिममा हुन्छ। कुन बेला दुर्घटनामा परिने हो थाहा हुँदैन। तसर्थ यस्तो अवस्थामा पत्रकारको जीवन बिमा हुनुपर्छ भन्ने कुरा सम्बन्धित क्षेत्रमा काम गर्ने सरोकारवालाले उठाइरहेको पाइन्छ। सोही आधारमा सर्वेक्षणमा सहभागी पत्रकारलाई उनीहरूको बिमा भए नभएको सोधिएको थियो। सहभागी पत्रकारमध्ये अधिकांशले बिमा गरेको पाइएन। १४ प्रतिशतले आफुहरुको बिमा भएको जनाएका छन् भने बाँकी ८६ प्रतिशतले भने अहिलेसम्म बिमा नगरेको जनाएका छन्।


तर महत्वपूर्ण के छ भने बिमा गर्नेमध्ये १० प्रतिशतले आफ्नो सुरक्षाको लागि स्वयम्को पहलमा बिमा गरेको पाइयो भने दुई प्रतिशतले मात्र उनीहरू कार्यरत संस्थाले बिमा गरिदिएको जनाएका छन्। बाँकी दुई प्रतिशतको भने मिडिया सर्मिसेस इन्टरनेशनल (एमएसआई) ले बीमा गरिदिएको पाइयो। यस्तो नतिजा आउनुमा मिडिया सञ्चालकहरू आफ्ना कर्मचारी पत्रकारको सुरक्षाप्रति संवेदनशील नभएर हो । नत्र जोखिमपूर्ण क्षेत्रमा काम गर्ने पत्रकारका लागि प्रकासनगृहह्रूले जीवन बिमा अनिवार्य गरिदिनु पर्ने हो। नत्र ज्यानको जोखिम मोलेर सधैं काम गर्न गाह्रो हुन्छ।

## ४.५ माध्यमको उपलब्धता





माओवादीले २०५२ साल फागुन १ गतेदेखि शुरू गरेको हिंसात्मक आन्दोलनबाट सञ्चारका संरचना ध्वस्त भएको अवस्था छ। यस्तो असहज परिस्थितिको अवस्थामा समाचार जसरी पनि पठाउनुपर्ने बाध्यता छ। यही सन्दर्भको सेरोफेरोमा उनीहरूलाई सञ्चारका साधनको उपलब्धताको अवस्थाको वास्तविकता बुझ्न समाचार पठाउने माध्यमको अवस्थाबारे प्रश्न गरिएको थियो। सहभागीमध्ये ५६ प्रतिशतले सहज रहेको बताए पनि बाँकी ४४ प्रतिशतले सहज नभएको जनाएका छन्। सोही क्रममा उनीहरूलाई आफू कार्यरत क्षेत्रमा टेलिफोनको संख्या कति छ भनेर सोधिएको थियो। सहभागीमध्ये १७ प्रतिशतले १० वटा भन्दा कम, ६ प्रतिशतले ५० वटा र बाँकी ७७ प्रतिशतले १ सय भन्दा बढी टेलिफोन रहेको जनाएका थिए। यो सर्वेक्षण जिल्ला र क्षेत्रीय सदमुकाममा गरिएको भएर पनि यो खालको नतिजा आएको हो। माओवादी आक्रमणका कारण जिल्ला-जिल्लामा भौतिक संरचनाहरू ध्वस्त भएको अवस्थामा सञ्चार उपकरणहरू यसबाट अछुतो रहने कुरै भएन। प्राय: टेलीफोनका टावरहरू नै माओवादीका निशाना हुने गरेकाले पत्रकारका लागि दूरसञ्चारका सेवाहरू अझै सहज हुन सकेको देखिदैन। जुन कुराको यो अध्ययनले पनि पनि पुष्टि गरेको छ । जिल्लामा दूरसञ्चारका नयाँ प्रविधिका कुरा त झन् टाढाको कुरा भयो।

## ४.६ समाचार पठाउने माध्यम





नेपालको पहाडी भू-भागलाई द्वन्द्वले नराम्ररी गाँजेको कुरा कतैबाट छिपेको छैन । पहाडी जिल्लाका अधिकांश ठाउँमा माओवादी विद्रोहको पहिलो निशाना दूरसञ्चारका टावर परेको कुरा माथि नै उल्लेख गरिएको छ । सोही कारण सर्वेक्षणको क्रममा सूचनाको युगमा पनि कतिपय जिल्लामा सञ्चारका साधनको सहज पहुँच पुग्न नसकेको देखिएको छ। यसैलाई आधार मानेर सहभागीलाई समाचार पठाउने मुख्य साधनबारे प्रश्न सोधिएको थियो। सहभागीमध्ये १८ प्रतिशतले अझै पनि हुलाककै भर पर्नुपरेको जनाएका छन् । त्यस्तै ६२ प्रतिशतले फोन तथा फ्याक्स् नै मूख्य माध्यमको रूपमा प्रयोग गरिरहेको बताएका छन् । केवल २० प्रतिशत पत्रकारले मात्र इमेल-इन्टरनेटको सुविधा उपयोग गरिरहेको उल्लेख गरेका छन् । पत्रकार बस्ने भनेकै सदरमुकाम वा त्यसको वरपर हो। तसर्थ एकातिर सदरमुकाममा बस्ने पत्रकारका लागि पनि सञ्चारका नयाँ प्रविधि सहज बन्न नसकीरहेको अवस्था देखियो भने अर्कोतिर परिवर्तित अवस्थामा पनि ती स्थानको अवस्थामा समेत पहिलेको भन्दा अपेक्षाकृत सुधार भएको देखिएको छैन ।

## ४.७ मोफसलका समाचारले पाउने स्थान





द्वन्द्वकालमा पत्रकारहरूले कठिनाइसँग समाचार पठाउनुपर्ने अवस्था छ। तर के उनीहरूले दुःख गरेर पठाएका समाचारले राम्रो स्थान पाएका छन् त ? सर्वेक्षणका सहभागी ९ प्रतिशतले आफूले पठाएको समाचारले राष्ट्रियस्तरमा राम्रो स्थान नपाएको बताएका छन् भने ३४ प्रतिशतले मात्र राम्रो उल्लेख गरेका छन्। ५७ प्रतिशतले ठीकै भनेका छन्। ठीकैको अर्थ सकारात्मक होइन। मोफसलमा काम गर्ने अधिकांश पत्रकार समाचार 'वेसिस' मा काम गरिरहेका हुन्छन् भन्ने कुरा माथि नै उल्लेख गरिएको छ। उनीहरूको पारिश्रमिक जिल्लाबाट पठाएको समाचार छापियो छापिएन त्यसमा भर पर्छ। कतिपय मिडियाको 'स्ट्रिङगर'को रूपमा काम गर्ने पत्रकारलाई शब्द गनेर वा स्केलले नापेर पारिश्रमिक दिने चलन छ। कतिले फोन-फ्याक्सको बिल पेश गरेर त्यसबापत लागेको रकमको भुक्तानी पाउँछन् भने कतिपय मिडियाले छापेको वा प्रसारण भएको समाचार मै निश्चित प्रतिशत थपेर दिने गरेको अध्ययनको क्रममा देखिएको छ। यसबाट के देखिन्छ भने जिल्लाबाट पठाएको समाचारले प्राथमिकता नपाउने हो भने उनीहरूलाई जिल्लामा बसेर खर्च धान्न धौ-धौ पर्छ।

## ४.८ माओवादीप्रतिको सोच





माआवादी आतंककारी वा विद्रोही के हुन ? यस सम्वन्धमा नेपालमा पटक-पटक बहस हुने गरेको छ । विगत एक दशकदेखि मुलुकको प्रमुख समस्याको रूपमा रहेका माओवादीविरूद्ध अघिल्ला सरकारहरूले सङ्कटकाल लगाएर आतंककारीको बिल्ला लगाइदिएको अवस्था ताजै छ । तर अहिले माओवादीमाथि लगाइएको ‘रेडकर्नर नोटिस’ र आतंककारीको बिल्ला हटाइएको परिवर्तित अवस्था छ । तसर्थ माओवादीसम्बन्धी अवधारणा बुझ्न माओवादी को हुन् ? भनेर सहभागी पत्रकारलाई सोधिएको थियो । सहभागीमध्ये ७६ प्रतिशतले माओवादी विद्रोही भएको जवाफ दिए भने जम्मा १० प्रतिशतले मात्र माओवादी आतंककारी भएको जवाफ दिएका छन् । बाँकी १४ प्रतिशतले भने छनौटमा दिइएका प्रश्नको जवाफ नदिएर अरू नै उत्तर दिएका छन् । अन्य उत्तर दिनेमध्ये पनि धेरैजसोले माओवादीलाई विद्रोही वा आतंककारी दुवै नभनी माओवादीको विचार राजनीतिक भए पनि बाटो भने आतंकवादी भएको तथा माओवादीले व्यक्ति हत्या गरेकोले व्यक्तिहत्याको राजनीति सशस्त्र विद्रोह नभएर आतंकवाद हुने तर्क अघिसारेका छन् । कतिपयले उनीहरू विद्रोही भए पनि क्रियाकलाप भने आतंककारी भएको जनाएका छन् ।

## ४.९ पीडाका कारक तत्व





द्वन्द्वकालमा पत्रकार दोहोरो मारमा परिरहेका हुन्छन् । यही सर्न्दभमा सहभागीलाई द्वन्द्व चर्किरहेको बेला तपाईं कुन पक्षबाट बढी प्रताडित हुनुहुन्छ ? भनेर प्रश्न सोधिएको थियो । सहभागीमध्ये ३६ प्रतिशतले सरकारबाट आफूहरू बढी प्रताडित हुनुपरेको उल्लेख गरका छन् । भने आठ प्रतिशतले मात्र माओवादीबाट आफूहरू पीडित हुनु परेको जनाएका छन् । त्यस्तै दुवैबाट पीडित छौं भन्ने पत्रकारको संख्या सबैभन्दा बढी अर्थात् ५१ प्रतिशत छ । बाँकी पाँच प्रतिशतले भने आफूहरू आपराधिक समूहबाट पीडित रहँदै आएको जनाएका छन् । सर्वेक्षणको नतिजाबाट के कुरा प्रष्टिन्छ भने द्वन्द्वग्रस्त क्षेत्रमा काम गर्ने पत्रकारहरूले कुनै न कुनै रूपमा हिंसाको शिकार हुनुपरेको छ । सहभागीमध्ये २० प्रतिशतले द्वन्द्व कालमा कुनै न कुनै रूपमा प्रहरी हिरासतमा बस्नुपरेको पनि सर्वेक्षणबाट देखिएको छ । माओवादीलाई सहयोग पुग्ने समाचार लेखेको आरोप लगाई कम्तिमा एक रात र बढीमा १६ महिनासम्म जेल वा हिरासतमा बस्नुपरेको उनीहरूले उल्लेख गरेका छन् । जेलमा बस्दा आँखामा कालो पट्टि लगाएर खान पनि नदिइ बुटले पिट्ने, लट्ठीले पैतालामा हान्ने, बन्दुकको कुन्दाले घोच्नेलगायतका चरम यातना दिएको कुरा पनि सहभागीले उल्लेख गरेका छन् । सोही कारण केही पत्रकारले विस्थापितको पीडासमेत भोग्नुपरेको अवस्था सर्वेक्षणबाट पत्ता लागेको छ । द्वन्द्वकालमा मानसिक यातना पनि पत्रकारहरूले खेप्नुपरेको देखिएको छ ।

## ४.१० विस्थापित पत्रकार





राज्य-माओवादी द्वन्द्वकालमा सञ्चारकर्मीहरु दोहोरो मारमा परेका हुन्छन् । द्वन्द्वरत पक्षको यातना र धम्कीको कारण केही पत्रकारले विस्थापनको पीडा पनि भोग्नु परेको छ । सर्वेक्षणमा द्वन्द्वकै कारण विस्थापित भएका पत्रकारहरूको पनि सहभागीता थियो। सहभागी पत्रकारमध्ये २० प्रतिशतले आफूहरू द्वन्द्वरत पक्षको धम्कीका कारण विस्थापित हुनुपरेको उल्लेख गरेका छन्। विस्थापितमध्ये ३० प्रतिशतले राज्यको कारण विस्थापित जीवन बिताउनुपरेको जनाएका छन् भने १५ प्रतिशतले माओवादीको कारण। बाँकी ५० प्रतिशतले राज्य र माओवादी दुवैको कारण विस्थापित हुनु परेको जनाएका छन्। ५ प्रतिशतले भने आफूहरू द्वन्द्वरत पक्षबाट नभै आपराधिक समूहको धम्कीको कारण विस्थापित हुनुपरेको उल्लेख गरेका छन्। सर्वेक्षणमा सहभागी सय जना पत्रकारमा २० जना विस्थापित हुनु भनेको सकारात्मक लक्षण मानिदैन। यसले मोफसलको पत्रकारितामा असुरक्षाको अवस्था कस्तो छ भन्ने चित्रण गरेको छ। विस्थापितमध्ये ९० प्रतिशतले पत्रकारिता नै गरिरहेको जनाएका छन् भने ५ प्रतिशतले अन्य पेशा आरम्भ गरेको अथवा पत्रकारिताबाट पलायन भएको र वाँकी ५ प्रतिशतले विस्थापित भएपछि बेरोजगार हुनुपरेको उल्लेख गरेका छन्।

## ४.११ महासंघको भूमिका




सर्वेक्षणका आधारमा भन्ने हो भने द्वन्द्वपीडित पत्रकारका लागि पत्रकार महासंघले खेलेको भूमिका पनि सन्तोषजनक देखिदैन। सम्पूर्ण पत्रकारको छाता संगठन महासंघबारे यस्तो धारणा आउनु राम्रो सकारात्मक लक्षण मानिदैन। नतिजाले सहभागी पूर्ण सन्तुष्ट नभएको देखाएको छ। सहभागीमध्ये केवल ११ प्रतिशतले मात्र पत्रकार महासंघले खेलेको भूमिकाप्रति सन्तुष्टि व्यक्त गरेका छन्। बाँकी ८९ प्रतिशतले महासंघको भूमिकाप्रति पूर्ण सन्तुष्ट हुन नसकेको जनाएका छन्। पत्रकारहरूको साझा थलोको रूपमा कार्यरत महासंघको बारेमा द्वन्द्वग्रस्त क्षेत्रका पत्रकारले यस्तो टिप्पणी गर्नु सुखद पक्ष मान्न सकिँदैन। यस्तो नतिजा आउनुको पछाडि धेरै कारणहरू हुन सक्छन् । उनीहरू समस्याप्रति गम्भीर हुँदाहुँदै पनि त्यसको आभास मोफसलका पत्रकारलाई दिलाउन नसक्नु महासंघको कमजोरी हो । पत्रकारलाई 'भोटबैक'को रूपमा मात्र प्रयोग गर्नु, महासंघको चुनावताका मात्र पदाधिकारीहरू जिल्ला दौडाहामा निस्कनु र चुनाव सकिएपछि उनीहरूका समस्याप्रति ध्यान नदिनु जस्ता कारणहरू हुन सक्छन् । कतिपय पत्रकारलाई विनाकारण जागिरबाट निस्काशन गरिँदा पनि महासंघ निरीह भइ टुलुटुलु हेरिरहेको अवस्था छ । उनीहरुको हकहितको वारेमा वेवस्ता गरेको लगायतका कारणहरूले पत्रकार महासंघको भूमिकाप्रति उनीहरू पूर्णरूपेण सन्तुष्टि हुन नसकेको हुन सक्छ।


## ४.१२ विस्फोटक पदार्थ र हातहतियारसम्बन्धी ज्ञान




द्वन्द्वको समाचार लेख्ने पत्रकारले हतियार तथा अन्य विस्फोटक पदार्थबारे जानकारी राख्न सकेन भने समाचार लेख्ने कार्यमा मात्र होइन ऊ आफैं पनि त्यसको शिकार हुन सक्छ। कतिपय द्वन्द्व चर्किरहेका देशमा पत्रकारलाई हतियारको तालिम पनि दिने गरिएको पाइन्छ। हिंसा चर्किरहेको स्थानमा सुरक्षित रहने तरिकाहरूबारे 'सेफ्टि' तालिम पनि दिने गरिएको देखिन्छ। रस हर्वाडले *'द्वन्द्व संवेदनदशील पत्रकारिता'* नामक हाते किताबमा सुरक्षित पत्रकारिताका लागि हतियारको पनि ज्ञान हुनुपर्ने उल्लेख गरेका छन्। त्यसैका आधारमा सर्वेक्षणमा सहभागीले पत्रकारलाई हतियारको ज्ञानबारे प्रश्न गरिएको थियो। उनीहरूमध्ये १५ प्रतिशतले हतियारका बारेमा राम्रो ज्ञान भएको उल्लेख गरे भने १४ प्रतिशतले पटक्कै जानकारी नभएको जनाएका छन्। बाँकी ७१ प्रतिशतले भने सामान्य जानकारी मात्र रहेको उल्लेख गरेका छन्। यसको अर्थ पत्रकारहरू सुरक्षित रहन नसक्ने देखिन्छ।


यो सर्वेक्षणले उनीहरूलाई हात-हतियार विस्फोटक पदार्थका बारेमा पर्याप्त जानकारी दिनुपर्ने संकेत देखाएको छ। पत्रकारले हिंसात्मक क्षेत्रको स्थलगत रिपोर्टिङ गर्दा त्यहाँ बिछ्याइएका धराप र तीनका प्रकृतिबारे पनि जानकारी राख्नुपर्छ। अन्यथा ज्यानै गुमाउने अवस्था आउन सक्दछ। नेपालको सन्दर्भमा हेर्दा पत्रकारको बिमा हुन नसक्नु, औषधोपचारको ज्ञान नहुनु, भौगोलिक अवस्थाको समुचित जानकारी नहुनु, यथेष्ट गृहकार्य गर्न नसक्नुजस्ता कारणले जोखिम उत्पन्न गराइरहेको हुन्छ। द्वन्द्व संवेदनशील क्षेत्रमा जाँदा विस्फोटक पदार्थ र हातहतियारसम्बन्धी पर्याप्त जानकारी राखिएको खण्डमा सम्भावित दुर्घटनाबाट बच्न सकिन्छ।

## ४.१३ द्वन्द्वरत पक्षबाट धम्की





द्वन्द्वसम्बन्धी समाचार संकलन गर्ने क्रममा द्वन्द्वरत पक्षबाट पत्रकारले अनेक किसिमका धम्कीको सामना गर्नुपर्ने हुन्छ। पत्रकारलाई आउने यस्ता धम्कीका कारण केही पत्रकारले विस्थापितको पीडा पनि सहनुपरेको छ। यसैका आधारमा सर्वेक्षणमा सहभागी पत्रकारलाई द्वन्द्वरत पक्षबाट धम्की आउने सम्बन्धमा प्रश्न सोधिएको थियो। उत्तरदातामध्ये ७८ प्रतिशतले द्वन्द्वरत पक्षबाट धम्की आउने जनाएका छन् भने मात्र २ प्रतिशतले धम्की नआउने गरको उल्लेख गरेका छन्। त्यस्तै १२ प्रतिशतले धम्की आएको भए पनि भन्न नचाहेको र बाँकी ८ प्रतिशतले द्वन्द्वरत पक्षबाट धम्की आएको आफूलाई थाहा नभएको बताएका छन्। यो अध्ययनबाट के कुरा प्रस्ट हुन्छ भने द्वन्द्वग्रस्त क्षेत्रमा काम गर्ने पत्रकारले धम्कीको सामना पनि गर्नुपरिरहेको छ।

## ४.१४ धम्क्याउने प्रक्रिया




वेला-बखत राज्यका अङ्गहरु जस्तै प्रमुख जिल्लाअधिकारी, सेना, प्रहरी तथा विद्रोही माओवादीले पत्रकारलाई धम्क्याउने गरेका समाचार आइरहेका हुन्छन् । द्वन्द्व कालमा यस्ता चुनौतीहरुको सामना गर्न पत्रकार तयार हुनुपर्छ । उनीहरूका गलत क्रियाकलापलाई सार्वजनिक गरिदिँदा दैलेख र अछामलगायतका पत्रकारले धम्कीका अलावा मानसिक यातना र विस्थापनको पीडा सहनुपरेको घटना माथि उल्लेख गरिएको छ । यही कुरालाई आधार मानेर सर्वेक्षणमा सहभागी पत्रकारलाई धम्क्याउने प्रकृयाबारे प्रश्न सोधिएको थियो । उत्तरदातामध्ये ४५ प्रतिशतले फोन गरेर धम्क्याउने गरेको बताएका छन् । भने ११ प्रतिशतले कार्यालयमा बोलाएर ५ प्रतिशतले घरडेरामै आएर तथा २३ प्रतिशतले माथि उल्लेखित सबै प्रक्रिया अपनाउने गरेको जनाएका छन् । बाँकी १३ प्रतिशतले भने अन्य प्रक्रिया अपनाउने गरेको खुलासा गरेका छन् ।


### ४.१५ स्रोत खोल्न दबाब




द्वन्द्वकालमा द्वन्द्वसम्बन्धी रिर्पोर्टिङ गर्ने क्रममा विभिन्न किसिमका चुनौतीको सामना गर्नु पर्छ। समाचार छापिएपछि राज्य र विद्रोही दुवै पक्षबाट त्यसको स्रोत खोल्न दबाव दिने गरेका घटनाहरू पनि सुनिने गरिएको छ। द्वन्द्वरत दुवै पक्षबाट 'समाचार दिने मान्छे कोहो भन् नत्र जे पनि हुन सक्छ' भनेर स्रोत खुलाउने दुस्प्रयास हुने गरेको पाईन्छ। सोही आधारमा सहभागीलाई यससम्बन्धी प्रश्न सोधिएको थियो । सहभागीमध्ये अधिकांशले समाचार छापिएपछि द्वन्द्वरत पक्षबाट त्यसको स्रोत खोल्न दबाब दिने गरेको प्रतिक्रिया दिएका छन् । सहभागीमध्ये ६५ प्रतिशतले स्रोत खोल्न दबाब दिने गरेको जनाएका छन् भने ६ प्रतिशतले मात्र दबाव दिंदैनन् भन्ने उल्लेख गरेका छन्। बाकी २९ प्रतिशतले भने यसबारेमा अन्य जबाफ दिएका छन्।


## ४.१६ समाचारमा सहयोग

### ४.१६.१ सुरक्षाफौज





कतिपय अवस्थामा मोफसलमा समाचार पाउन सुरक्षाफौजको भर पर्नुपर्न अवस्था विद्यमान छ। यसैको सेरोफेरोमा सर्वेक्षणको क्रममा सहभागीलाई समाचार संकलनको दौरानमा सुरक्षाफौजले गर्ने सहयोगका बारेमा प्रश्न सोधिएको थियो। जवाफकर्ताहरुले सुरक्षाफौजले समाचार संकलनमा राम्रो सहयोग नगरेको जानकारी गराएका छन्। सहभागीमध्ये जम्मा २ प्रतिशतले मात्र समाचार संकलन तथा सम्प्रेषणमा आवश्यक सहयोग प्राप्त गर्ने गरेको जवाफ दिएका छन्। यस्तै ४८ प्रतिशतले सुरक्षाफौजको सहयोग नपाएको जानकारी गराएका छन् भने बाँकी ५० प्रतिशतले भने सहयोग ठीकै रहेको जनाएका छन्। ठीकैको अर्थ सकारात्मक भने होइन। यो अध्ययनले द्वन्द्वग्रस्त क्षेत्रमा कार्यरत पत्रकारसँग सुरक्षाकर्मीले राम्रो व्यवहार गर्ने नगरेको पनि देखाएको छ। उनीहरूले आवश्यक सहयोग गर्नुको सट्टा सूचना लुकाउन उद्यत रहने गरेको सहभागीले बताएका छन्।

४.१६.२ विद्रोहीको सहयोग




द्वन्द्वकालमा सुरक्षाफौजसँग मात्र होइन विद्रोहीहरूसँग पनि पत्रकारको जम्काभेट भइरहन्छ। उनीहरूलाई चिडाएर पनि त्यस क्षेत्रमा काम गर्न सकिँदैन। कुनै एक पक्षको भनाइलाई मात्र आधार मानेर समाचार सम्प्रेषण गर्दा उक्त समाचार तथ्यपूर्ण नहुन पनि सक्छ। तसर्थ कहिलेकाहीँ सुरक्षाफौजले दिएको सूचनाको विद्रोहीबाट पुनः पुष्टि गर्नुपर्ने हुन सक्छ। दुवै पक्षको भनाइलाई सन्तुलित रूपमा राखेर समाचार सम्प्रेषण गर्नु पत्रकारको दायित्व पनि हो। सोही कारण पनि पत्रकारलाई रिपोर्टिङको क्रममा विद्रोहीको सहयोग आवश्यक पर्छ। यसै कुरालाई आधार मानेर सहभागीलाई समाचार संकलन-सम्प्रेषणमा विद्रोहीको सहयोगबारे प्रश्न सोधिएको थियो। सर्वेक्षणमा सहभागी पत्रकारमध्ये ३ प्रतिशतले मात्र विद्रोहीले राम्रो सहयोग गर्ने गरेको जनाएका छन्। त्यस्तै ७३ प्रतिशतले विद्रोहीको सहयोग ठीकै मात्र रहेको बताएका छन् भने बाँकी २४ प्रतिशतले त विद्रोहीले कुनै सहयोग गर्ने नगरेको उल्लेख गरेका छन्।

## ४.१७ पत्रकारलाई दुःख दिने कारण




द्वन्द्वरत पक्षले बेला-बेलामा पत्रकारलाई अनावश्यक दुःख दिने गरेको कुरा व्यक्तिगत भेटघाट तथा बिभिन्न गोष्ठी-सेमिनारहरूमा सञ्चारकर्मीले व्यक्त गरिराखेका हुन्छन् । यसैलाई आधार बनाएर प्रश्न सोधियो- द्वन्द्वरत पक्षले पत्रकारलाई दुःख दिने कारण के हो ? सहभागीहरूले मिश्रित प्रतिक्रिया दिएका छन् । सर्वेक्षणमा सहभागीमध्ये ३५ प्रतिशतले द्वन्द्वरत पक्षले आफ्ना कमी-कमजोरी लुकाउन दुःख दिने गरेको बताएका छन् भने २८ प्रतिशतले बदनाम हुनबाट बच्न, आठ प्रतिशतले शक्ति प्रदर्शन गर्न र १८ प्रतिशतले माथिका सबै प्रयोजनका लागि पत्रकारलाई दुःख दिने गरेको बताएका छन् । बाँकी ११ प्रतिशतले भने माथि उल्लेख गरिएका भन्दा फरक कारण उल्लेख गरेका छन् ।

घटना अध्ययन १

# माओवादी द्वन्द्वमा दैलेखको पत्रकारिता

(असोज १८ देखि २०५९ देखि २०६२ असार मसान्तसम्म)

माओवादी हिंसात्मक द्वन्द्वको शुरूआतसँगै पत्रकारिताको क्षेत्र पनि फराकिलो बन्दै गयो। शुरू-शुरूमा क्षणिक फाइदा तथा राजनीतिक स्वार्थबाट प्रेरित भएर पत्रकारितामा लागेका व्यक्तिहरू यसबाट आर्थिक लाभ हुने नदेखेपछि पत्रकारिता पेशाबाट पलायन भई अरु नै व्यवसायमा संलग्न भए। केही समयको अन्तरालपछि युवापुस्ताहरू एकाएक यस पेशाप्रति आकर्षित हुन थाले। छिमेकी जिल्ला जाजरकोटका पत्रकार हरिहरसिंह राठोरको दैलेख आगमनपश्चात् उत्साहित पत्रकारको जमात नै खडा भयो। तर समयको गतिसँगै माओवादी हिंसा चर्किएपछि द्वन्द्वरत पक्षबाट दोहोरो मारमा पत्रकार पर्न थाले, स्थिति बिग्रिएर उत्साहित युवाहरूमाझ एक्कासि मौनता छायो।

विशेषगरी २०५९ मा दैलेखस्थित रेडियो नेपाल प्रतिनिधि डेकेन्द्र थापाको माओवादीबाट हत्या भएपछि स्थिति झनै बिग्रियो। पत्रकार थापालाई करिब एक महिनाको अपहरणपछि हत्या गरियो। जिल्ला सदरमुकाम दैलेख बजारमा करिब १० किलोमिटर टाढाबाट ल्याइएको खाने पानीलाई पटक-पटक मुहान र पाइपलाइनमा बम विस्फोट गराई अवरुद्ध गरेपछि स्थानीय बासिन्दाको आग्रहमा स्व.पत्रकार थापा संयोजक रहने गरी माओवादीसँग छलफल गर्न माग भए बमोजिम सोही कार्यमा उहाँलगायत अर्का पत्रकार कमल न्यौपाने जिल्लाका उत्तर पूर्वी क्षेत्र नौमुले गएको समयमा अपहरण भएको थियो। अर्का पत्रकार कमल न्यौपानेलाई एक हप्तापछि छोडिएको थियो। माओवादीले सार्वजनिक रूपमा भौतिक कारबाही गरिएको विज्ञप्तिमार्फत सार्वजनिक गरे पनि भौतिक शरीर घरपरिवारलाई दिइएन। परिवारका सदस्य, आफन्त र स्थानीय व्यक्तिको व्यापक खोजतलासपछि पनि लास फेला नपरेपछि सदरमुकामवासीले 'कि लास देउ कि सास देउ' भनेर नारा-जुलुससमेत गरे। त्यस घटनालाई लिएर पत्रकार मानवअधिकारकर्मी लगायत थुप्रै संघ-संस्थाबाट निन्दा भयो। माओवादी जिल्ला नेतृत्वले लास दिन नसक्ने बताएपछि काठमाडौंबाट मिसन टोली दैलेख पुग्यो। त्यसपछि पनि लास गाडिएको स्थानसमेत थाहा हुन सकेन। राष्ट्रिय-अन्तर्राष्ट्रिय दबाबपछि माओवादीको केन्द्रीय तहले

छानबिनका लागि माओवादी पोलिटब्युरो सदस्य देव गुरुङको संयोजकत्वमा छानबिन टोली गठन गर्‍यो । सो छानबिन टोलीले आफ्नो छानबिन प्रतिवेदनमा हत्यामा संलग्न कार्यकर्तालाई कारबाही गरिएको बताए पनि हालसम्म  त्यसको पुष्टि हुने आधार केही छैन । माओवादी प्रवक्ता कृष्ण महराले पनि त्यस विषयमा आफ्ना कार्यकर्ताले गल्ती गरेको र अबदेखि प्रेसमाथि कुनै किसिमको आक्रमण नहुने भनी क्षमायाचना गरेर विज्ञप्ति जारी गर्नुभयो । तर त्यसो भने पनि पत्रकारलाई अप्ठ्यारोमा पार्न छाडिएन । त्यसपछिका दिनमा स्थानीय पत्रकारमाथि थुप्रै समस्या आउन थाल्यो । त्यसैताका गोरखापत्रका जिल्ला संवाददाता भूपेन्द्र शाहीलाई माओवादीले आफ्नाविरुद्ध समाचार लेखेको भनी हात काटिदिने धम्की दिन थालेपछि उनी करिब चार महिना राजधानीमा विस्थापित जीवन बिताए । पत्रकार कमल न्यौपानेलाई माओवादीले ६० हजार चन्दा दिनुपर्ने नत्र जे पनि हुन सक्ने पत्र पठाएपछि उनी पनि ५ महिनाजति नेपालगञ्ज बस्नुपर्‍यो ।

पत्रकारमाथि माओवादीको रवैया गलत कायम रहेको बेला राज्यद्वारा पनि पत्रकारमाथि थुप्रै ज्यादतीका घटना घटाइयो । सदरमुकाममा रहेको एक मात्र बाणिज्य बैंकमा माओवादीले बम पड्काई क्षति पुर्‍याएको घटनामा पत्रकार हरिहरसिंह राठोरको पनि हात रहेको झूटो आरोप लागाई उनलाई एक रात सैनिक बंकरभित्र राखियो । पटक-पटक सुरक्षाकर्मीले महिला पत्रकार विन्दु शाहीको डेरामा छापा मार्ने, धम्क्याउने काम पनि गर्दै आए । त्यस्तै तत्कालीन रेडियो नेपालका संवाददाता एवम् स्व. पत्रकार डेकेन्द्र थापाका सहोदर भाइ यज्ञराज थापा पनि सुरक्षाकर्मीको बर्बरताको शिकार हुनुपर्‍यो । रातको समयमा घरमै बसिरहेको अवस्थामा सादा पोसाकका सुरक्षाकर्मीले एक्कासि उनीमाथि निर्घात कुटपिट गरे । त्यस्तै २०६२ माघ १२ गते सात पार्टीको शान्तिपूर्ण जुलुसको समाचार संकलन गर्न जाँदा थापा र इन्सेक प्रतिनिधि नमनकुमार शाहीलाई पक्रेर करिब आठ दिनसम्म हिरासतमा लिई निर्ममतापूर्वक कुटपिट गरियो । त्यतिखेर सैनिक प्रमुख र प्रहरी प्रमुखले ‘तिमीहरू माओवादी हौ, तिमीहरूलाई राज्यविरुद्धको अपराध लगाउनुपर्छ’ भनी मानसिक यातना दिइरहेको अवस्थामा केन्द्रबाट मानवअधिकारवादी र पत्रकारले ठूलो दवाब दिएपछि छोडिएको थियो ।

सीमित संख्यामा रहेका पत्रकारमाथि द्वन्द्वरत पक्षबाट गिद्धेदृष्टि रहि नै रह्यो । उनीहरूद्वारा आफ्नो पक्षमा पत्रकारहरूलाई प्रयोग गर्न काम भई नै रह्यो । उनीहरूको गोटी बन्न नचाहने पत्रकार सधैं नै उनीहरूको तारो बनिरहनुपर्ने स्थितिको सिर्जना भयो । स्थानीय सुरक्षा निकायलाई पत्रकारिताको सामान्य नियमसमेत थाहा नहुँदा उनीहरूले पत्रकारले आफ्नो विरोध गरेको वा सुराकी गरेको ठान्दा रहेछन् । समाचार संकलनको क्रममा सदरमुकाम भन्दा बाहिर जाँदा स्थानीय सुरक्षा निकायलाई जानकारी दिनुपर्ने र उनीहरूले तोकेका क्षेत्रमा मात्र

जान पाइने नत्र सादा पोसाकमा हतियारधारी परिचालन गराई गतिविधि बुझ्ने र तारिख लगाइदिने कार्य पनि सुरक्षा निकायबाट हुँदै आयो। सदरमुकाममा रहँदा सुरक्षाकर्मीका शंकालु आँखा, सदरमुकाम बाहिर जाँदा माओवादीबाट सुराकीको बिल्ला लगाइने यहाँका पत्रकारले भोग्नु परिराखेको व्यथा हो।

दैलेखस्थित कान्तिपुर संवाददाता हरिहरसिंह राठोरलाई माओवादीबाट रकम बुझ्ने गरेको आरोप लगाई हिरासतमा राख्दा त्यहाँ कार्यरत १५ जना पत्रकारले 'स्वतन्त्र पत्रकारहरू बस्न नसक्ने जिल्ला' घोषणा गरी जिल्ला छोड्दा पत्रकार महासंघ केन्द्रको पहलमा राठोरलाई हिरासत मुक्त गरिएको थियो। एकातर्फ द्वन्द्वरत पक्षको दोहोरो मार अर्कोतर्फ माघ १९ को शाही कदमलाई सहयोग नगरेकै कारण रेडियो नेपालमा कार्यरत पत्रकार यज्ञराज थापा र राससमा कार्यरत अमर सुनारको जागिर खोसियो।

माओवादीले जबरर्जस्ती चन्दा माग्ने, आफ्नो कार्यक्रममा लैजाने, सदस्यता लिन लगाउने, पूर्णकालीन सदस्य बनाउने कार्य गर्न थालेपछि दुल्लु क्षेत्रका जनताले माओवादीविरुद्ध प्रतिकारमा उत्रेको समाचार सम्प्रेषण गर्दा सरकारी संयन्त्रको उच्च पदस्थ व्यक्तिहरूको निरीक्षणपछि सरकारले साहसिक काम गरको भनी राहतस्वरूप त्यस क्षेत्रको लागि ३ करोड रुपैँया विनियोजन गऱ्यो। रकमको उचित परिचालन नभई कामदारहरू ठगिएको र व्यापक भ्रष्टाचार भएको कुरालाई पनि स्थानीय पत्रकारले समाचार बनाए। तर स्थानीय प्रशासनले पत्रकारले खेलेको भूमिकालाई बिर्सेर उल्टो तारो बनायो। प्रतिकारपछि सरकारले दुल्लुमा जनताको मागअनुसार सुरक्षा बेसक्याम्प राखेपछि सैनिकद्वारा त्यस क्षेत्रका बालबालिकालाई युद्धमा प्रयोग गरेको थाहा भएपछि पत्रकारको टोलीले अनुगमन गरेर त्यसको समाचार सम्प्रेषण गऱ्यो। प्रयोग गरिएका बालबालिकालाई सेनाले खाजा खाने पैसा दिने, तालिम गराउने गरेको सहभागी बालबालिकाले पत्रकारलाई बताएका थिए। तर सुरक्षा निकायले आफूमाथि लगाइएको सो अभियोगबारेमा पत्रकारसँग स्पष्टीकरण माग्दै तारिख लगाउन थाल्यो। दुल्लुजस्तै नौमुले क्षेत्रका जनताले पनि माओवादी ज्यादतीविरुद्ध प्रतिकार गर्न थालेपछि भौगोलिक कठिनाईले गर्दा त्यस क्षेत्रका करिब ६ सय घरपरिवार सदरमुकाममा विस्थापित भए। उनीहरूलाई चाहिने कुरा जुटाउने कुरामा पनि स्थानीय पत्रकारले सहयोग गरे। तर त्यसैको फाइदा उठाएर स्थानीय सुरक्षा निकायले विस्थापित परिवारका युवाहरूलाई हतियार दिई माओवादीविरुद्ध 'भिजिलान्ते टाइगर ग्रुप' तयार गरेर झनै सर्वसाधारणलाई आतंकित तुल्यायो। त्यस कुरालाई पनि समाचार बनाएपछि सुरक्षाकर्मीले घर घेराउ, अभद्र व्यवहार, खानतलासी, शारीरिक र मानसिक

यातनाजस्ता कार्य दोहोऱ्याइ नै रहे । यस किसिमका व्यवहार माघ १९ पछि गठन गरिएको राष्ट्रिय पत्रकार समूहको कारण अझ बढ्दै गयो ।

प्रजातन्त्र पुनर्स्थापनापछि यस जिल्लामा राजनीतिक चलखेल बढ्दै जाँदा केही राजनीतिक दलप्रति झुकाव राख्ने व्यक्तिहरूले पत्रकारिता शुरू गरेपछि पत्रकारिताको महत्व महसुस हुन थालेको हो । त्यस अवधिसम्म त दैलेखमा पत्रकारिता शून्य प्रायः नै थियो । पेशाप्रति लगनशीलता नभएपछि पत्रकारिता छोड्ने, अपनाउने प्रक्रिया धेरै समयसम्म रह्यो ।

दैलेखमा आमसञ्चारको विकासमा ढिलाइ हुनुको कारण रेडियोको विकल्प नभएर पनि हो । दुर्गम क्षेत्र भएकाले गर्दा पनि पत्रपत्रिका पुग्न नसक्ने अवस्थाले जिल्लाका अधिकांश मानिस सूचनाका लागि रेडियो सुन्ने गर्दछन् । आज भोलि सदरमुकाममा केही क्षेत्रमा बिजुली भएका कारण मानिसहरू टेलिभिजनबाट पनि हालखबर थाहा पाउने गर्दछन् । तर यो सीमित छ । दैलेख जिल्लाको स्थानीय प्रशासनको पनि आफ्नै नियम छ । बेलाबेलामा टेलिफोन र टेलिभिजन केबुल लाइन बन्द गराउँदछ भने माओवादीले बिजुली काट्ने, खानेपानी अवरुद्ध गराउने गर्छन् । यस जिल्लामा यी दुई शक्तिको प्रतिस्पर्धा ट्वाल्ल परेर हेर्नबाहेक केही गर्न नसकिने अवस्थामा स्वतन्त्र पत्रकार र सर्वसाधारण रही आएका छन् ।

*(यो अध्ययन खुला छलफलमा आधारित छ । दैलेखबाट काठमाडौं आएको अवसर पारेर स्थानीय पत्रकारहरूसँग अध्येताले ४ घण्टा छलफल गरेको थियो । छलफलमा उपसभापति - यज्ञराज थापा (नेपाल समाचारपत्र), सचिव - कमल न्यौपाने (नेपाल समचारपत्र) उपसचिव नमनकुमार शाही (इन्सेक अनलाइन) सहभागी थिए।)*

घटना अध्ययन २

# अछाम जिल्लाबाट विस्थापित पत्रकारको अवस्था

**सुरज कुँवर**

कान्तिपुर राष्ट्रिय दैनिक पत्रिकाका जिल्लास्थित संवाददाता कुँवरलाई तत्कालीन शाही नेपाली सेनाद्वारा गरिएको सुशीला जोशी बलत्कार काण्डको भण्डाफोर गरेको तथा स्थानीय प्रशासनले सर्वसाधारणका जग्गा अतिक्रमण गरी अछामको साँफेबगरमा सशस्त्र प्रहरीको ब्यारेक राखेपछि जग्गाधनीले मुआब्जा पाएनन् भन्ने समाचार लेख्दा प्रशासनले समाचार संकलन गर्न सदरमुकामबाहिर जान प्रतिबन्ध लगायो र सोही निहुँमा पटक-पटक मानसिक यातना दियो। जिल्लामा बसेर पत्रकारिता गर्न सक्ने वातावरण नभएपछि उनी २०६१ सालदेखि काठमाडौंमा विस्थापित जीवन बिताइरहेका छन्। हाल कान्तिपुर दैनिकका लागि काठमाडौंमै बसेर काम गर्दछन्।

**वेदप्रकाश तिमिल्सिना**

कान्तिपुर दैनिकका संवाददाता तिमिल्सिनालाई जिल्लाको चाल्सा गाविसमा माओवादीले २०६१ साउन ८ गते आठ जना हलियालाई मरणासन्न हुने गरी मुसलले पेलेर यातना दिएको समाचार कान्तिपुर दैनिकमा छापिएपछि माओवादीले जिल्ला छोड्न धम्कि दिएको थियो। सोही कारण पत्रकार तिमिल्सिना एक वर्षसम्म नेपालगञ्जमा विस्थापित भई त्यहिँ बसेर कान्तिपुर दैनिकमा काम गर्दै आएकोमा हाल जिल्लाको शाान्तिसुरक्षाको अवस्थामा सुधार आएपछि उनी गत भदौदेखि पुनः जिल्ला फर्केर पहिलेकै अवस्थामा काम गर्दैछन्।

**विनोद थापा**

रेडियो नेपाल र गोरखापत्र दैनिकका जिल्ला संवाददाता थापालाई आफूले भनेअनुसार काम नगरेको भन्दै प्रमुख जिल्ला अधिकारी सूर्यप्रसाद श्रेष्ठले जिल्ला छाड्न धम्की दिए। २०६१ माघ १९ पछि शाही कदमको पक्षमा समाचार लेख्न लगातार दबाब दिएपछि उनी एक महिना धनगढी विस्थापित हुनुपरेको थियो। पेशाबाटै पलायन हुने स्थिति भएपछि उनलाई स्थानीय पत्रकारको पहलमा पुनः जिल्ला फर्काइयो । माओवादीले पश्चिम नेपालका १० पत्रकारलाई सफाया गर्ने लिस्टमा विनोद थापाको नाम पनि थियो। पछि स्थितिमा क्रमशः सुधार आउन थालेपछि उनी पुनः जिल्ला फर्किएर रेडियो नेपालको स्थानीय प्रतिनिधिको रूपमा कार्यरत छन्।

**कृष्ण शाही**

अछाम नाडा घर भएका पत्रकार कृष्ण शाहीले स्थानीय प्रशासन र सुरक्षाकर्मीबाट पटक-पटक मानसिक पीडा सहनुपरेको छ । दैलेखबाट विस्थापित भई अछाम आएका पत्रकार शाहीले अछामबाट समेत विस्थापनको पीडा सहनुपऱ्यो । पत्रकार शाहीलाई दैलेखका तत्कालीन गणपति नैनराज दाहालले माओवादीले दुल्लुस्थित ब्यारेक आक्रमण गर्दैछन् भन्ने आशयको समाचार छापेपछि दैलेखको गणमा बोलाई यस्ता समाचार नलेख्न तथा बिनाअनुमति गाउँ नजान धम्की दिएका थिए । गएमा गोली हान्नेसम्मको धम्की दिएपछि उनी त्यहाँबाट विस्थापित भई आफ्नो गृहजिल्ला अछाममा विस्थापित भए । अछाममा गएर उनले आफ्नो पेशालाई निरन्तरता दिए । तर २०६२ फागुन १६ गते मंगलसेन गाविसको नागातोला भन्ने ठाउँमा आफैंले बोकेको बम विस्फोटनमा परी पाँच माओवादी मरेको घटनाको समाचार संकलन गर्न सुरक्षाकर्मीलाई नसोधी गएको भन्दै पत्रकार शाहीलाई प्रहरीले दिनभर नियन्त्रणमा लिएको थियो । त्यस्तै पत्रकार महासंघको आह्वानमा तत्कालीन सञ्चार ऐन जलाउने कार्यमा संलग्न भएको भन्दै उनलाई त्यहाँका सुरक्षाकर्मीले  हात काट्ने धम्की दिएका थिए । सोही कारण उनी तीन महिना सुर्खेतमा विस्थापित भए । हाल स्थितिमा सुधार आएकाले उनी पुनः अछाम फर्किएर आफ्नो पेशालाई निरन्तरता दिँदै नेपाल समाचारपत्र राष्ट्रिय दैनिकमा कार्यरत छन् ।

**दीपक थापा**

अछाम जिल्लास्थित तत्कालिन नेपाल समाचारपत्रका संवाददाता दीपक थापालाई माआवादीका गलत क्रियाकलाको भण्डाफोर गरेको कारण माओवादीले एक महिनासम्म नजरबन्दमा राखे । त्यहाँबाट मुक्त भएपछि उनी पत्रकारिता पेसा नै छाडेर कैलालीको टिकापुरमा विस्थापित जीवन बिताइरहेका छन् ।

**नरेन्द्र थापा**

हिमालय टाइम्स दैनिकमा कार्यरत सिद्धेश्वर गाविस घर भएका नरेन्द्र थापालाई साँफे बगर एयरपोर्टमा प्रहरीले कुटपिट गरेपछि उनी जिल्लाबाट विस्थापित मात्र भएनन् पत्रकारिता क्षेत्रबाटै पलायन भई राजधानी काठमाडौं आएर विस्थापित जीवन विताइरहेका छन् । एउटा जिल्लाको त यो अवस्था छ भने पूरै मुलुकको अवस्था कति विकराल होला अनुमान गर्न सकिन्छ । अछाम सुदुरपश्चिमको विकड पहाडी जिल्ला हो । अछामजस्तै माओवादीको दरिलो पकड भएका जिल्लाहरूको संख्या ४० पुगिसकेको छ । यस आधारमा पनि पत्रकारको अवस्था कति दयनीय छ, अनुमान गर्न सकिन्छ ।

# शोत्रपत्रको सारांश
## (Synopsis)

नेपाली पत्रकारहरूका द्वन्द्व रिपोर्टिङ बिल्कुलै नयाँ क्षेत्र हो । मोफसलमा काम गर्ने पत्रकार हिंसात्मक द्वन्द्वको दोहोरो चेपुवामा परेका छन् । उनीहरू कुनै न कुनै रूपमा हिंसाको शिकार हुन बाध्य छन् । ती क्षेत्रमा कार्यरत पत्रकारहरूप्रति सुरक्षाकर्मी र माओवादी दुवैको व्यवहार सहयोगी छैन । द्वन्द्वरत पक्षका गलत क्रियाकलाप समाचारको रूपमा छापिएपछि राज्य र गैरराज्य दुवै पक्षबाट उनीहरुले चर्को मार खेप्नु परेको छ । शोधकार्यको निष्कर्षलाई बुँदागत रूपमा निम्नानुसार  प्रस्तुत गरिएको छ :-

- द्वन्द्वरत पक्षहरूबाट पीडित पत्रकार सबैजसो दुर्गम र द्वन्द्वग्रस्त क्षेत्रमा बस्नेहरू छन् । उनीहरूले बाध्यतावश द्वन्द्वको रिपोर्टिङ गर्न सिकेका हुन् । भिडन्त भएका क्षेत्रमा रिपोर्टिङ गर्न उनीहरू आफ्नै जोखिम र खर्चमा जाने गरेका छन् ।
- मिडियालाई सुरक्षानिकाय र माओवादी दुवै पक्षले उपयोग गर्न खोज्छन्। पत्रकार अन्जानमा उपयोग पनि हुने गरेका छन्। दुवै पक्षले पत्रकारको काममा हस्तक्षेप गर्न खोज्छन्। दुवैले सुराकीको रूपमा व्यवहार गर्छन् ।
- दुर्गम इलाकामा काम गर्ने कतिपय नेपाली पत्रकारले तालिम र सुविधा पाएका विदेशी पत्रकारहरूसँगै मिलेर वा उनीहरूको पथप्रदर्शक बनेर स्थलगत रिपोर्टिङ गर्ने अवसर पनि पाएका छन् । तैपनि उनीहरूलाई न त विदेशी आमसञ्चार माध्यमले न उसँग सम्बन्धित सञ्चार माध्यमले नै सुरक्षा र बिमाको व्यवस्था गर्छ । उनीहरू 'जे पर्छ त्यही अनुसार हुन्छ' भनेर रिपोर्टिङमा जानुपर्ने बाध्यता छ । द्वन्द्व पत्रकारमध्ये अहिले पनि धेरैजसो तयारीबिना नै द्वन्द्वग्रस्त क्षेत्रहरूमा पुग्छन् ।
- माओवादीको नाममा सुरक्षाकर्मीले जोसुकैलाई अमानवीय व्यवहार गरेको, चरम यातना दिएको, गैरन्यायिक हत्या गरेको र त्यो सम्बन्धमा लेखे पत्रकारहरूकै ज्यान लिने धम्की आउने गरेकोले अझै पनि ती क्षेत्रमा स्वतन्त्र पत्रकारिता अत्यन्तै निरीह अवस्थामा छ। गाउँमा कथित जनयुद्धका सारथीहरू र शहरमा सरकारी हुकुम तामेल गर्नेहरूको बीचमा स्वतन्त्र पत्रकारिताले अस्मिता गुमाउने स्थिति छ ।
- दुर्गम जिल्लामा काम गर्ने धेरैजसो पत्रकार नियमित संवाददाताको रूपमा नभई स्ट्रिङ्गरको रूपमा कार्यरत छन् । उनीहरूले छापिएको समाचारको शब्दको आधारमा वा स्केलले नापेर पारिश्रमिक पाउँछन् । कमैको मात्र महिनामारी तलवको व्यवस्था छ ।
- उनीहरूको जागिरको सुरक्षा छैन । व्यावसायिक पत्रकारिताको कुरा गर्ने नेपाली आमसञ्चार माध्यमहरूबाट द्वन्द्वग्रस्त जिल्लाहरूमा रिपोर्टिङ गर्ने पत्रकारले नियमित तलव समेत पाउन सकेका

छैनन् । अरु सुविधाको कुरा आश्वासनमा सीमित छ । यदि दिइहाले पनि राजधानीमा काम गर्नेको तुलनामा समान रूपमा दिँइदैन ।

- एकातिर आर्थिक बोझ त छदैछ भने अर्कोतिर युद्धग्रस्त क्षेत्रमा रिपोर्टिङ गर्दा आइलाग्ने भौतिक, शारीरिक र मानसिक समस्या पनि छ । जोखिमपूर्ण क्षेत्रमा काम गर्ने पत्रकारको बिमा हुन नसक्नु, भौगोलिक जानकारी नहुनु, यथेष्ट गृहकार्य गर्न नसक्नु जस्ता कारणले थप जोखिम उत्पन्न गराइरहेको छ ।
- द्वन्द्वरत पक्षमध्ये कुनै एक पक्षलाई पनि शंका लाग्यो भने पत्रकारमाथि सुराकीको आरोप लाग्ने गरेको छ । तर पत्रकारले यो आरोपको सफाइ दिने उपयुक्त अवसर पनि पाउँदैनन् ।
- पुरानो सत्ताका भौतिक संरचना ध्वस्त गर्ने क्रममा माओवादीको पहिलो निशाना दूरसञ्चारका टावर परेकाले अझै पनि ती टावरहरू निर्माण हुन नसक्दा अधिकांश पहाडी जिल्लामा सञ्चारको पहुँच सहज बन्न सकेको छैन । अहिले पनि केन्द्रमा टेलिफोन सम्पर्क गर्न वा समाचार फ्याक्स गर्न सरकारी निकाय वा जिल्ला प्रशासन कार्यालयमै जानुपर्ने बाध्यता कतिपय जिल्लामा कायमै छ ।
- उनीहरूले जीवन, दुर्घटना वा स्वस्थ्य बिमा केही पनि गरेका छैनन् । नगन्य संख्यामा गर्नेहरूले पनि आफ्नै पहलमा गरेको पाइयो ।
- उपकरणको अभाव त छ नै भएका थोरै उपकरण पनि द्वन्द्वरत पक्षबाट लुटिएका थुप्रै घटना छन् । पत्रकारको त बिमा नभएको अवस्थामा ती उपकरणको बिमाको कुरा त टाढाको कुरा भयो । पत्रकारको क्यामरा खोस्ने जस्ता क्रियाकलाप नेपालमा राज्यका सेना र विद्रोही माओवादी दुवैले गर्दै आएका छन् । सहभागी पत्रकारमध्ये अधिकांशले जीवन बिमा गरेको पाइएन ।
- राम्रो व्यावसायिक अवसर नपाइरहेका पत्रकारहरूले अहिले पनि निश्चिन्त भएर समाचार लेख्न सक्ने अवस्था छैन । जनतालाई जोगाएर कसरी समाचार लेख्ने भन्ने सीपको खाँचो छ । मिडियामा बोलेका कुरालाई लिएर स्थानीय बासिन्दाले द्वन्द्वरत दुवै पक्षको खप्की खानुपर्ने अवस्था आउने भएर पनि उनीहरू सत्य कुरा बोल्न डराउँछन् ।
- गैरराज्य-पक्षले पनि सञ्चारकर्मीमाथि सुराकीको आरोपका नाममा दण्ड दिँदै आएका छन् । गैरराज्यपक्षले पनि पत्रकारलाई आफ्नो हितमा मात्र सञ्चारका माध्यमको प्रयोग गराउन खोजेको देखिन्छ ।
- अझै पनि लेटर प्रेसबाट छापिने पत्रपत्रिका मोफसलमा पाइएका छन् । राजधानीकेन्द्रित् ठूला पत्रिकाहरू उपत्यकाबाहिरका विभिन्न शहरबाट समेत एकैचोटि छापिँदा साना लगानीका पत्रपत्रिकाहरू प्रभावित भएका छन् ।
- अध्ययनको क्रममा मोफसलमा काम गर्ने पत्रकारको शैक्षिकस्तर भने राम्रै पाइयो । अधिकांशले प्रमाणपत्र तह र त्यतिकै संख्यामा स्नातक तह उतीर्ण गरेका छन् ।

- तालिमको उचित व्यवस्था नहँदा विषयप्रतिको अवधाराणात्मक सुस्पष्टताको कमी, मानव संवेदनशीलताको कमी, शान्तिका विषयवस्तुभन्दा हत्या-हिंसाका विषयवस्तुको प्राथमिकता, हिंसालाई प्रशंसा गर्ने प्रवृत्ति प्रतिक्रियात्मक सोच आदि मोफसलका पत्रकारका साझा समस्याका रूपमा देखिए ।
- सर्वेक्षणका आधारमा भन्ने हो भने द्वन्द्वपीडित पत्रकारका लागि पत्रकार महासंघले खेलेको भूमिका पनि सन्तोषजनक देखिँदैन । सम्पूर्ण पत्रकारको छाता संगठन महासंघबारे यस्तो धारणा आउनु राम्रो लक्षण होइन । सहभागीहरू पूर्ण सन्तुष्ट नभएको नतिजाले देखाउँछ ।
- द्वन्द्वरत पक्षहरू, खास गरी माओवादीमा बहुलवादी मिडियाको अवधारणाबारे बुझाइको कमी छ । स्वतन्त्र प्रेसको परम्परागत नाराभन्दा अघि बढेर बहुविचारको महत्वमा आधारित मिडियाको बहुलवादलाई उनीहरूले स्वीकार गर्न सकेको देखिँदैन । यसबारे उनीहरू सैद्धान्तिक रूपबाटै पूर्वाग्रही छन् । यही दृष्टिकोण पत्रकारलाई बेलाबखतमा धम्की भौतिक सफायाको रूपमा झल्कने गरेको छ ।
- जिल्लाका कतिपय पत्रकारहरू आफूलाई “मै हुँ” भन्ने सम्झन्छन् । आफूले सोधेको र खोजेको कुरा जसले पनि ल्याइदिनुपर्छ भन्ने धारणा राख्छन् । तर माओवादी र सुरक्षाकर्मीको आ-आफ्नै नियम छ । पत्रकारहरूले उनीहरूको नियम नबुझे काम गर्न गाह्रो हुन्छ ।
- व्यक्तिगत विश्वासको आधारमा दिइएका जानकारीलाई कतिपय पत्रकारले केके नै पाएँ भनेर उत्साहित भएर समाचार बनाउँछन् । समाचारको स्रोतलाई अप्ठ्यारोमा पार्छन् । कहिलेकाहीं सम्बन्धित पक्षहरूले नै पत्रकारको इमानदारी वा वैचारिक झुकाव जाँच्न पनि गलत समाचार दिन्छन् ।
- सुरक्षाफौज र माओवादी दुवैले समाचार संकलनमा पत्रकारहरूलाई राम्रो सहयोग नगरेको देखियो । सुरक्षाकर्मी जनता र पत्रकारदेखि धेरै टाढा छन् । क्याप्टेनभन्दा माथिल्लो तहका सेनासँग भेट हुँदैन । पत्रकार भनेपछि शंका मात्र गर्छन् । माओवादी जनतासँग धेरै नजिक छन् तर पत्रकारहरूसँग उनीहरूले चाहेको बेलामा मात्र सम्पर्क गर्छन् । पत्रकारले चाहेको बेलामा सम्पर्क गर्न कठिन छ ।
- पत्रकारलाई माओवादीले हाम्रो प्राविधिकबाहेक सबै कुरा खुला छ छापे हुन्छ भन्छन् । व्यवहारमा यस्तो हुँदैन । माओवादीको हिंसाको डरका कारण पनि पत्रकारले उनीहरूका समाचारमा ‘सेल्फ सेन्सरसिप’ लागू गर्छन् ।
- पत्रकारहरू समाचार संकलनमा टाढा-टाढासम्म यात्रा गर्नुपर्ने हुन्छ, तर उनीहरूको आम्दानी कहिलेकाहीं त्यो स्थानसम्म पुग्ने भाडा आर्जन गर्नेसम्मको पनि हुँदैन ।

# सुझाव

## (Recommendation)

- हिंसात्मक क्षेत्रको स्थलगत रिपोर्टिङ गर्दा त्यहाँ बिछ्याइएका धरापहरू र तीनका प्रकृतिबारे पनि पत्रकारमा जानकारी हुनुपर्छ। अन्यथा ज्यानै गुमाउने अवस्था आउन सक्छ। द्वन्द्व संवेदनशील क्षेत्रमा जाँदा विस्फोटक पदार्थ र हातहतियारसम्बन्धी पर्याप्त जानकारी राखिएको खण्डमा सम्भावित दुर्घटनाबाट बच्न सकिन्छ।
- द्वन्द्वरत क्षेत्रमा काम गर्दा कहिलेकाहीँ ज्यान नै गुम्न पनि सक्छ। त्यसका लागि उनीहरूको बिमा हुनु पर्ने आवश्यकता छ। सरकारल प्रेस स्वतन्त्रताको प्रत्याभूति र सञ्चारकर्मीको जीउ धनको सुरक्षाको जिम्मा लिनुपर्छ।
- जिल्लामा काम गर्ने धेरै पत्रकारहरूले पत्रकारिताका आधारभूत तालिम पाए पनि उनीहरूलाई चाहिने द्वन्द्व रिपोर्टिङसम्बन्धी तथा शान्ति पत्रकारितासम्बन्धी तालिमको सख्त आवश्यकता छ। उनीहरूलाई हात-हतियार र विस्फोटक पदार्थसम्बन्धी तालिमको खाँचो रहेको छ। जोखिमपूर्ण क्षेत्रमा बसेर पनि उनीहरूको समाचारले राजधानीको तुलनामा खासै ठाउँ पाएको देखिएन । तसर्थ उनीहरुको समाचारलाई प्राथमिकतामा पार्नु पर्ने देखिन्छ।
- कतिपय राजधानीकेन्द्रित संस्थाहरूले पनि बेलाबखत तालिम कार्यक्रम आयोजना गर्ने गरेका छन् । तर त्यो पर्याप्त छैन। यसका लागि मोफसलका शैक्षिक संस्थाहरूले माध्यमिक वा उच्च माध्यमिक तहदेखि नै पठनपाठनलाई सुचारु गराउन सके दक्ष जनशक्तिको संस्थागत विकास हुन सक्छ र मोफसलमा ठूला लगानीहरू आकर्षित गराउन सकिने सम्भावना छ।
- द्वन्द्वको मैदानमा बन्दुक बोकेका सिपाहीहरूको आँखाले शत्रुलाई खोजिरहेको हुन्छ भने कलम र क्यामरा बोकेका पत्रकारहरूको आँखाले समाचार खोजिरहेको हुन्छ। पहिलोले हरेक अपरिचित व्यक्ति र गतिविधिलाई शंका गर्छ भने दोस्रोले हरेक व्यक्ति र गतिविधिबाट सूचना पाउन खोज्छ। दुवैलाई एक अर्काको उद्देश्य थाहा हुँदैन र चासो पनि नहुन सक्छ। यो कुरा दुवैबाट बुझ्ने कोशिस भएमा कतिपय दुर्घटनाबाट जोगिन सकिन्छ।

- मोफसलमा पत्रकारिता गर्ने पत्रकारको आर्थिक अवस्था राम्रो छैन । धेरैजसोले समाचार 'बेसिस'मै काम गरिरहेका छन् । उनीहरूले पठाएको समाचार छापिए पैसा पाउने नत्र नपाउने अवस्था छ । कतिपयले फोन फ्याक्सको बिल पेश गरेर सोहीबापतको रकममा चित्त बुझाउनुपर्छ । श्रमजीवी ऐन कार्यन्वयनमा नआउनु यसको प्रमुख कारण हो । सञ्चार गृहहरूले द्वन्द्व पत्रकारहरूलाई समाचार 'बेसिस'मा होइन मासिक तलवमा राख्नुपर्छ । यसका लागि पत्रकार महासघंको सकारात्मक पहलको आवश्यकता छ ।

## शोधका आगामी क्षेत्र

## (Further Study)

यो अध्ययनले राज्य-माओवादी द्वन्द्वले समग्र पत्रकारिता क्षेत्रमा परेको असरलाई समेट्न सकेको छैन । भविष्यमा यससम्वन्धी अन्य विषयमा अध्ययन हुन सक्दछ । द्वन्द्व र पत्रकारिताको क्षेत्र छुट्टै भएपनि यससँग सम्बन्धित गराएर भविष्यमा अरू विषयमा पनि अध्ययन गर्न सकिन्छ । तीमध्ये केही निम्न प्रकारका छन् -

- राज्य-माओवादी द्वन्द्वले पत्रपत्रिकाको विक्रीवितरणमा परेको कठिनाइ
- युद्धविरामअघि र पछि पत्रकारितामा परेको प्रभावको तुलानात्मक अध्ययन
- द्वन्द्वकालमा माओवादीको भूमिगत पत्रकारिता एक अध्ययन
- राज्य-माओवादी द्वन्द्वले सम्पादकीय शाखामा परेको असर
- माओवादी द्वन्द्वकालमा एफएफ रेडियोहरुलाई परेको कठिनाई
- राज्य-माओवादी द्वन्द्वले मिडियाको लगानीमा परेको असर
- द्वन्द्वकालमा व्यावसायिक पत्रकारिताको गतिमा पुगेको अवरोध

अनुसूची -१

# प्रश्नावलीको नमुना

त्रिभुवन विश्वविद्यालय पत्रकारिता तथा आमसञ्चार केन्द्रीय विभाग

**रत्नराज्यलक्ष्मी क्याम्पस**

**प्रदर्शनी मार्ग, काठमाडौं**

स्नातकोत्तर तह पत्रकारिता तथा आमसञ्चार विभागअन्तर्गत

***द्वन्द्वग्रस्त क्षेत्रमा समाचार संकलनको चुनौती***

शीर्षक शोध कार्यका लागि तयार परिएको प्रश्नावली

नाम :

काम गरिरहेको संस्था :

उमेर : लिंग : जिल्ला : विवाहित/अविवाहित : शैक्षिक योग्यता :

पत्रकारिताको अनुभव : क) १-४ वर्ष ,ख) ४-७ वर्ष, ग) ७-११ वर्ष ,घ) ११ वर्षभन्दा बढी

**१. तपाईं माओवादी द्वन्द्वसम्बन्धी समाचार संकलन गर्नुहुन्छ ?**

क) गर्छु ख) गर्दिन ग) अलि-अलि गर्छु

**२. देशमा द्वन्द्व चर्किरहेका बेला तपाईं कुन पक्षबाट बढी प्रताडित हुनुहुन्छ ?**

क) राज्य ख) माओवादी ग) क र ख दुवै घ) आपराधिक समूह

**३. द्वन्द्वरत पक्षले तपाईंलाई कत्तिको प्रयोग गर्न खोज्छन् ?**

क) सकेसम्म बढी ख) ठीकै ग) खोज्दैनन्

**४. सुरक्षाफौजले सूचना उपलब्ध गराउने सवालमा कत्तिको सहयोग गर्छन् ?**

क) राम्रो ख) ठीकै ग) गर्दैनन्

**५.माओवादीले सूचना सम्प्रेषणमा कत्तिको सहयोग गर्छन् ?**

क) राम्रो ख) ठीकै ग) गर्दैनन्

**६. तपाईंले पठाएको समाचारले राष्ट्रियस्तरका माध्यममा कत्तिको महत्व पाउँछ ?**

क) राम्रो ख) ठीकै ग) महत्व पाउँदैन

**७. एउटा समाचार लेखेबापत कति आम्दानी गर्नुहुन्छ** (सरदरमा) ?

क) ५० रुपियाँ ख) १०० रुपियाँ ग) ३०० रुपियाँ घ) ५०० रुपियाँ

**८. त्यो आम्दानीले जिल्लामा बसेर खर्च टर्न सक्छ ?**

क) सक्दैन   ख) सक्छ

**९. तपाईंको कार्यक्षेत्रमा टेलिफोन कति वटा छन् ?**(सरदरमा)

क) १० वटा   ख) ५० वटा   ग) १०० भन्दा माथि

**१०. युद्धमा प्रयोग हुने हातहतियार, माइन, र प्राविधिक पक्षबारे ज्ञान छ ?**

क) राम्रो छ   ख) अलिअलि छ ग) पटक्कै छैन्

**११. उनीहरूका कमीकमजोरीविरुद्ध समाचार छापिए धम्की आउँछ कि आउँदैन ?**

क) आउँछ   ख) आउँदैन   ग) थाहा छैन्

**१२. आउँछ भने, उनीहरूले कुन प्रक्रियामार्फत धम्क्याउँछन् ?** *(धम्की आएको भए मात्र लेख्नुहोला)*

क) फोन गरेर  ख) कार्यालयमा बोलाएर  ग) घर-डेरामै आएर घ) सबै

**१३. उनीहरूले के कारण पत्रकारलाई दुःख दिन्छन् जस्तो लाग्छ ?** (*दुःख दिए मात्र लेख्नुहोला)*

क) आफ्ना कमजोरी लुकाउन ख) आफू बदनाम हुनबाट बच्न ग) शक्ति प्रदर्शन गर्न घ) सबै

**१४. तपाईंले समाचारकै कारण विस्थापित हुनुपरेको छ भने कसका कारण ?** *(विस्थापित नभए पर्दैन)*

क) माओवादी ख) राज्य ग) क र ख दुवै घ) आपराधिक समूह

**१५. विस्थापनपछि के पेशामा संलग्न हुनुहुन्छ ?** *(विस्थापित नभए पर्दैन)*

क) पत्रकारितामै  ख) बेरोजगार  ग) अन्य

**१६. समाचारकै कारण पक्राउ परी जेल बस्नुपरेको छ ? छ भने कति समय जेल बस्नुभयो ?**

क) छ   ख) छैन   ग) वर्ष-

**१७. सुरक्षाकर्मीले शारीरिक यातना पनि दिए कि ?**

क) दिए   ख) दिएनन्   ग) बताउन चाहन्न

**१८. राज्य पक्षले स्रोत खोल्न दबाब दिन्छ कि दिँदैन ?**

क) दबाब दिन्छ   ख) दिँदैन   ग) भन्न मिल्दैन

**१९. माओवादी विद्रोह कस्तो हो ?**

क) आतंङ्ककारी   ख) राजनीतिक, सामाजिक र आर्थिक  ग) अन्य

**२०. विदेशी मिडियामा समाचार पठाउने गर्नुभएको छ ?**

क) कहिलेकाहीं पठाउने गरेको छु ख) नियमित पठाउने गरेको छु ग) छैन्

**२१. द्वन्द्वग्रस्त क्षेत्रबाट समाचार पठाउँदा प्राय : कुन माध्यम अपनाउँनुहुन्छ ?**

क) इमेल-इन्टरनेट ख) फ्याक्स ग) घ) कुरियर, रजिष्ट्री चिठी

**२२. तपाईंले प्रयोग गर्ने माध्यम सहजरूपमा उपलब्ध छ ?**

क) उपलब्ध छ ख) मुस्किलले उपलब्ध छ

**२३. के तपाईंको कसैले बिमा गरिदिएको छ ?**

क) छ ख) छैन

**२४. छ भने कसले गरिदिएको छ ?** *(भएमा मात्र लेख्नुहोला)*

क) आफैं ख) कार्यलयले ग) पत्रकार महासंघले घ) अन्य

**२५. के तपाईंले द्वन्द्वपीडित पत्रकारलाई दिइने सहयोग लिनुभएको छ** *?(छ भने दाताको नाम लेख्ने)*

क) लिएको छु ख) लिएको छैन ग) थाहा छैन् घ) दाता......

**२६. के तपाईंले द्वन्द्व पत्रकारितासम्बन्धी तालिम लिनुभएको छ ?**

क) लिएको छु ख) लिएको छैन ग) थाहा छैन्

**२७. के तपाईं द्वन्द्वपीडित पत्रकारहरूप्रति नेपाल पत्रकार महासंघको भूमिकाप्रति सन्तुष्ट हुनुहुन्छ ?**

क) सन्तुष्ट छु ख) पूर्ण सन्तुष्ट छुइन

**२९. समाचार संकलनको क्रममा कुनै समस्या पर्‍यो वा आकस्मिक सहयोग लिनु परेमा कस्तो तयारी हुन्छ ?**

.........................................................................................................

**३०. के तपाईंलाई विद्रोही पक्षले कब्जामा लिएका छन् ? छन् भने कति समयका लागि लिए ?**

........................................................................................

**३१. मुक्त गर्दा के सर्तमा गरे ?**

...................................................................

**३२. आम्दानीले नपुगेको अवस्थामा अन्य कुनै पेशा अपनाउनुभएको छ ? भए लेखिदिनुहोला ।**

..............................................................................................................

**३३. तपाईको शैक्षिक योग्यता र लिएका अन्य महत्वपूर्ण तालिमहरू के के छन् ? क्रमश लेखिदिनुहोला ?**

....................................................................................................

**३४. द्वन्द्वगस्त्र क्षेत्रमा जानुपूर्व तपाई विशेष तयारी गर्नुहुन्छ ?**

.......................................................................

३५. माओवादी विद्रोह जन्मनुको कारण के हुन सक्छ ?

.....................................................

३६. माओवादी समस्या समाधानको उत्तम उपाय के हो जस्तो लाग्छ ?

.....................................................

३७. जिम्मेवार पत्रकारले द्वन्द्व व्यबस्थापनमा कस्तो भूमिका खेल्नुपर्छ

.....................................................

धन्यवाद

अनुसूची - २

# प्रश्नावली भर्ने पत्रकारको नामावली

## पूर्वाञ्चल

| क.स. | नाम | सम्बद्ध संस्था | जिल्ला |
|---|---|---|---|
| १. | रत्नप्रसाद आचार्य | संवाददाता, नेपालसमाचारपत्र राष्ट्रिय दैनिक | खोटाङ |
| २. | गणेश साम्पाङ | संवाददाता, नेपाल समाचारपत्र राष्ट्रिय दैनिक | पाँचथर |
| ४. | सुब्रत न्यौपान | संवाददाता, पूर्वाञ्चल दैनिक | झापा |
| ५. | रोहितचन्द्र भट्टराई | संवाददाता, नेपाल समाचारपत्र राष्ट्रिय दैनिक | इलाम |
| ६. | केशवप्रसाद भट्टराई | संवाददाता, नेपाल समाचारपत्र राष्ट्रिय दैनिक | ताप्लेजुङ्ग |
| ७. | रोशन साँवा | सप्तकोशी एफएम | इलाम |
| ८. | तीर्थ कटुवाल | संवाददाता, नेपाल समाचारपत्र राष्ट्रिय दैनिक | तेह्रथुम |
| ९. | रामबहादुर घिसिङ | संवाददाता, मोफसल साप्ताहिक | मोरङ |
| १०. | डम्बरसिंह राई | संवाददाता, कान्तिपुर राष्ट्रिय दैनिक | खोटाङ |
| ११. | बिन्देश्वर खनाल | संवाददाता, जनआस्था साप्ताहिक | पाँचथर |
| १२. | सिद्धराज राई | संवाददाता, नेपाल समाचारपत्र राष्ट्रिय दैनिक | धनकुटा |
| १३. | सीता मादेम्बा | संवाददाता, सप्तकोशी एफएम | सुनसरी |
| १४. | अम्बिका भण्डारी | संवाददाता, नेपाल समाचारपत्र राष्ट्रिय दैनिक | मोरङ |
| | राजु शिवा | संवाददाता, आँखा साप्ताहिक/दर्शन दैनिक | इलाम |
| १६. | शाहीमान राई | संवाददाता, कान्तिपुर राष्ट्रिय दैनिक | भोजपुर |
| १७. | रमेशसमदर्शी राई | संवाददाता, नेपाल समाचारपत्र राष्ट्रिय दैनिक | झापा |

## मध्यमाञ्चल

| क.स. | नाम | सम्बद्ध संस्था | जिल्ला |
|---|---|---|---|
| १८ | राम केसी | संवाददाता, नेपाल समाचारपत्र राष्ट्रिय दैनिक | सिन्धुपाल्चोक |
| १९ | एकल सिलवाल | संवाददाता, नेपाल समाचारपत्र राष्ट्रिय दैनिक | चितवन |
| २० | प्रेम बानियाँ | सम्पादक, सिन्धुसन्देश साप्ताहिक | सिन्धुपाल्चोक |
| २१ | रोशन पराजुली | संवाददाता, कामना प्रकाशन समूह | मकवानपुर |
| २२ | हेमनाथ खतिवडा | संवाददाता, नेपाल समाचारपत्र राष्ट्रिय दैनिक | रसुवा |
| २३ | मनोज तिमिल्सिना | संवाददाता, गोरखापत्र राष्ट्रिय दैनिक | रौतहट |
| २४ | चिरञ्जीवी मास्के | अध्यक्ष, पत्रकार महासंघ, दोलखा | दोलखा |
| २५ | दिनेशकुमार थपलिया | संवाददाता, चितवन पोष्ट दैनिक | चितवन |

## पश्चिमाञ्चल

| क.स. | नाम | सम्बद्ध संस्था | जिल्ला |
|---|---|---|---|
| २६ | प्रदीप खनाल | संवाददाता, इमेज च्यानल | कास्की |
| २७ | राजु क्षेत्री | संवाददाता, राष्ट्रिय स्वाभिमान साप्ताहिक | कास्की |
| २८ | रामकृष्ण बोहोरा | संवाददाता, ढोरपाटन दैनिक | बाग्लुङ |
| २९ | दामोदर खनाल | संवाददाता, पश्चिमाञ्चल एफएम | कास्की |
| ३० | रमन गिरी | पोखरा संवाददाता, डटलाइन दैनिक | कास्की |
| ३१ | राजेन्द्र अधिकारी | संवाददाता, नेपाल समाचारपत्र राष्ट्रिय दैनिक | कास्की |
| ३२ | ध्रुवसागर शर्मा | संवाददाता, नेपाल समाचारपत्र राष्ट्रिय दैनिक | म्याग्दी |
| ३३ | राधा खनाल | संवाददाता, आदर्श समाज दैनिक | कास्की |
| ३४ | रतन गुरुङ | सम्वाददाता, पोखरापत्र दैनिक | कास्की |
| ३५ | गणेश पाण्डे | संवाददाता, रेडियो नेपाल | लमजुङ |
| ३६ | दुर्गाप्रसाद शर्मा | संवाददाता, नेपाल समाचारपत्र राष्ट्रिय दैनिक | पर्वत |
| ३७ | केशवशरण लामिछाने | संवाददाता, समय साप्ताहिक | कास्की |
| ३८ | किसान संगीत | संवाददाता, लमजुङ हाइलाइट साप्ताहिक | लमजुङ |
| ३९ | घनश्याम गौतम | संवाददाता, कान्तिपुर राष्ट्रिय दैनिक | गुल्मी |
| ४० | हरि पोखरेल | संवाददाता, नेपाल समाचारपत्र राष्ट्रिय दैनिक | गुल्मी |

| | | | |
|---|---|---|---|
| ४१ | नेत्र पन्थी | संवाददाता, राजधानी दैनिक | कपिलवस्तु |
| ४२ | माधव अर्याल | संवाददाता, कान्तिपुर राष्ट्रिय दैनिक | पाल्पा |
| ४३ | जगदिश भट्टराई | संवाददाता, श्रीनगर एफएम | पाल्पा |
| ४४ | हरि शर्मा | संवाददाता, मेचीकाली दैनिक | रुपन्देही |
| ४५ | हेमबहादुर पछाइ | संवाददाता, मेचीकाली सन्देश | रूपन्देही |
| ४६ | टीपी भूसाल | संवाददाता, रुपन्देही एफएम | रूपन्देही |
| ४७ | कुलमणि ज्ञवाली | संवाददाता, नेपाल समाचारपत्र राष्ट्रिय दैनिक | रूपन्देही |
| ४८ | नारायणप्रसाद पौडेल | संवाददाता, कामना प्रकाशन समूह | कपिलवस्तु |
| ४९ | नमिता बस्याल | संवाददाता, रेडियो मुक्तिनाथ पाल्पा | पाल्पा |
| ५० | टेकबहादुर पौडेल | संवाददाता, बुधबार साप्ताहिक | कपिलवस्तु |
| ५१ | केशव पराजुली | संवाददाता, जनसंघर्ष दैनिक,बुटवल | रूपन्देही |
| ५२ | शशि पोखरेल | संवाददाता, कामना प्रकाशन समूह | स्याङ्जा |

## मध्यपश्चिमाञ्चल

| क.स. | नाम | सम्बद्ध संस्था | जिल्ला |
|---|---|---|---|
| ५३ | शंकर खनाल | संवाददाता, नेपाल समाचारपत्र राष्ट्रिय दैनिक | बाँके |
| ५४ | दीपकबहादुर थापा | संवाददाता,नयाँ युग बोध दैनिक | दाङ |
| ५५ | किरण आचार्य | संवाददाता, नेपाल समाचारपत्र राष्ट्रिय दैनिक | रोल्पा |
| ५६ | कृष्णप्रसाद गौतम | संवाददाता, युगबोध दैनिक | रुकुम |
| ५७ | अक्षरी पोखरेल | संवाददाता, महिला सञ्चार साप्ताहिक | बाँके |
| ५८ | कालीबहादुर मल्ल | संवाददाता, नेपाल समाचारपत्र राष्ट्रिय दैनिक | कालीकोट |
| ५९ | विमला पाण्डे | संवाददाता, नयाँ युगबोध दैनिक | प्युठान |
| ६० | रेखाकुशुम रेग्मी | रासस (हाल काठमाडौं) | दाङ |
| ६१ | दुर्गा थापा | संवाददाता, नेपाल समाचारपत्र राष्ट्रिय दैनिक | सुर्खेत |
| ६२ | दीपक गौतम | संवाददाता ,सत्यपत्र नेपाली दैनिक | बाँके |
| ६३ | रमेश एडी | संवाददाता, नेपाल समाचारपत्र राष्ट्रिय दैनिक | हुम्ला |
| ६४ | नारायण कोइराला | संवाददाता, रेडियो भेरी एफएम | सुर्खेत |
| ६५ | सम थापा | संवाददाता, नेपाल समाचारपत्र राष्ट्रिय दैनिक | बाँके |
| ६६ | गणेशकुमार कार्की | संवाददाता, समय साप्ताहिक | सुर्खेत |
| ६७ | मोतिलाल पौडेल | संवाददाता, कान्तिपुर राष्ट्रिय दैनिक | सुर्खेत |
| ६८ | केशवराज कठायत | संवाददाता, बिहानी साप्ताहिक | सुर्खेत |
| ६९ | चित्रसिंह गाउँले | संवाददाता, राजधानी राष्ट्रिय दैनिक | सुर्खेत |
| ७० | अशोककुमार सिँह | संबाददाता, कर्णाली पोष्ट साप्ताहिक | कालीकोट |
| ७१ | बिरबहादुर बम | संवाददाता, नेपाल समाचारपत्र राष्ट्रिय दैनिक | मुगु |
| ७२ | के.बी जुम्ली | संवाददाता, नेपाल समाचारपत्र राष्ट्रिय दैनिक | जुम्ला |
| ७३ | जीवन सेजुवाल | संवाददाता, नेपाल समाचारपत्र राष्ट्रिय दैनिक | मुगु |
| ७४ | झलक गैरे | संवाददाता, नेपाल समाचारपत्र राष्ट्रिय दैनिक | बाँके |
| ७५ | प्रकाश पन्त | संवाददाता, नेपाल समाचारपत्र राष्ट्रिय दैनिक | सुर्खेत |
| ७६ | कमल न्यौपाने | संवाददाता, नेपाल समाचारपत्र राष्ट्रिय दैनिक | सुर्खेत |
| ७७ | राजु शाक्य | संवाददाता, नेपाल समाचारपत्र राष्ट्रिय दैनिक | जाजरकोट |
| ७८ | रेसम डीसी | संवाददाता नेपाल समाचारपत्र राष्ट्रिय दैनिक | सल्यान |
| ७९ | कमला रजौरे | संवाददाता, नेपाल समाचारपत्र राष्ट्रिय दैनिक | दाङ |
| ८० | विपुल पोखरेल | सम्पादक, स्वर्गद्वारी एफएम | दाङ |

## सुदूरपञ्चिमाञ्चल

| क्र.स. | नाम | सम्बद्ध संस्था | जिल्ला |
|---|---|---|---|
| ८१ | छत्र साउद | संवाददाता, च्यानल नेपाल | डडेल्धुरा |
| ८२ | मातृका तिमिल्सिना | संवाददाता, सुदूरपत्र अर्धसाप्ताहिक | कैलाली |
| ८३ | करुणा जोसी (अवस्थी) | संवाददाता, सुदुर सन्देश दैनिक | कैलाली |
| ८४ | गणेशप्रसाद जोसी | संवाददाता, खप्तड एक्प्रेस साप्ताहिक | डोटी |
| ८५ | विमल विष्ट | संवाददाता नेपाल समाचारपत्र राष्ट्रिय दैनिक | डोटी |
| ८६ | लक्ष्मीराज जोसी | संवाददाता, रेडियो नेपाल | बझाङ |
| ८७ | शंकर थापा | संम्पादक, डोटेली आवाज साप्ताहिक | डोटी |
| ८८ | सिद्धराज उपाध्याय | संवाददाता, गोरखापत्र दैनिक | बझाङ |
| ८९ | वेदप्रकाश तिमिल्सैना | संवाददाता, कान्तिपुर राष्ट्रिय दैनिक | अछाम |
| ९० | खगेन्द्र पन्त | संवाददाता, राजधानी राष्ट्रिय दैनिक | कञ्चनपुर |
| ९१ | लोग्सरी कुँवर | संवाददाता, हाम्रो सेती साप्ताहिक | धनगढी |
| ९२ | वीरेन्द्र रावल | संवाददाता, हाम्रो सेती साप्ताहिक | कैलाली |
| ९३ | योगेश रावल | संवाददाता, हाम्रो परिचर्चा अर्धसाप्ताहिक | कैलाली |
| ९४ | बच्चु विश्वकर्मा | संवाददाता, फारवेष्ट टाइम्स दैनिक | कञ्चनपुर |
| ९५ | लक्की चौधरी | हमार पहुरा, अर्धसाप्ताहिक (थारु पत्रिका | कैलाली |
| ९६ | पुष्पा चौधरी | संवाददाता, रेडियो घोडाघोडी एफएम | कैलाली |
| ९७ | विक्रम गिरी | संवाददाता, कान्तिपुर राष्ट्रिय दैनिक | दार्चुला |
| ९८ | रनि विवश लोहार | संवाददाता, रेडियो घोडाघोडी एफएम | कञ्चनपुर |
| ९९ | एकिन्द्र तिम्सिना | संवाददाता, नेपाल समाचारपत्र राष्ट्रिय दैनिक | कैलाली |
| १०० | कर्ण साह | संवाददाता, नेपाल समाचारपत्र राष्ट्रिय दैनिक | धनगढी |

अनुसूची - ३

# माओवादीको ४० सूत्रीय माग

२०५२ साल माघ २१ गते डा.बाबुराम भट्टराईको नेतृत्वमा रहेको संयुक्त जनमोर्चा नेपालले तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवासमक्ष ४० सूत्रीय माग पस्तुत गरेको थियो। यी मागलाई नै माओवादी पक्षले हिंसात्मक आन्दोलनको कार्य सूचीको रूपमा प्रस्तुत गर्दै आएको छ।

१. सन् १९५० को नेपाल-भारत सन्धिलगायतका सम्पूर्ण असमान सन्धि सम्झौताहरू खारेज गरिनुपर्छ।

२. २०५२ साल माघ १५ गते नेपाल भारतबीच सम्पन्न कथित एकीकृत महाकाली सन्धि अझै बढी राष्ट्रघाती र दीर्घकालीन दृष्टिकोणले बढी खतरनाक भएकोले उक्त सन्धि तत्काल खारेज गर्नुपर्छ।

३. नेपाल-भारत खुला सिमाना नियन्त्रित र व्यवस्थित गरिनुपर्छ। नेपालभित्रका भारतीय नम्बर प्लेटका गाडी चलाउन तत्काल रोक लगाउनुपर्छ।

४. गोर्खा भर्तीकेन्द्र रद्द गरिनुपर्छ र नेपालीलाई स्वदेशभित्रै सम्मानजनक रोजगारीको व्यवस्था गरिनुपर्छ।

५. नेपालभित्रै विविध क्षेत्रमा कामको निम्ति स्वदेशी कामदारलाई प्राथमिकता दिनुपर्छ र विशेष अवस्थामा विदेशी कामदारहरूको काममा आधिपत्य अन्त्य गरिनुपर्छ।

६. नेपालको उद्योगधन्दा, व्यापार र वित्तीय क्षेत्रमा एकाधिकार पुँजीको आधिपत्य अन्त्य गरिनुपर्छ।

७. आत्मनिर्भर राष्ट्रिय अर्थतन्त्रको विकास हुनेगरी भन्सार नीति तय गरी लागू गरिनुपर्छ।

८. साम्राज्यवादी तथा विस्तारवादी सांस्कृतिक प्रदूषणको अन्त्य गरिनुपर्छ। देशभित्र छाडा हिन्दी सिनेमा, भिडियो र पत्रपत्रिकाहरूको आयात र वितरणमा तुरुन्त रोक लगाउनुपर्छ।

९. एनजीओ/आईएनजीओ आदिका नाउँमा देशभित्र साम्राज्यवादी र विस्तारवादी घुसपैठ अन्त्य गरिनुपर्छ।

१०. जनगणतन्त्रात्मक व्यवस्था स्थापनाका लागि चुनिएका जनताका प्रतिनिधिद्वारा नयाँ संविधान निर्माण गरिनुपर्छ।

११. राजा र राजपरिवारका सबै विशेषाधिकारको अन्त्य गरिनुपर्छ ।

१२. सेना, प्रहरी, प्रशासन पूर्णरूपले जनताको नियन्त्रणमा हुनुपर्छ ।

१३. सुरक्षा ऐनलगायतका सबै दमनकारी ऐनहरू खारेज हुनुपर्छ ।

१४. राजनीतिक प्रतिशोधका कारण झूटा मुद्दामा फँसाइएका रुकुम, रोल्पा जाजरकोट, गोरखा काभ्रे, सिन्धुपाल्चोक, सिन्धुली, धनुषा, रामेछापलगायतका सबै मानिसका मुद्दाहरू खारेज गरिनुपर्छ ।

१५. जिल्ला-जिल्लामा भइरहेका सशस्त्र प्रहरी अपरेसन, दमन र राज्य आतङ्क तुरुन्त बन्द गरिनुपर्छ ।

१६. विभिन्न समयमा पुलिस हिरासतबाट बेपत्ता परिएका दिलीप चौधरी, भुवन थापामगर, प्रभाकर सुवेदीलगायतका व्यक्तिहरूका बारेमा निष्पक्ष छानबिन गरी अपराधीहरूलाई कडा कारबाही गरिनुपर्छ

१७. जनआन्दोलनको क्रममा मारिएकालाई शहिद घोषणा गरिनुपर्छ । शहीदका परिवार तथा घाइते र अपाङ्गलाई औषधी उपचार खर्च उपलब्ध गराउनुका साथै त्यसका दोषीलाई कडा कार्वाही गरिनुपर्छ ।

१८. नेपाललाई धर्म निरपेक्ष राज्य घोषित गरिनुपर्छ ।

१९. महिलाहरूमाथिको पितृसत्तात्मक शोषणको अन्त्य गरिनुपर्छ । छोरीलाई छोरासरह पैतृक सम्पत्तिमाथि समान अधिकार दिइनुपर्छ ।

२० सबैखाले जातीय शोषण र उत्पीडनको अन्त्य गरिनुपर्छ । जनजातिहरूको बाहुल्य भएका क्षेत्रहरूमा जातीय स्वायत्त शासनको व्यवस्था गरिनुपर्छ ।

२१. दलहरूमाथिको भेदभाव अन्त्य गरिनुपर्छ । छुवाछूतको प्रथा पूर्णरूपले बन्द गरिनुपर्छ ।

२२. सबै भाषा-भाषीहरूलाई समान अवसर र सुविधा दिइनुपर्छ । उच्चमाध्यमिक तहसम्म मातृभाषामा शिक्षा प्राप्त गर्ने व्यवस्था मिलाउनुपर्छ ।

२३. वाक तथा प्रकाशन स्वतन्त्रताको पूर्ण ग्यारेन्टी गरिनुपर्छ । सरकारी सञ्चारमाध्यमहरू पूर्णरूपले स्वायत्त हुनुपर्छ ।

२४. बुद्धिजीवी, साहित्यकार, कलाकार र संस्कृतिकर्मीहरूको प्राज्ञिक स्वतन्त्रताको ग्यारेन्टी गरिनुपर्छ ।

२५. पहाड र क्षेत्रीय भेदभावको अन्त्य गरिनुपर्छ, पिछडिएका इलाकाहरूलाई क्षेत्रीय स्वयत्तता प्रदान गरिनुपर्छ, गाउँ र शहरबीच सन्तुलन कायम गरिनुपर्छ ।

२६. स्थानीय निकायहरूलाई अधिकार र साधनसम्पन्न बनाइनुपर्छ ।

२७. जमिन जोत्नेको हुनुपर्छ। सामन्तहरूको जमिन जफत गरेर भूमिहीन तथा सुकुम्बासीलाई वितरण गरिनुपर्छ।

२८. दलाल तथा नोकरशाही पुँजीपतिहरूको सम्पत्ति जफत गरी राष्ट्रियकरण गरिनुपर्छ। अनुत्पादक ठाउँमा अल्झिएको पुँजीलाई औद्योगिकीकरणमा लगाउनुपर्छ।

२९. सबैलाई रोजगारीको ग्यारेन्टी गरिनुपर्छ। रोजगारी नपाउञ्जेल बेरोजगार भत्ताको व्यवस्था गरिनुपर्छ।

३०. उद्योग, कृषिलगायतका सबै क्षेत्रमा काम गर्ने मजदुरहरूको ज्याला निर्धारण गरी त्यसलाई कडाइका साथ लागू गर्ने व्यवस्था गरिनुपर्छ।

३१. सुकुम्बासीहरूलाई बसोबासको उचित व्यवस्था गरिनुपर्छ। वैकल्पिक बसोबासको व्यवस्था नगरी सुकुम्बासीलाई उठीबास गर्ने काम तुरुन्त बन्द गरिनुपर्छ।

३२. गरिब किसानहरूलाई पूर्णरूपमा ऋणमुक्त गरिनुपर्छ। कृषि विकास बैंकबाट साना किसानहरूले लिएको रिन मिनाहा गरिनुपर्छ। साना उद्योगीहरूलाई समुचित कर्जाको व्यवस्था गरिनुपर्छ।

३३. मल, विउ सस्ता र सुलभ हुनुपर्छ र किसानहरूलाई उत्पादनको उचित मूल्य र बजारको व्यवस्था गरिनुपर्छ।

३४. बाढीपीडित शुख्खाग्रस्त क्षेत्रहरूमा उचित राहतको व्यवस्था गरिनुपर्छ।

३५. सवैलाई निशुल्क र वैज्ञानिक स्वास्थ्य सेवा र शिक्षाको व्यवस्था गरिनुपर्छ

३६. महंगी नियन्त्रण गरिनुपर्छ। महंगीका अनुपातमा ज्याला वृद्धि गरिनुपर्छ। दैनिक उपभोगका बस्तुहरू सस्तो र सुलभ तरिकाले आपूर्ति गर्ने व्यवस्था गरिनुपर्छ।

३७. गाउँ-गाउँमा खानेपानी, बाटोघाटो र बिजुलीको व्यवस्था गरिनुपर्छ।

३८. कुटीर तथा साना उद्योगहरूलाई विशेष सहुलियत र संरक्षण गरिनुपर्छ।

३९. भ्रष्टाचार, कालोबजारी, तस्करी, घूसखोरी, कमिसनतन्त्रको अन्त्य गरिनुपर्छ।

४०. अनाथ, अपाङ्ग, बृद्ध-बृद्धा र बालबालिकाहरूको उचित संरक्षण गरिनुपर्छ।

अनुसूची - ४

# सात दल-माओवादी १२ बुँदे समझदारी

नेपालमा लामो समयदेखि चल्दै आएको निरंकुश राजतन्त्र र लोकतन्त्रबीचको संघर्ष आज अत्यन्तै गम्भीर र नयाँ मोडमा पुगेको छ। विगत दश वर्षदेखि जारी सशस्त्र द्वन्द्वको अग्रगामी राजनीतिक निकासद्वारा समाधान गर्दै शान्ति स्थापना गर्नु आजको आवश्यकता भएको छ। त्यसैले निरंकुश राजतन्त्रको अन्त्य गरी पूर्ण लोकतन्त्र स्थापना गर्दै राजनीतिक सामाजिक, आर्थिक, सांस्कृतिक सबै क्षेत्रका बर्गीय, जातीय, लिङ्गीय, क्षेत्रीय आदि समस्याहरूको समाधान गर्न राज्यको अग्रगामी पुर्नसंरचना गर्दै पूर्ण लोकतन्त्रको अवधारणालाई कार्यान्वयन गर्न अपरिहार्य आवश्यकता भएको छ। देशमा विद्यमान उक्त परिप्रेक्ष्य र सन्र्दभमा संसदभित्रका सात राजनीतिक दलहरू र नेकपा (माओवादी) बीच विभिन्न ढंगले बार्ता भई निम्न प्रकार समझदारी भएको कुरा सार्वजनिक गर्दछौं।

१. आज देशमा लोकतन्त्र, शान्ति, समृद्धि, सामाजिक अग्रगमन तथा स्वतन्त्र सार्वभौम नेपाल आमनेपाली जनताको प्रमुख चाहाना हो। त्यसका निम्ति प्रमुख बाधक निरंकुश राजतन्त्र हो भन्ने कुरामा हामी पूर्ण सहमत छौं। निरंकुश राजतन्त्र अन्त्य गरेर पूर्ण लोकतन्त्र स्थापना नगरेसम्म देशमा शान्ति प्रगती र समृद्धि सम्भव छैन भन्ने हाम्रो स्पष्ट धारणा छ। त्यसैले निरंकुश राजतन्त्रविरोधी सम्पूर्ण शक्तिहरू निरंकुश राजतन्त्रका विरुद्ध आ-आफ्ना ठाउँबाट प्रहार केन्द्रित गर्दै देशब्यापी लोकतान्त्रिका आन्दोलनको आँधिबेरी निर्माण गरेर निरंकुश राजतल्त्रलाइ अन्त्य गर्री पूर्ण लोकतन्त्र स्थामना गर्ने समझदारी भएको छ।

२. आन्दोलनको शक्तिले संसदको पुनर्स्थापना गर्ने र त्यसको निर्णयले अधिकारसम्पन्न सर्वदलीय सरकार, माओवादीसँग वार्ता र सहमतिका आधारमा संविधानसभाको निर्वाचन गरी पुर्ण लाकतन्त्र स्थापना गरेर नै देशमा विद्यमान द्वन्द्वको समाधान गर्न सकिन्छ र सार्वभौमसत्ता र राजकीयसत्ता पूर्णरूपले जनतामा स्थापित गर्न सकिन्छ भन्नें कुरामा आनदोलनरत सात राजनीतिक दलहरू पूर्ण प्रतिवद्ध छन्। आन्दोलनरत लोकतान्त्रिक दलहरूको राष्ट्रिय राजनीतिक सम्मेलन गर्ने र त्यसको निर्णयले अन्तरिम सरकार बनाई संविधानसभाको निर्वाचन गरेर उल्लेखित लक्ष्य हाँसिल गर्न सकिन्छ भन्ने नेकपा( माओवादी) को धारणा र प्रतिबद्धता रहेको छ। यो प्रक्रियागत कार्यसूचीको विषयमा आन्दोलनरत सात राजनीतिक दल र नेकपा (माओवादी) बीचमा संवाद चलाउँदै जाने र

साझा सहमतिको खोजी गर्ने समझदारी बनेको छ। उक्त लक्ष्य हारिल गर्न जनआन्दोलनको शक्ति नै एकमात्र विकल्प हो भन्ने कुरामा समझदारी भएको छ।

३. देशले आज सशस्त्र द्वन्द्वको सकारात्मक समाधानका साथ स्थायी शान्ति स्थापनाको माग गरेको छ। त्यसैले हामी निरंकुश राजतन्त्रको अन्त्य र उक्त प्रक्रियागत आधारमा आउने संविधानसभाको निर्वचन र पूर्ण लाकतन्त्र स्थापनको अग्रगामी राजनीतिक निकासद्वारा देशमा विद्यमान सशस्त्र द्वन्द्वको अन्त्य गरी स्थायी शान्ति स्थापना गर्न दृढ सङ्कल्पित छौं। यस प्रकृयाद्वारा शान्तिपूर्ण नयाँ राजनीतिक धारमा अघि बढ्न नेकपा (माओवादी) प्रतिबद्धता व्यक्त गर्दछ। यसै सन्दर्भमा निरंकुश राजतन्त्रको अन्त्यपछि हुने संविधानसभाको निर्वाचनको क्रममा माओवादी सशस्त्र शक्ति र शाही सेनालाई संयुक्त राष्ट्रसंघ वा धरपर्दो अन्तराष्ट्रिय सुपरिवेक्षण राख्ने, निर्वाचनलाई स्वतन्त्र र निष्पक्ष ढंगले सम्पन्न गर्ने र निर्वाचनको परिणामलाई स्वीकार्ने समझदारी भएको छ। वार्ता प्रक्रियामा समेत भरपर्दो अन्तर्राष्ट्रिय समुदायको संलग्नतालाई हामी अपेक्षा गर्दछौ।

४. प्रतिश्पर्धात्मक बहुदलीय शासनप्रणाली, नागरिक स्वतन्त्रता, मानव अधिकार, कानुनी राज्यको अवधारणा मौलिक हक आदि लोकतान्त्रिक मूल्य मान्वयताप्रति नेमपा माओवादी ले आफ्नो प्रतिबद्धता प्रष्टताकासाथ संथागत ढंगले सार्वजनिक गर्दै तदनुरूप आफ्ना गतिविध अघि बढाउने प्रतिबद्धता व्यक्त गरेको छ।

५. नेकपा (माओवादी) ले सशस्त्र द्वन्द्वको क्रममा विस्थापित हुन पुगेका अन्य लाकतान्त्रिक पार्टीका नेता कार्यकर्ता र जनतालाई यथास्थानमा फर्केर ससम्मान बसोबास गर्ने, उनीहरूको अन्यायपूर्ण तरिकाबाट कब्जा गरिएका घर जग्गा सम्पत्ति फिर्ता गर्ने र उनीहरूलाई निर्वाधढंगले राजनीतिक गतिविधि गर्न पाउने वातावरण तयार गर्ने प्रतिवद्धता व्यक्त गरेको छ।

६. विगतका गल्ती कमजोरीकरुको आत्मसमिक्षा र आत्मआलोचना गर्दै भविष्यमा गल्ती कमजोरी हुन नदिन नेकपा माओवादीले प्रतिबद्धता व्यक्त गरेको छ।

७. सात राजनीतिक दलहरूले विगतमा संसद् र सरकारमा छँदा भएका गल्ती कमजोरीप्रति आत्मसमीक्षा गर्दै अब त्यस्ता गल्ती कमजोरी नदोहोऱ्याउने प्रतिबद्धता व्यक्त भएको छ।

८. शान्ति प्रक्रियालाई अघि बढाउने सन्दर्भमा मानव अधिकारका मूल्य मान्यचाहरूलाई पूर्ण सम्मान गर्ने र तिनका आधारमा अघि बढ्ने तथा प्रेस स्वतन्त्रताको सम्मान गर्ने कुरा प्रपितबद्धता गरिएको छ।

९. जनता र अन्तराष्ट्रिय समूदायलाई भ्रम दिने तथा राजाको निरंकुश र अवैधानिक शासनलाई बैधानिकता प्रदान गर्ने कुत्सित उद्देश्यका लागि अघि सारिएको नगरपालिकाको निर्वाचनको घोषणा र संसदको निर्वाचनको चर्चा एउटा कपटपूर्ण चाल भएकाले त्यसलाई आ-आफ्नो ढंगले सक्रिय बहिष्कार गर्ने घोषणा गर्दै त्यसको निर्वाचनलाई असफल बनाउन आमजनतालाई आह्वान गरिएको छ ।

१०. जनता र तिनका प्रतिनिधि राजनीतिक दलहरू नै राष्ट्रियताका वास्तविक पहरेदार हुन् । त्यसैले दलको स्वाधिनता, सार्वभौमिकता र भौगोलिक अखण्डताको रक्षा र राष्ट्रिय एकताप्रति हामीहरू पूर्णरूपले प्रतिबद्ध छौ । शान्तिपूर्ण सहअस्तित्वका सिद्धान्तका आधारमा संसारका सबै मुलुकहरूसँग मैत्री सम्बन्ध र छिमेकी मुलुकहरू खसगरी भारत र चीनसँग असल छिमेकीको सम्वन्ध कायम राख्ने हामी सबैको साझा कर्तव्य हो । परन्तु आफ्नो निरंकुश र अवैधानिक शासन टिकाउन र देशभक्त जनतालाई भ्रम दिन राजा र राजावादीहरू मण्डले राष्ट्रिवादको हौवा खडा गर्ने र राजनीति दलहरूको देशभक्तिमाथि प्रश्नचिन्ह खडा गर्ने जुन मिथ्या प्रयास गरिरहेका छन् त्यसबाट सतर्क रहन हामी सम्पूर्ण देशभक्त जनसमूदायलाई आग्रह गर्दछौं र अन्तर्राष्ट्रिय शक्तिहरू र जनसमुदायलाई नेपालको निरंकुश राजतन्त्रविरोधी लोकतान्त्रिक आन्दोलनलाई हरतरहले साथ दिन अपिल गर्दछौ ।

११. लोकतन्त्र शान्ति, समृद्धि, अग्रगामी समाजिक परिवर्तन तथा देशको स्वतन्त्रता, सार्वभौमिकता र स्वाभिमानलाई केन्द्रमा राखेर भएका हाम्रा यी समझदारीका आधारमा सञ्चालित हुने शान्तिपूर्ण जनआन्दोलनमा सक्रिय सहभागीता जनाई आन्दोलनलाई सफल बनाउन हामी नागरिक समाज, पेशागत समुदाय, जनवर्गीय संघ संगठनहरू, सबै जाति र क्षेत्रका जनता । पत्रकार जगत, बुद्धिजीवी र आम नेपाली जनसमुदायमा हार्दिक आह्वान गर्दछौं ।

१२. विगतमा दलहरूबाट भएका अनुपयुक्त व्यवहारको सर्न्दभमा दल विशेषले आपत्ति जनाएको र छानबिनको माग गरेका घटनाहरूको सम्बन्धमा छानबिन गर्ने र दोषी पाइएमा कार्वाही गरी सार्वजनिकरूपमा जानकारी गराउन साझा प्रतिबद्धता व्यक्त भएको छ । अब उप्रान्त दलहरूबीच समस्या उत्पन्न भए सम्बन्धित तह वा नेतृत्व तहमा छलफल गरेर संवादको माध्यमबाट समस्याहरूको समाधान गर्ने समझदारी भएको छ ।

*मिति : २०६२ मंसिर ७ गते*

अनुसूची - ५

# युद्धविराम आचारसंहिता

## नेपाल सरकार र नेकपा (माओवादी) बीच २०६३/२/१२ मा गोकर्णमा सहमति भएको युद्धविराम आचारसंहिता

<u>प्रस्तावना</u>

ऐतिहासिक जनआन्दोलन मार्फत पूर्ण लोकतन्त्र, अग्रगमन र शान्तिका पक्षमा प्रकट भएको जनादेशको सम्मान गर्दै,

मनवअधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ तथा अन्तर्राष्ट्रिय मानवीय कानुन र मानवअधिकारसम्बन्धी आधारभूत सिद्धान्त र मान्यताहरूप्रति प्रतिवद्ध रहँदै,

सात राजनीतिक दल एवं ने.क.पा. माओवादीबीच भएको १२ बुँदे समझदारीलाई पूर्णरुपले पालना गर्ने प्रतिवद्धता व्यक्त गर्दै,

प्रतिस्पर्धात्मक बहुदलीय शासन प्रणाली, नागरिक स्वतन्त्रता, मौलिक अधिकार , मानव अधिकार, प्रेस स्वतन्त्रता तथा कानुनीराज्यको अवधारणा लगायत लोकतान्त्रिक मूल्य मान्यताप्रति प्रतिवद्धता व्यक्त गर्दै ,

नेपाली जनताले संविधान सभाको निर्वाचनमा कुनै डर, धाकधम्की र हिंसाको प्रभावविना नै सहभागी भई संविधान निर्माणको प्रक्रियामा सहभागी हुन पाउने आधारभूत अधिकारको प्रत्याभूति गर्दै तथा लोकतन्त्र, शान्ति, समृद्धि, अग्रगामी सामाजिक परिवर्तन तथा देशको स्वतन्त्रता, सार्वभौमिकता र स्वाभिमानलाई केन्द्रमा राख्दै,

नेपाल सरकार र ने. क. पा. माओवादीवीच भएको युद्धविरामलाई स्थायी शान्तिमा परिणत गर्न र वार्ताको माध्यमबाट समस्याको शान्तिपूर्ण समाधान गर्न नेपाली जनताको भावना अनुरुप देहायको आचारसंहिता जारी गरिएको छ :

**भयमुक्त नागरिक जीवनको सुनिश्चितता**

१. एक अर्कालाई  उत्तेजित गर्ने गरी कुनै सार्वजनिक वक्तव्य दिने वा त्यस प्रकारका अन्य कुनै काम नगर्ने ।

२.दुवै पक्षले जनसमुदायमा त्रास फैलने गरी सशस्त्र सेनाको परिचालन, प्रदर्शन र प्रयोग नगर्ने ।

३. एक अर्काका सैनिक वा सुरक्षा निकायमा आक्रमण वा विध्वंसात्मक कार्य नगर्ने , माइन विछ्याउने वा एम्बुस थाप्ने जस्ता कार्य नगर्ने, आ-आफ्नो सेनामा नयाँ भर्ति नगर्ने तथा सुराकी नगर्ने ।

४. शान्ति सुव्यवस्था कायम राख्न दुवै पक्षले पारस्पारिक सहयोग गर्ने ।

५. हात हतियार तथा सैनिक व्यवस्थापनबारे आपसी सहमतिको आधारमा आवश्यकताअनुसार छलफल तथा समझदारी कायम गर्दै जाने ।

**जनतामा विश्वासको वातावरण निर्माण**

६. सार्वजनिक भेला, सभा सम्मेलन, समारोह वा राजनीतिक क्रियाकलाप गर्दा दुवैपक्ष कम्व्याट ड्रेसमा वा हात हतियार सहित उपस्थित नहुने ।

७. राजनितिक दलका कार्यकर्ता तथा सामाजिक संघ संगठनका सदस्य र व्यक्तिहरूले देशको कुनै पनि भागमा गएर आफ्नो विचारको प्रचार गर्ने, सभा सम्मेलन गर्ने र संगठन गर्ने कार्य गर्न दुवै पक्षबाट कुनै किसिमको वाधा अवरोध नगर्ने तथा कुनै मानसिक वा शारीरिक दवाव नदिने ।

**जनताका आधारभूत सेवा र विकास निर्माण सम्बन्धमा**

८. युद्ध विराम अवधिभर बन्द वा चक्का जाम जस्ता कार्यक्रमहरू नगर्ने । तर शान्तिपूर्ण ढङ्गका सभा जुलुसहरू गर्न सकिने ।

९. जनताका आधारभूत सेवा र सुविधा निर्वाधरुपले संचालन हुन दिने ।

१०. जनहित तथा विकास निर्माणका नियमित काम शान्तिपूर्ण ढङ्गले अगाडी बढाउने कुरामा कुनै वाधा व्यवधान नपुऱ्याउने ।

११. खाद्यान्न, औषधि, विकास निर्माणका सामाग्री तथा दैनिक उपभोगका वस्तु ओसार-पसार गर्न बन्देज नलगाउने र बाधा विरोध नगर्ने ।

**शिक्षण संस्था, अस्पताल तथा औद्योगिक प्रतिष्ठानहरूको सु-सञ्चालन**

१२. विधालय, कलेज, विश्वविधालय, अस्पताल, उपचार केन्द्र तथा औद्योगिक प्रतिष्ठानलाई सुचारु रुपले संचालन गर्न दुवै पक्षबाट वातावरणको निर्माण गर्ने ।

**सञ्चार माध्यमबाट शान्ति वार्तालाई सहयोग**

१३. युद्धविराम, आचारसंहिता र शान्ति प्रक्रियाका पक्षमा सूचना पूवाह गर्ने तथा राजनीतिक प्रचार-प्रसार गर्ने कार्य गर्दा शिष्ट तथा मर्यादित भाषाको प्रयोग गर्ने ।

१४. संचार माध्यमबाट वार्ता तथा शान्ति प्रक्रियालाई प्रतिकूल असर पर्ने खालका अभिव्यक्ति कसैले नदिने ।

**बलपूर्वक चन्दा र आर्थिक सहयोग नउठाउने**

१५. कसैको इच्छाविपरीत चन्दा र आर्थिक सहयोग, नगदी, जिन्सी वा सेवा नउठाउने वा परिचालन नगर्ने

**रिहाई र पुनर्स्थापन**

१६. विभिन्न व्यक्तिहरूमाथि दुवै पक्षद्वारा लगाइएका आरोप, अभियोग र मुद्दा फिर्ता गर्ने र बन्दीहरूलाई रिहाइ गर्दै जाने ।

१७. वेपत्ता नागरिकहरूको स्थिति यथाशीघ्र सार्वजनिक गर्ने ।

१८. विस्थापित भएका व्यक्तिहरूलाई आ-आफ्नो घरमा फर्किएर शान्तिपूर्ण, सहज तथा सम्मानपूर्वक पुनर्स्थापित हुने कार्यमा सहयोग गर्ने ।

१९. द्वन्द्वको क्रममा राजनीतिक दलका नेता, कार्यकर्ता तथा सर्वसाधारण जनताको कब्जा गरिएका वा ताला लगाइएका वा प्रयोग गर्न नदिइएका सम्पत्ति सम्बन्धित व्यक्ति वा परिवारलाई फिर्ता र उपभोग गर्न दिने । सो सम्पत्ति फिर्ता गर्ने प्रक्रियामा समस्या उत्पन्न भएमा आपसी सहपतिका आधारमा समाधान गर्ने ।

**वार्ता सहजीकरण**

२०. वार्तामा संलग्न हने दुवै पक्षका व्यक्तिहरूको आवागमन एवं गतिविधिमा कुनै प्रकारको बाधा व्यवधान नगर्ने ।

**अनुगमन**

२१. दुवै पक्षको आपसी सहमतिका आधारमा राष्ट्रिय तथा अन्तराष्ट्रिय अनुगमन टोलीद्वारा युद्धविरामको अनुगमन गराउने ।

**विविध**

२२. आचारसंहिताको व्याख्यामा कुनै विवाद उत्पन्न भएमा दुवै पक्षको सहमतिबाट समस्याको समाधान गरिने ।

२३. प्रस्तावनाको भावना अनुरुप यो आचारसंहितामा दुवै पक्षको सहमतिले थपघट वा संशोधन गर्न सकिने ।

२४. यो आचारसंहिता हस्ताक्षर भएपछि तुरुन्त प्रारम्भ गर्ने ।

२५. आचासंहितामा हस्ताक्षर भएपछि यो आचारसंहिता सार्वजनिक गर्ने ।

*नेकपा (माओवादी ) का तर्फबाट*
**नाम :कृष्णबहादुर महरा**
हस्ताक्षर :
मिति : २०६३।२।१२

*नेपाल सरकारका तर्फबाट*
**नाम : कृष्णप्रसाद सिटौला**
हस्ताक्षर :
मिति : २०६३।२।१२

अनुसूची - ६

# सरकार-माओवादीको आठ बुँदे सहमति

जनआन्दोलन २०६२/६३ को ऐतिहासिक सफलतापछि असार २ गते सरकार-माओवादी वार्तार्टोलीको आयोजनामा माओवादीका शीर्ष नेताहरूको बैठक प्रधानमन्त्री निवास बालुवाटारमा बस्यो । बैठकमा सहमति भएका बुँदा निम्न प्रकारका छन् :-

१. २०६२ मंसिर ७ गते सात राजनीतिक दल एवम् नेकपा (माओवादी) बीच भएको १२ बुँदे समझदारी र २०६३ जेठ १२ गते सरकार-माओवादी वार्तार्टोलीले सार्वजनिक गरेको नेपाल सरकार र नेकपा (माओवादी) बीच सहमति भएको युद्धविराम आचारसंहितालाई दृढ र इमानदारिताका साथ कार्यान्वयन गर्ने ।

२. प्रतिस्पर्धात्मक बहुदलीय शासनप्रणाली, नागरिक स्वतन्त्रता, मौलिक अधिकार, मानवअधिकार, प्रेस स्वतन्त्रता तथा कानुनी राज्यको अवधारणालगायत लोकतान्त्रिक मूल्य मान्यताप्रति प्रतिबद्धता व्यक्त गर्दै तदनुरूप शान्तिपूर्ण ढंगले आ-आफ्ना गतिविधि सञ्चालन गर्ने ।

३. संविधानसभाको स्वतन्त्र तथा निष्पक्ष निर्वाचनका लागि दुवै पक्षका सेना र हतियारको व्यवस्थापनमा सहयोग गर्न र त्यसको अनुगमन गर्न संयुक्त राष्ट्रसंघलाई अनुरोध गर्ने ।

४. २०४६ सालको जनआन्दोलन र हालैको ऐतिहासिक आन्दोलनबाट प्राप्त लोकतान्त्रिक अधिकारको प्रत्याभूति गर्दै र १२ बुँदे समझदारीमा व्यक्त प्रतिबद्धता र युद्धविराम आचारसंहिताको प्रस्तावनाको भावनालाई आधार बनाउँदै अन्तरिम संविधान निर्माण गर्ने, सोहीअनुरूप अन्तरिम सरकार गठन गर्ने, संविधानसभाको निर्वाचनको मिति घोषणा गर्ने, सहमतिद्वारा अर्को व्यवस्था गरी प्रतिनिधिसभा भंग गर्ने र नेकपा (माओवादी) द्वारा गठित जनसरकार विघठन गर्ने ।

५. दूरगामी प्रभाव पार्ने राष्ट्रिय महत्वका विषयहरूमा सहमतिका आधारमा निर्णय लिने ।

६. नेपाली जनताले संविधानसभाको निर्वाचनमा कुनै डर, धाक, धम्की र हिंसाको प्रभावबिना नै संविधान निर्माणको प्रक्रियामा सहभागी हुन पाउने आधारभूत अधिकारको प्रत्याभूति गर्ने र निर्वाचनमा आवश्यकताअनुसार अन्तर्राष्ट्रिय पर्यवेक्षण तथा अनुगमन गराउने ।

७. संविधानसभाको निर्वाचनमार्फत वर्गीय, जातीय, क्षेत्रीय, लिङ्गीयलगायतका समस्याहरूको समाधान गर्ने गरी राज्यको अग्रगामी पुनर्संरचना गर्ने । लोकतन्त्र, शान्ति, समृद्धि, अग्रगमन तथा देशको स्वतन्त्रता, सार्वभौमिकता र स्वाभिमानलाई केन्द्रमा राख्दै नेपाल सरकार र

नेकपा (माओवादी) बीच भएको युद्धविरामलाई स्थायी शान्तिमा परिणत गर्ने र वार्ताको माध्यमबाटै समस्याको समाधान गर्ने प्रतिबद्धता व्यक्त गर्ने ।

८. सरकार-माओवादी वार्तांटोलीलाई माथि उल्लिखित विषयहरूसँग सम्बन्धित सबै कार्य अविलम्बन सम्पन्न गर्न निर्देशन गरिएको छ ।

*नेकपा (माओवादी) का तर्फबाट*
**प्रचण्ड** (अध्यक्ष)
नेकपा (माओवादी)

**शेरबहादुर देउवा**
सभापति
नेपाली कांग्रेस (प्रजातान्त्रिक)

*सात राजनीतिक दलका तर्फबाट*
**गिरिजाप्रसाद कोइराला**
प्रधानमन्त्री तथा सभापति
नेपाली कांग्रेस

**नारायणमान विजुक्छे**
अध्यक्ष
नेपाल मजदुर किसान पार्टी

**माधवकुमार नेपाल**
महासचिव
नेकपा (एमाले)

**प्रभुनारायण चौधरी**
मन्त्री तथा अध्यक्ष
वाममोर्चा नेपाल

**अमिक शेरचन**
उपप्रधानमन्त्री तथा
अध्यक्ष जनमोर्चा नेपाल

**भरतविमल यादव**
उपाध्यक्ष
नेपाल सद्भावना पार्टी (आनन्दीदेवी)

अनुसूची - ७

# हतियार व्यवस्थापनसम्बन्धी राष्ट्रसंघलाई संयुक्त पत्र

## पाँचबुँदे सहमति

१. नेपालस्थित संयुक्त राष्ट्रसंघीय मानवअधिकार उच्चायुक्तको कार्यालयमार्फत मानवअधिकारसम्बन्धी अनुगमनलाई निरन्तरता दिने ।

२. युद्धविराम आचारसंहिताको अनुगमनका लागि सहयोग लिने ।

३. 'दुवै पक्षको हतियार, सेनाको व्यवस्थापन' सम्बन्धी समझदारीमा आधारित भएर तोकिएको क्षेत्रमा माओवादी सेना र हतियारको अनुगमन र प्रमाणीकरणका लागि योग्य गैरसैनिक व्यक्तित्व खटाउन लगाउने । हातहतियारलगायतका कुरा व्यवस्थापन गर्ने प्रारूप संयुक्त राष्ट्रसंघ एवम् सरकार र माओवादीले पछि तय गर्ने ।

४. नेपाली सेना ब्यारेकमै रहेको र तिनका हतियार कसैको पनि पक्ष या विपक्षमा प्रयोग भएको छैन भन्ने सुनिश्चितताका लागि अनुगमन गर्न लगाउने । थप प्रारूपहरू राष्ट्रसंघ एवम् सरकार र माओवादीले तय गर्ने ।

५. दुवै पक्ष (सरकार-माओवादी) सँगको विचार विमर्शअनुसार संविधानसभाको निर्वाचनमा पर्यवेक्षण गर्न लगाउने ।

अनुसूची - ८

# भूमिगत पत्रकारिताका दिनहरू

## लडाईंका समाचार लेखेर कलम झन् तीखो बनायौं

पहिलो सङ्कटकाल शुरूभएकै दिन काठमाडौंस्थित पत्रिकाको कार्यलयबाट हामी पक्राउ पर्‍यौं । महाराजगञ्जको रोमियो हल हुँदै हामीलाई भद्रबन्दी गृह सुन्धारा पुर्‍याइयो । १५ महिने जेल जीवनपछि अदालतले छोड्ने आदेश दियो । छुटेकै दिनदेखि गुप्तचरले पिछा गर्न थाले । काठमाण्डौमा रहिरहन परिस्थितिले दिएन । हामी काठमाडौं वरिपरिका जिल्लातिर लाग्यौं

दोस्रो युद्धविराम र वार्ताको अवधि थियो त्यतिवेला । वार्ताको निकासतिर जानेभन्दा शाही सत्ता दमनका नयाँ श्रृङ्खला बनाउन लागेको सूचना हामीले दिनदिनै पाउँथ्यौं । राजधानीलाई छोडेर पत्रकारितालाई निरन्तरता दिन हामी गाउँका आधार क्षेत्रतिर लाग्यौं । दुई महिना जति नेपालगञ्ज बसेर जनआह्वान निकाल्यौं । दृढ इच्छा शक्ति , लगानशीलता र जनताका खबर दियौं भने जहाँबाट पत्रिका निकाले पनि देशका सबै भागमा पुर्‍याउन सकिँदोरहेछ । मोफसलमा पत्रिका निकालेर पूर्वदेखि पश्चिमसम्म पुर्‍याउन सकिंदो रहेछ भन्ने हामीले सिक्यौं ।

बार्ताको तेस्रो चरणको तयारी हुँदै थियो । त्यहीबेला दोरम्बामा झण्डै दुई दर्जनको हाराहारीमा निर्दोस जनता गोलीका शिकार बने । वार्ताबाट निकास भन्दा पनि दमन गर्ने, माओवादी र यसको विचारबाट नजिक रहनेलाई सिध्याउने मेसोमा शाही सरकार खनिन थाल्यो । दाङको हापुरेमा भएको वार्ता अघि बढ्न सकेन । नेपालगञ्जमा गुप्तचरले दिनु दुखः दियो । बार्ता भङ्ग हुने सूचना मिलेपछि हामीले नेपालगञ्ज शहर छोड्यौं ।

गुप्तचरहरूका कारण शहर छोड्न लागेको समाचार हाम्रा शुभेच्छुकहरूलाई पनि भनेनौ । हामीसँग ढाँट्नुको विकल्प पनि थिएन । शहर छोडेपछि हामी ग्रामीण भेगतिर लाग्यौ । सेना, प्रहरी र जासुसका आँखा छल्दै कैलाली पुग्यौं । सत्ताले ग्रामीण भेगमा गरेका नृशंस दमनका माहाभारत देख्यौ । त्यहाँ पुग्दा जनादेश का सम्वादाता बिनोद (सजना) लाई पक्रेर हत्या गरेको सुन्दा ठूलो आक्रोश उत्पन्न भयो र पीडा महशुस भयो । पीडा र कष्टको के कुरा आफ्नै भागमा मृत्यु परेपनि त्यसलाई स्वीकार्ने बाचा गरेर स्वतन्त्रताका खवर र आवाजविहिन जनताका वोली लख्न हामी गाँउ पसेका थियौं । २०६० भदौतिर कैलाली हुँदै चुरे काट्न लाग्दा हामी भोकले लखतरान भयौ । जनताले मायाँ गरेर एकमानो सातु दिएका थिए । त्यो पनि सकियो हिड्दा हिड्दै चुरेको त्यो ठाउँमा बस्ती थिएन, धेरै हिँडेपछि मात्र गाउँ भेटिन्थ्यो । दुई दिनको भोको पेट

लामो हिँडाइ, बाटोमा पसल भेटिएन । हामी ५-६ जना थियौं भोकले सताएपछि मनऋषिजी ले बनकाक्रो जस्तै जंगली फल खानुभयो । त्यसको केही मिनेटपछि उल्टी हुन थाल्यो, उल्टी हुँदा हुँदा रगत वेस्सरी आयो । हामीले उहाँले धेरै बेर बोकेर गाउँमा पुऱ्यायौं । यो चुरेको सुंगुर साँप्रे भन्ने गाउँ थियो । त्यहाँ पुगेर पानी र खाना खाएपछि मन ऋषिजी विस्तारै हिँड्न सक्ने हुनुभयो । हामीले डोटी अछाम, कालिकोटमा पुगेर सम्वाददाताहरूको प्रशिक्षण चलायौं । जनताका आवाज कसरी फैंलाउन सकिन्छ भनेर छलफल गऱ्यौ । तथ्य सत्यमा आधारित पत्रकारितालाई गाउँ-बस्तीमा फैंलाउन, कमजोर प्रविधिबाटै भएपनि पत्रिका निकाल्न प्रशिक्षण गऱ्यौं । हाम्रो यात्रा त्यहाँबाट सुर्खेत दैलेख, जाजरकोट, रुकुम, रोल्पा, दाङसम्म रह्यो । त्यहीवेला पश्चिम नेपालीको भेरी कर्णालीमा बृहत पत्रकारिता प्रशिक्षण चलायौं । त्यो प्रशिक्षणमा हामीले सम्वाददाताहरूबाट ग्रामीण पत्रकारिता धेरै पक्ष थाहा पायौं ।

पत्रकारितालाई गाउँमा कसरी निरन्तरता दिने भनेर सोचिरहन्थ्यौं । पहाडमा इमेल इन्टरनेट, प्रेसका समस्या खडा थिए । हामीले चुनौतीसँग जुध्ने फैसला गऱ्यौं । ४-५ जनाले नोल लगाएर बोक्ने अफसेट प्रेश ल्यायौं । मसी कागज, प्लेट भिकायौ । प्रेस राख्ने काम असाध्यै कष्टकर भयो । शहरबाट शाही सत्ताका आँखा छल्दै हामीले प्रेस सामग्री गाउँमा पुऱ्यायौं । भीर जङ्गलको बाटो हुँदै प्रेस बोक्दा हाम्रा काँधका छाला खुइलिए । बाटोमा लाँदै गर्दा कतिले प्रश्न गर्दथे - के हो बाबु यो ? हामी थरी-थरीका उत्तर दिन्थ्यौं । राम्रो काम गर्न भुट पनि बोलियो । शोधनेलाई पीठो पिस्ने घट्ट हो - पनि भन्यौ । हामी २५-३० जना थियौं । गाउँको एउटा फुसको घरमा प्रेस राख्यौं । गाँउमा कुर्सी टेबुल पाउन गाह्रो हुन्थ्यो । काठमा किला गाडेर माथि काठकै लौरा तेर्स्याएर टेबुल बनायौं । कम्प्युटर प्रेस एक ठाउँमा राख्यौं । जेनेटरको आवाज टाढा नपुगोस भनेर खाडल खन्यौ र त्यही राखेर चलाउन शुरूगऱ्यौं । सेनाले सर्च गरेको बेलामा सामान सुरक्षित गर्न सकियोस भनेर कागज मसि, मट्टितेल प्लेट सोलार केही जनताको घरमा, केही ओढारमा राख्ने गऱ्यौं । गाउँमा पत्रिका राखेको खवर शाही सत्ताको सदरमुकामसम्म पुग्यो ।

एक दिन दिउसो आकासमा प्लेन घुम्यो । प्लेन घुमेपछि बम गोला बर्साउने हेलिकोप्टर आउँछ भन्ने थाहा त हुन्थ्यो । तर सबै काममा व्यस्त रहेका र प्लेनको उडान नियमित होला भन्ने लाग्थ्यो । एक दिन तुरुन्तै हामी र हाम्रो प्रेस रहेको आकास माथि हेलिकोप्टर पनि घुम्न थाल्यो । जासुस प्लेन र हेलिकोप्टरका पाइलटवीच दोहोरो कुराकानी हुन्थ्यो । त्यो हामी रेडियोबाट सुन्थ्यौं । हामी बसेको ठाउँ भनेर सेनाले सयौं बम खसाल्यो । जुन घरमा कोही थिएनन् । उनीहरूले चाहेर पनि हाम्रो कार्यालयमा बम खसाल्न सकेनन् । उनीहरू आतंककारीहरूको प्रेस र पत्रिका ध्वस्त भयो, सबै मरे भनेर हिँडे ।

ज्ञानेन्द्रले काठमाडौं केन्द्रित सत्ता हातमा लिएर जनताका मौलिक हक अपहरण गरेपछि हामीले दैनिक प्रकाशन पनि शुरू गऱ्यौं। पत्रकार महासंघका सङ्घर्षमा ऐक्यबद्धता जनाउँदै निरन्तर सम्पादकीय र समाचार बनायौं। पूर्ण लोकतन्त्र स्थापनाका लागि जनतालाई जागरुक बनाउन कलम चलाइरह्यौं।

भूमिगत पत्रकारिता गर्दा गर्दै सयौं युद्धमार्चामा कलम र क्यामेराधारी दर्जनौ सम्वाददाता जन्मायौं। प्रत्येक युद्धमोर्चामा हामी आफै उपस्थित भयौं। अन्य देशका युद्धमा समाचार संकलन गर्ने पत्रकारको खबर सुन्दा हामीलाई त्यो एकादेशको कथा जस्तो लाग्थ्यो, तर हामी आफै त्यसमा लाग्यौं। युद्धमा नगएर पनि हामीले कलमलाई भुत्ते बनाएनौं, पत्रकारिता छाडेनौ। भूमिगत र युद्धपत्रकारिताका नयाँ अनुभव सिक्यौं। हामीले युद्धका मोर्चाभित्र बम, गोलासँग हिड्दै जति पत्रकारिता गऱ्यौं यसले हाम्रा भावी पीढीहरूलाई शहर र गाउँमा बसेर पूर्ण लोकतन्त्रको पक्षमा पत्रकारिता गर्न घच्घच्याई रहन्छ भन्ने मलाई लाग्छ।

(ओम शर्मा; पत्रकारिता, पृष्ठ ४, नेपाल पत्रकार महासंघ, असार २०६३)

अनुसूची - ९

मिति : २०६२/११/१५

श्रीमान् सभापतिज्यू ,

नेपाल पत्रकार महासंघ,

केन्द्रीय कार्यालय, सञ्चारग्राम, काठमाडौं ।

विषय : जानकारी सम्बन्धमा ।

महोदय,

उपरोक्त सम्बन्धमा माघ १९ पछि लमजुङका पत्रकारहरू राज्य तथा गैर राज्यपक्षको दवाबमा पर्दै आएका छन् । त्यसमा पनि नागरिकको शान्ति सुरक्षाको जिम्मेवारी पाएका सुरक्षाकर्मीहरूले समेत बेलाबेलामा उदण्डता देखाउने गरेका छन् । पछिल्लो पटक त्यस्तै मिचाइमा म पनि परेको छु । म आबद्ध नेपाल समाचारपत्रमा छापिएको समाचारको विषयलाई लिएर गरुड दल गण बेसीशहरका गणपति प्रमुख सेनानी प्रकाश पोखरेलले मलाई अनावश्यक मानसिक तनाव दिनुका साथै गाली गलौज पनि गरेका छन् । उनले यसअघि पनि अप्रत्यक्ष्य रूपमा मलाई धम्क्याउँदै आएका थिए ।

घटना विवरणअनुसार, नगरकोट हत्याकाण्डको बखत पुस १ गतेदेखि ६ गतेसम्म सदरमुकाम बेसीशहरमा तमु साँस्कृतिक महोत्सव भएको थियो । नगरकोट हत्याकाण्डका कारण सैनिक मुख्यालयले बर्दीबिना सार्वजनिक कार्यक्रम नजान निर्देशन गरेको थियो । तर, त्यसको अबज्ञा गर्दै गणपति पोखरेलले तमु महोत्सवमा सैनिक परिचालन गरे । कार्यक्रममा सहभागी नेपाल समाचारपत्रका फोटो पत्रकार रबि मानन्धरको त्यो फोटो सोही बखत समाचारपत्रको प्रथम पृष्ठमा छापियो । उनी बेसीशहर आउँदा मसँग सामान्य भेट मात्र भएको थियो । तर, गणपतिले रबिको रिस म माथि पोखे । त्यसको २ दिनपछि गणमा बोलाए । म गएँ । तर फुर्सद छैन भनेर फर्काइदिए । भोलिपल्ट बेसीशहरस्थित उद्योग बाणिज्य संघको हलमा भएको एउटा कार्यक्रममा गणपति पनि आएका थिए र म पनि त्यहाँ सहभागी भएको थिएँ । त्यो फोटोको विषयलाई लिएर उनले मलाई त्यतिबेला बाहिर बोलाएर निकै झपारेका थिए । तर, रबिले मसँग समन्वय नगरी फोटो छापेको बताएपछि उनी केही शान्त भए । मैले त्यस घटनालाई पनि सामान्य लिएको थिएँ ।

तर फागुन ८ गते दिउँसो फेरि उनले ममाथि त्यस्तै व्यवहार गरे । त्यसको निहुँ थियो- नेपाल समाचारपत्रमा 'बाटो बनाउन जुटे माओवादी' सदरमुकाम आक्रमणको त्रास शीर्षकको दुई वटा समाचार छापेको । ती समाचार छापिएपछि २ दिनदेखि नै मलाई गणपति पोखरेलले खोजेका रहेछन् । मैले ढिलो थाहा पाँए । आइतबार बेलुका राति ८ बजे ब्यारेकमा फोन गर्दा उनले 'तपाईं सोमबार दिउसो १२ बजे सिडियो कार्यलयमा आउनुस्' भने । मैले उनको असय बुझिसकेको थिएँ । भोलिपल्ट

१२ बजे सिडियो कार्यालयमा जाँदा स्वयम् गणपति आएनन्। त्यसपछि म फर्केर प्रजातन्त्र दिवसको अवसर पारेर जिविस सभाहलमा आयोजित साँस्कृतिक कार्यक्रममा सरिक भए। त्यसै क्रममा कार्यक्रम शुरु भएका २ घण्टापछि ३ बजेतिर आफ्ना सेनानी (मेजर) प्रकाश देउजाकासाथ गणपति कर्णेल प्रकाश पोखेल पनि त्यहाँ आई पुगे। म त्यो कार्यक्रमको भिडियो खिचिरहेको थिएँ। त्यो खिच्दाखिच्दै म बाहिर निस्केको थिएँ। उनले त्यतिबेला आफ्नो आडमा रहेको अङ्गरक्षकसँग पत्रिका मगाएर एकाएक मलाइ हप्काउन थाले - तैले माओवादीको समाचार किन लेखिस् ? माओवादीले बाटो बनाउन् कि नबनाउन् तलाई के मतलब ? सदरमुकाम हान्दैछन् भनेर तैले किन लेख्नपऱ्यो ? प्रजातन्त्र दिवसको अवसरमा आयोजना गरेको कार्यक्रममा किन आइनस् तँ ख्यासे पत्रकार, मैले तँलाइ जे गर्न पनि सक्छु। चौथो अङ्ग भन्दैमा जे पनि गर्ने ? पुसमा फोटो छापेको पनि तैले हो ? रवि मानन्धरले तँसँग समन्वय नगरी फोटो छाप्छ ? आफ्ना सिपाहीलाई भैं घृणित व्यहार गर्दै यसरी गाली गर्दा त्यहाँ थुप्रै मानिस जम्मा भइसकेका थिए। सभाहलमा कार्यक्रम हेर्न आएका मान्छे पनि बाहिर निस्केर हेर्न थाले। मैले त्यसको प्रतिवाद गर्दै यो शोधने तपाँइको अधिकार होइन, मैले शान्ति सुरक्षालाई खलल् पुऱ्याएको छु भने मलाई सिडियोले स्पष्टिकरण लिनुपर्छ। यसरी सार्वजनिक कार्यक्रममा मलाई थर्काउने कुनै अधिकार छैन, यदि मैले गल्ती गरेको छु भने म जेल जान पनि तयार छु र गोली खान पनि। मैले त पत्रकारको धर्म मात्र निभाएको हुँ। माओवादीका जिल्ला प्रमुखले ३ हजार जनताकाबीच घोषणा गरेको कुरा मैले छाप्दा के हुन्छ ? म प्रजातन्त्र दिवसको कार्यक्रममा आउँ कि नआउँ यो तपाँइलाई आवश्यक सवाल पनि होइन ? तै पनि म त्यो कार्यक्रममा सहभागी भएको थिंए, भनेपछि उनले सिडियो त मैले भनेको केही कुरा पनि मान्दैन उसँग मेरो कुनै सरोकार पनि छैन भनेर सिडियोप्रति पनि रोष प्रकट गरे।

सिडियो कार्यालयका कर्मचारीले मलाई सुनाएअनुसार, गणपतिले मलाई जेलमा हाल्नका लागि सिडियोलाई भनेका थिएँ। तर सिडियो नमानेपछि उनी बोलाएको समयमा आफू स्वयम् नआएर यसरी सार्वजनिक कार्यक्रममा रोष प्रकट गरेका हुन्। जिल्लामा सक्रिय पत्रकारको संख्या निकै न्यून छ। एक जनालाई थर्काउने हो भने सबैलाई तर्साउन सकिन्छ भन्ने उनको मानसिकता हो। जिल्लामा पत्रकारहरूको संगठन निकै कमजोर छ। त्यसको फाइदा उठाउँदे उनले अझै पनि ममाथि जस्तो सुकै कार्य गर्न सक्छन्। मेरो ज्यान पनि जोखिममा छ। घरमा निकै तनाव बढेको छ। उनले मलाई अन्य थुप्रै मानसिक तनाव समेत दिएका छन्। तसर्थ, ती गणपतिमाथी कारवाहीका साथै मेरो सुरक्षाका लागि उचित कदम चालिदिनुहुन म सभापतिज्यूसमक्ष हार्दिक अनुरोध गर्दछु।

**बोधार्थ : नेपाल पत्रकार महासंघ, लमजुङ**

*गणेश पाण्डे,*
*सदस्य नेपाल पत्रकार महासंघ*
*लमजुङ शाखा*

अनुसुची - १०

# नेपाल पत्रकार महासंघ

केन्द्रीय समिति

सञ्चारग्राम, काठमाडौं

पत्र संख्या:
च.नं.:

मिति: ०६३।४।२९

## प्रेस विज्ञप्ति

विगत केही दिनदेखि अधिराज्यका विभिन्न स्थानहरुमा पत्रकार एवं आमसञ्चार माध्यमहरुमाथि श्रृंखलावद्ध रुपमा भइरहेका धम्की एवं आक्रमणका घटनाहरुप्रति महासंघको गम्भीर ध्यानाकर्षण भएको छ ।

साउन २८ गते लहानवाट प्रकाशित हुने नवजागृति साप्ताहिकका उपसम्पादक शुभक महतोलाई हतियारधारी सैनिक र विना हातहतियारका माओवादीवीच हात मिलाउँदै गरेको तस्वीर खिच्न खोज्दा सेनाले गाली गर्दै क्यामेरा खोसेर फोटो मेटाउन धम्की दिएको घटनाको महासंघ भर्त्सना गर्दछ ।

त्यस्तै नेपाल एफ एम सँग सम्वद्ध पत्रकार ध्रुव दङ्गाल, सगरमाथा एफ एम का टीकाराम दाहाल र सिन्धु सन्देश साप्ताहिकका दिनेश थापा एसएलसीको पूरक परीक्षाको समाचार संकलन गर्न गएको अवस्थामा श्रीकृष्ण उच्च माध्यामिक विद्यालय, सिन्धुपाल्चोकमा यही साउन २७ गते त्यहाँ तैनाथ प्रहरीद्वारा अभद्र व्यवहार गरिएको घटनाको पनि महासंघ निन्दा गर्दछ ।

नेपाल पत्रकार महासंघ काभ्रे शाखाका साधारण सदस्य एवं चेष्टा साप्ताहिकका कार्यकारी सम्पादक रामशरण बजगाईंलाई पत्रिकामा प्रकाशित समाचारलाई लिएर माओवादीका दाप्चा एरिया इन्चार्ज भोला अर्यालले साउन १७ गते जनअदालतमा उपस्थित हुन दवाब दिएको घटनाको महासंघ निन्दा गर्दछ

लोकतान्त्रिक आन्दोलनमा सशक्त एवं अग्रणी भूमिका खेल्ने नेपाली आमसञ्चार क्षेत्रमाथि लोकतान्त्रिक शासनकालमा पनि पटक-पटक आक्रमण एवं दूर्व्यवहार हुनु अत्यन्त दूर्भाग्यपूर्ण एवं निन्दनीय छ । तसर्थ प्रेस स्वतन्त्रताको निर्वाध उपयोग गर्ने वातावरण एवं प्रेस र पत्रकारको सुरक्षाको प्रत्याभूति गर्न महासंघ सरकारसमक्ष जोडदार माग गर्दछ । त्यसैगरी माओवादीलाई पनि प्रेस स्वतन्त्रताप्रतिको लिखित प्रतिवद्धताप्रति प्रतिवद्ध रहन र यस्ता घटनाहरु भविष्यमा नदोहोर्‍याउन महासंघ गम्भीर ध्यानाकर्षण गराउंदछ ।

महेन्द्र विष्ट
महासचिव

फोन नं.: ००९७७-१-४-४२३८७३, ४-४१००६३, फ्याक्स: ४-४१००८५, इमेल: fnjnepal@mail.com.np, Hotline: 4-475323 Websitte: www.fnjnepal.org

# सन्दर्भ सामग्री


- अनौपचारिक सेवा केन्द्र (सन् २००६); **नेपाल मानवअधिकार वर्षपुस्तक २००६** काठमाडौं : इन्सेक ।
- उप्रेती, विष्णुराज (वि.सं.२०६१); **द्वन्द्व व्यवस्थापनका सिद्धान्त र बिधिहरू;** काठमाडौं : भृकुटी एकेडेमिक पब्लिकेसन्स ।
- कसजू, विनयकुमार (वि.सं.२०६१); **पत्रकारको अधिकार र जिम्मेवारी,** काठमाडौं : संचार अधिकार केन्द्र र मिडिया सर्भिसेज इन्टरनेशनल ।
- खनाल, मोदनाथ (वि.सं.२०६३); **इतिहासको कहाली लाग्दो वर्ष २०६२ को दैनिक डायरी**, काठमाडौं : नेपाल व्यवसायिक पत्रकारिता तथा सञ्चार अध्ययन प्रतिष्ठान ।
- गुरुङ, हस्त (सन् २००४), **शान्तिका लागि पत्रकारिता ; अवधारणा र अभ्यास**; ललितपुर : खोज पत्रकारिता केन्द्र हिमाल एसोसिएसन ।
- गाउँले, शिव (सम्पा.) (सन् २००६); **प्रेस स्वतन्त्रता सङ्कटका एक वर्ष**, काठमाडौं : नेपाल पत्रकार महासंघ ।
- **जेनेभा महासन्धिहरू (सन् १९४९); तिनीहरूका प्रथम र द्वितीय आलेखहरू** (सन् १९७७); काठमाडौं : इन्सेक ।
- मानव अधिकार तथा प्रजातान्त्रिक अध्ययन केन्द्र (सेहुर्डेस) (सन् २००४); **प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको स्थिति नेपाल प्रतिवेदन** काठमाण्डौं : सेहुर्डेस ।
- भट्टराई, रवीन्द्र (सम्पा.); (व.सं.२०६३); **द्वन्द्व रूपान्तरणका लागि शन्तिका पत्रकारिता : प्रशिक्षण-पुस्तिका**; काठमाडौं : कानुन अन्वेषण तथा स्रोतविकास केन्द्र (सेलर्ड) ।
- बन्दुकको बोझ (सन् २००४); **जनजीवनमा हिंसात्मक द्वन्द्वको असरसम्बन्धी खोजपूर्ण रिपोर्ताज;** काठमाडौं : खोज पत्रकारिता केन्द्र ।
- **प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको स्थिति** नेपाल प्रतिवेदन २००४ (सेहुर्डेस) ।
- प्रधान; गौरी (वि.सं.२०५९); **बालबालिका र शान्ति** काठमाडौं : बाल सरोकार केन्द्र (सिविन) ।
- प्रेस काउन्सिल (वि.सं.२०५५); **नेपाल नेपाली पत्रकारिताको विकासक्रम** काठमाडौं : प्रेस काउन्सिल नेपाल ।
- विष्ट, महेन्द्र (सम्पा.) (वि.सं.२०६०); **सङ्कटकालमा नेपाली प्रेस;** काठमाडौं :नेपाल पत्रकार महासंघ ।
- विष्ट, हेमबहादुर (वि.सं २०६२); **सशस्त्र द्वन्द्वमा समाचार सङ्कलन नेपाली पत्रकारहरूको अनुभव** काठमाडौं : मिडिया सर्भिसेज इन्टरनेसनल (एमएसआई) ।
- मिडिया सर्भिसेज इन्टरनेशनल (एमएसआई); वि.सं.२०६०); **मोफसलका पत्रकार,** पत्रकारिता
- अध्ययन समूह; रत्नराज्य लक्ष्मी क्याम्पस, सर्वेक्षण प्रतिवेदन काठमाडौं :(एमएसआई) ।
- रेग्मी; निमेष : (वि.सं २०६२); **छापामा सेन्सरसीप र यसको असर;** काठमाडौं : शोधपत्र ।
- Bhattarai, Binod**, Nepali Press under emergency** (a survey of first six months); center for investigative journalism , 2004 .
- **Coup kings and censorship** international federation of journalist 2005.
- McQuail, Dennis, **mass communication Theory**, Sage publication, New dalhi 2000.
- Reporters Without Boarders, www.rsf.org .
- International Federation of Journalists, www.ifj.org.
- International Journalists Network, www.ijnet.org.
- Norwegian Forum for Freedom of Expression www. beaconforfreedom.org.
- Nepali press during state of emergency, federation of Nepalese journalist (FNJ).